# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्रमिला उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि गरिएको छ ।

## १.३ समस्याकथन

नेपाली साहित्यले दुई दशक समयावधि पूरा गरिसकेकी साहित्यिक यात्रामा प्रमिला उप्रेती नेपाली कथा, कविताका क्षेत्रमा विशिष्ट स्थान राख्न सफल रहेकी छन् । कवयित्री प्रमिला उप्रेतीद्वारा रचिएका साहित्यिक कृतिहरू गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले महत्त्वपूर्ण रहेका छन् । उनी विभिन्न विधामा कलम चलाएर प्रख्यात छिन् । यसभन्दा पूर्व व्यवस्थित तथा विस्तृत रूपमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको पाइँदैन । तसर्थ उनका बारेमा विस्तृत अध्ययन गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूसँग सम्बद्ध रहेको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) प्रमिला उप्रेतीको जीवनी केकस्तो छ ?

(ख) प्रमिला उप्रेतीको व्यक्तित्व केकस्तो छ ?

(ग) प्रमिला उप्रेतीको कृतित्वहरू केकति र केकस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या-विश्लेषणका लागि शोधकार्य प्रस्तुत गरिएको छ ।

## १.४ शोधकार्यका उद्देश्यहरू

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) प्रमिला उप्रेतीको जीवनीको निरूपण गर्नु,

(ख) प्रमिला उप्रेतीको व्यक्तित्वको निरूपण गर्नु,

(ग) प्रमिला उप्रेतीका कृतित्वको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको रचना क्षेत्रमा संलग्न प्रमिला उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यसभन्दा अगाडि खास अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । यसैले नेपाली साहित्यको इतिहासलेखन र समालोचनाका क्रममा केही लेखकहरूले उनको साहित्यिक योगदानका बारेमा छिटफुट रूपमा मात्र चर्चा गरेको पाइन्छ । ती पूर्वकार्यहरूलाई वर्णानुक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रमिला उप्रेतीद्वारा रचित **डढेलो** (२०६३) कवितासङ्ग्रहको बाहिरी आवरणमा प्रमिला उप्रेती नेपाली साहित्यमा समकालीन पुस्ताकी सशक्त हस्ताक्षर हुन् । उनका कवितामा नारी संवेदना, नारी जागरण र नारी चेतनाका स्वरको त्रिवेणी पाइन्छ । साथै मानवीय मूल्यका बिम्बहरू पस्कने क्रममा पनि उनका कविताहरू सक्रिय देखिन्छन् । तीसको दशकदेखि नै नेपाली साहित्यमा प्रविष्ट प्रमिला उप्रेतीको काव्यात्मक व्यक्तित्वले सङ्ख्यात्मकता भन्दा गुणात्मकतालाई अँगालेको पाइन्छ । यसै क्रममा उनको डढेलो कवितासङ्ग्रह नेपाली वाङ्मयका क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाउनेछ भनी लेखिएको छ ।

**डढेलो** (२०६३) कवितासङ्ग्रहमा प्रकाशनका तर्फबाट नइ प्रकाशनले उक्त सङ्ग्रहको गहन अध्ययन गरी नेपाली भाषाको अर्चना गर्ने सम्पूर्ण भाषासेवीहरूलाई वन्दना गर्दै आफ्नो शुभेच्छा प्रकट गर्ने क्रममा यस सङ्ग्रहले नेपाली साहित्यमा पुऱ्याएको योगदानले महत्त्वपूर्ण स्थान ओगट्न सफल तथा तत्कालीन अवस्थामा यो कवितासङ्ग्रह र कवयित्री प्रमिला उप्रेती चर्चित रहेकी र तीसको दशकदेखि काव्यसिर्जनामा आफूलाई उभ्याउन सफल रहेकी भनी पुष्टि गरेको छ ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले उप्रेतीका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि उनको जीवनी, व्यक्तित्व र कृत्वित्वको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यस शोधकार्यमा उप्रेती र उनका कृतिहरूको विस्तृत विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार प्रमिला उप्रेतीलाई नेपाली साहित्यमा चिनाउने प्रयास गरिएको छ । उनलाई यस क्रममा नेपाली साहित्यको विकासमा उनले दिएको

योगगदानलाई व्यवस्थित रूपले प्रस्तुत गर्ने जमर्को गरिएको छ । यसै क्रममा नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान पु¥याउने व्यक्तिको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा अध्ययन तथा अनुसन्धान गरी प्रमाणित विषय मात्र समेटिएको हुनाले यिनका बारेमा अध्ययन तथा अनुसन्धान गर्न चाहने जोसुकैलाई पनि यसबाट वस्तुगत जानकारी उपलब्ध हुनेछ । उनका बारेमा आजसम्म विस्तृत अध्ययन तथा अनुसन्धान हुन नसकेको अवस्थामा यस शोधकार्यको औचित्य स्वतः स्थापित भएको छ ।

## १.७ क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा प्रमिला उप्रेतीको जीवनी, व्यक्तित्व तथा कृतित्वका विविध पक्षको अध्ययन गरिएको छ । त्यसै प्रकारले उनका प्रकाशित महत्त्वपूर्ण पुस्तकाकार कृतिहरूको परिचयात्मक र विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्दै उनका प्रकाशित कृतिहरूको पनि परिचय दिने काम गरिएको छ । अन्य रचनाहरूका साथै प्राप्त जानकारीअनुसारको रचनाहरूमाथि प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

## १.८ सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्रको तयारीका लागि पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यस क्रममा साहित्यकार प्रमिला उप्रेतीका कृतिहरू तथा उनका बारेमा लेखिएका सूचनात्मक अन्तर्वार्ता तथा भेटवार्ताद्वारा आवश्यक सामग्री जुटाइएको छ । त्यसका अतिरिक्त उनका घर परिवारका सदस्य तथा समवर्ती कवयित्री श्रीमती इन्दिरा प्रसाईँ र साहित्यकार नरेन्द्र प्रसाईँसँग उनको निकट सम्बन्ध रहेकाले यी व्यक्तिहरूसँग पनि सामग्री लिइएको छ । उनले लेखेको भूमिका तथा मन्तव्यलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको विश्लेषणको प्रमुख आधार जीवनीपरक र कृतिपरक समालोचनालाई बनाइएको छ । यहाँ परम्परित, सैद्धान्तिक तथा व्यावहारिक समालोचना पद्धतिको समेत उपयोग गरेर तथ्यपरक र वस्तुनिष्ठ तरिकाले अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसार परिच्छेद विभाजन गरेर शीर्षकहरू राखिएको छ :

प्रथम परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : प्रमिला उप्रेतीको जीवनीको अध्ययन

तेस्रो परिच्छेद : प्रमिला उप्रेतीको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : प्रमिला उप्रेतीको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार

उपर्युक्त पाँच वटा परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरेर यो शोधकार्य पूर्ण गरिएको छ ।

# दोस्रो परिच्छेद

# साहित्यकार प्रमिला उप्रेतीको जीवनी

## २.१ पृष्ठभूमि

व्यक्तिगत जीवन भोगाइका क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नु मोटामोटी जीवनीको अर्थ हो । जीवनीको इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो कल्पना प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्छ । अतः "मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाचक्रलाई सामान्यतः जीवन, जिन्दगानी वा जिन्दगी भनिन्छ । त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ ।"[१] यस्तै कुनै पनि व्यक्तिविशेषका जीवनको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचना नै जीवनी हो । यसरी कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुतीकरण नै जीवनीको मूल मर्म हो । जीवनीमा जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनको अनुभूतिलाई स्थापित गरिनुपर्छ । जन्मदेखि अन्तसम्म उसले गरेका कार्यसेवा, उनको शिक्षादीक्षा, संस्कार कार्यहरू, आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक गतिविधि, साहित्यिक क्रियाकलाप र उसका मान्यता तथा धारणाजस्ता जीवनसँग सम्बन्धित विविध पक्षहरूको अध्ययन जीवनीअन्तर्गत गरिन्छ । प्रस्तुत शीर्षकअन्तर्गत साहित्यकार प्रमिला उप्रेतीको जीवन चक्रसँग सम्बन्धित घटनालाई अध्ययन गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

विशेष रूपमा कवयित्री भनेर परिचित साहित्यकार प्रमिला उप्रेतीको जन्म वि. सं. २०११ साल माघ १९ गते मङ्गलवार, तद्नुसार १ फरवरी सन् १९५५ मा भएको हो । समयको सन्दर्भमा रातको ९:३० बजे नवमी तिथिका दिन उनी आफ्ना मातापिताको आश्रयमा उदाएकी थिइन् । उनका बुबा षडानन्द उप्रेती र आमा सतीदेवी उप्रेती (खरेल) हुन् । सतीदेवीको कोखबाट पहिलो सन्तानका रूपमा उनले जन्म लिएकी थिइन् ।[२] उनको जन्म बागमती अञ्चलको काभ्रे जिल्लामा पर्ने जुम्लुङ्टार गा. वि. स. मा भएको हो ।

## २.३ दाजुभाइ तथा दिदीबहिनीहरू

परिवारका अन्य सदस्यहरूमा उनका भाइहरू तीन जना क्रमशः अशोक कुमार, आत्मराम र कृष्ण उप्रेती रहेका छन् । बहिनीहरू निशा उपनामले चिनिने बफा, सुमन

---

[१] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौँ : साझा प्रकाशन, २०४४), पृ. २८ ।

[२] प्रमिला उप्रेतीसँग प्रत्यक्ष रूपमा लिएको प्राप्त जानकारीअनुसार ।

उपनामले चिनिने राजी, सुरज उपनामले चिनिने नवीना रहेका छन् । सात जना छोराछोरीको जन्मले आफ्नो कोख सार्थक भएकोमा गौरव गर्ने सतीदेवी उप्रेतीलाई तीनवटी छोरीको मृत्युले निकै गहिरो चोट पुऱ्याएको देखिन्छ ।[३]

## २.४ बाल्यकाल

आफ्ना सहयोगी मित्रहरूबीचको न्यानो मायासँगै काभ्रेमा उनको बाल्यकाल व्यतीत भएको थियो । बालक अवस्थामा जुम्लुटारस्थित आफ्नै घरको सेरोफेरोमा उनी रमाउँथिन् । छरछिमेकका समान उमेरका साथीभाइसँग खेल्ने गरेको कुरा बताउँछिन् ।[४] त्यस क्षेत्रको रमणीय प्राकृतिक शोभामा लठ्ठ पर्थिन् । सबै साथीका बीचमा उनी अग्रणी थिइन् । सबैमा मिलनसार भएर उनको बाल्यकाल बितेको पाइन्छ ।

## २.५ शिक्षादीक्षा र अक्षरारम्भ

हाम्रो आध्यात्मिक तथा धार्मिक परम्परा अनुसार श्रीपञ्चमी अथवा कुनै पनि शुभ दिनमा निश्चित उमेरमा बालबालिकालाई अक्षर आरम्भ गराउने प्रचलन रहेको छ । त्यसैअनुरूप प्रमिला उप्रेतीको अक्षरारम्भको सन्दर्भ जोडिएको पाइन्छ । छ वर्षको उमेरमा एउटा शुभ दिनको शुभमुहुर्तमा बुबा षडानन्द उप्रेतीले छोरीलाई अक्षर पढ्ने, चिन्ने र लेख्ने कुराको आरम्भ गरेका थिए । उनलाई बाल्यकालमा घरमा प्रकाश भनेर बोलाइन्थ्यो । साच्चै नै उनी प्रकाश जस्तै चहकिली थिइन् । उनका बुबाले यही प्रकाश नामबाट जुम्लुटारमा प्रकाश प्राथमिक विद्यालयको स्थापना गरेका थिए । त्यही प्रकाश प्राथमिक विद्यालयमा कक्षा १ मा भर्ना भएर उनले प्राथमिक शिक्षा प्रारम्भ गरेकी थिइन् । त्यसपछि उनी माध्यमिक तहको अध्ययनका लागि काभ्रे मै अवस्थित श्री फलाटे माध्यमिक विद्यालयमा प्रवेश गरिन् । संयोगवश बुबाआमा बसाइँ सरी विराटनगर जानु भएकोले 'केटाकेटीका लागि जहाँ आफ्ना बुबाआमा त्यही घर' भने झैँ उनी पनि बुबाआमासँगै विराटनगर पुगिन् । विराटनगरस्थित श्री बालिका माध्यमिक विद्यालयमा कक्षा ६ मा भर्ना भएकी प्रमिलाले कक्षा ९ उत्तीर्ण गरेकी थिइन् । त्यसपछि श्री महेन्द्र माध्यमिक विद्यालय विराटनगरबाट वि. सं. २०३० सालमा उनले एस्.एल्.सी. उत्तीर्ण गरेको उनी बताउँछिन् । उनको हुने विरुवाको चिल्लो पात भनेझैँ शिक्षामा प्रगति हुँदै गएको देखिन्छ ।

---

[३] ऐजन ।

[४] ऐजन ।

### २.५.१ उच्चशिक्षा

प्रमिला उप्रेतीले उच्च शिक्षा अध्ययन महेन्द्र मोरङ्ग क्याम्पसबाट वि. सं. २०३२ मा सालमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकी थिइन् । उनी छिमेकी मुलुक भारतको राजधानी दिल्ली पुगेको बताउँछिन् ।[५] त्यहाँ उनले दिल्ली विश्व विद्यालयबाट पत्रकारिता विषयमा सन् १९९० मा स्नातक तह तृतीय श्रेणीमा उत्तीर्ण गरिन् । त्यसपछि उनले सिमलास्थित हिमाञ्चल विश्व विद्यालयबाट हिन्दी विषयमा सन् १९९३ मा स्नातकोत्तर तह तृतीय श्रेणीमा उत्तीर्ण गरिन् ।

## २.६ विवाह तथा सन्तान

भारतको दिल्लीमा स्टेट बैङ्क अफ इन्डियामा कार्यरत नेपालको गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, चिन्नेवास बलिकोट निवासी रघुनाथ वाग्लेका कान्छा छोरा टीकाराम वाग्लेसँग वि. सं. २०३० मा उनको मागी विवाह सम्पन्न भएको थियो । आद्य वैवाहिक विधिद्वारा आफ्नो विवाह सम्पन्न भएको उनी बताउँछिन् ।[६] उनको पहिलो सन्तानका रूपमा २०३४ सालमा छोरा श्याम वाग्लेको जन्म भएको थियो । २०३५ चैत्र ३० गते जुम्ल्याहा छोरी भूमिका र नीतिकाको जन्म विराटनगरमा भएको थियो । यसरी सन्तानका रूपमा उनका दुई छोरी र एक छोरा रहेका छन् ।

उनकी जेठी छोरी भूमिकाको विवाह पदमबहादुर भण्डारीसँग भइसकेको छ । नीतिका काठमाडौँमा कक्षा ९ मा अध्ययन गर्दैछिन् भने छोरा श्याम अमेरिकामा अध्ययन र आयआर्जन दुवै कार्यमा संलग्न रहेका छन् । यसरी उनको दाम्पत्यजीवन तथा पारिवारिक जीवन सुख-दुःखको सम्मिश्रणमा व्यतीत भइरहेको छ ।

## २.७ दाम्पत्य जीवन

पारिवारिक जीवन भनेको एक किसिमले दुःख र सुखको सम्मिश्रण हो । प्रमिला उप्रेतीको जीवन पनि दुःखसुखको आरोह-अवरोहमा गुज्रिरहेको छ । उनको दाम्पत्य जीवनको पछिल्लो समय दुःख-सुखमा नै व्यतीत भइरहेको छ । उनका श्रीमान् टीकाराम वाग्लेले दोस्रो विवाह गरेका कारणले प्रमिला उप्रेतीले नारी स्वाभिमानलाई सुदृढ बनाउँदै सम्बन्ध विच्छेद गरिन् । एक्लो जीवन पनि जिउन सकिन्छ भन्ने दृढ विश्वास मनमा लिएर उनी आफ्नै बुबाको घर काठमाडौँमा बसिरहेकी छिन् । उनको सम्बन्धविच्छेद हुनुको कारण श्रीमान्को दैनिक कटुवचनको प्रहार असह्य भएको कुरा उनी बताउँछिन् ।[७]

---

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

## २.७ आर्थिक अवस्था

प्रमिला उप्रेती एक प्रतिष्ठित परिवारमा जन्मेकी छोरी हुन् । उनका बुबा आरम्भमा मध्यमस्तरीय परिवारका व्यक्ति हुन् । प्रमिला उप्रेतीको विवाह सानै उमेरमा भएकाले र श्रीमान्को दिल्लीमा साधारण जागिर मात्र हुँदा न्यून आयआर्जन भएकाले बुबाको जस्तै मध्यम स्तरीय आर्थिक अवस्था भएको पाइन्छ । श्रीमान्सँग सम्बन्धविच्छेद भइसकेपछि उनी काठमाडौं रातोपुलमा बुबाकै घरमा बसोबास गर्दछिन् । उनको आयआर्जनको स्रोत सामान्य छ । छोरो अमेरिकामा आयआर्जनमा संलग्न भएकाले उच्च मध्यम स्तरीय आर्थिक अवस्थामा उनको जीवन चलिरहेको छ । श्रीमान्सँग विचार नमिलेका कारणले सम्बन्धविच्छेद भएपछि श्रीमान्को कमाइप्रति उनी लालायित छैनन् । उनी आत्मनिर्भर भएकी छिन् । अत्यावश्यक प्राविधिक उपकरणहरू आफ्नै कमाइले किन्न सक्षम भएकी छिन् ।

## २.८ पेसा

प्रमिला उप्रेतीले सर्वप्रथम वि. सं. २०२९ मा हुलाकमा टाइपिस्ट पेसामा संलग्न भएर काम गरेकी थिइन् । मासिक रु. २५ तलब खाएर उनले काम गरेको बताउँछिन् । त्यसपछि २०२९ सालदेखि रेडियो नेपालमा सञ्चालिकाका रूपमा वर्तमान समयसम्म काम गर्दै आइरहेकी छिन् ।[८] उनले पेसामा संलग्न हुने सन्दर्भमा विराटनगरमा राहुल र भक्तराज आचार्य भन्ने विद्यार्थीलाई गृह अध्ययन (ट्युसन) गराएको पाइन्छ ।

## २.९ धार्मिक दृष्टिकोण

ठाउँ, समय परिस्थितिको सेरेफेरो र सङ्गतअनुसार मानिसको आस्था विकसित भएको हुन्छ । भौतिकवाद र आध्यात्मवादले संसारका मानिसलाई गाँजेको पाइन्छ । प्रमिला उप्रेतीको भित्री मनको आस्था धर्मप्रति ढल्केको पाइन्छ । उनी धार्मिक विचारमा अटल पनि थिइन् । बाल्यकालमा बुबाआमाबाट पढिने गरेका **रामायण** र **महाभारत**का कथाबाट उनी भित्र धार्मिक दृष्टिकोणको बीजारोपण भएको थियो । यही बीऊ उम्रिएर उनको जीवनसँगै फस्टाएको पाइन्छ । उनको विचारमा धर्मले कसैको कुभलो चिताउँदैन । मानिस ईश्वर र धर्मसँग सदैव आबद्ध रहन्छ । मानिसको भित्री आत्मामा जुन सत्य हुन्छ, त्यो नै परमात्मको अंश हो । धर्म भनेको ईश्वरप्रतिको आस्था पनि हो । धर्मले कसैको कुभलो गर्दैछ । बदलामा मानवीय भावनालाई प्रशोधन गरेर कञ्चन बनाउँछ । नैतिक निष्ठावान् बनाउँछ । त्यसैले सबैको आफ्नो दृष्टिकोण धार्मिक बनाउनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । उनी प्रत्येक दिन नुवाइधुवाइ गरी

[८] ऐजन ।

आफ्ना इष्टदेवदेवीको पूजा-आराधनामा आफ्नो समय खर्च गर्दछिन् । पीपलमा पानी चढाउने, मन्दिरमा गएर ईश्वरप्रति आस्था राख्ने, व्रत बस्ने कार्यमा उनी अग्रणी थिइन् र सकेसम्म आफू त्यसतर्फ संलग्न पनि रहिन् । धर्म मानवकल्याणका लागि मानवले नै आस्था राखेको हो भन्ने कुरामा आफू विश्वस्त रहेको कुरा बताउँछिन् ।[९]

## २.१० कार्यक्षेत्र

### २.१०.१ कार्यालयीय सेवा

प्रमिला उप्रेती सरकारी जागिरेका रूपमा सर्वप्रथम हुलाक सेवामा नियुक्त भएकी हुन् । हुलाकमा टाइपिस्ट पदमा रहेर उनले सेवा गरेकी थिइन् । उनी विराटनगरमा वि.सं. २०३० सालमा प्रवीणता प्रमाण पत्र तहमा क्याम्पसमा अध्ययन गर्दै थिइन् । पहिले नै उनले टाइप गर्ने कला सिकी सकेकी हुनाले विराटनगरको क्याम्पसरोडमा रहको निर्देशन हुलाकमा नियुक्त हुने अवसर उनले पाइन् । कार्यालयीय सेवाको सन्दर्भमा उनले अन्य पेसा नअँगालेको पाइन्छ ।[१०]

### २.१०.२ राजनैतिक संलग्नता

प्रमिला उप्रेती कुनै पनि राजनैतिक दलमा आबद्ध भएर सक्रिय बनिनन् । उनी बी.पी. को समाजवादी अवधारणा र प्रजातान्त्रिक चिन्तनप्रति प्रमिला प्रभावित भएको बताउँछिन् ।[११] यसै प्रभावबाट आफू शुद्ध मानवतावादी विचारको परिधिमा रमाउन चाहन्छिन् । उनी कवयित्री हुन् । आफ्ना कविता अथवा कृतिका माध्यमबाट सबैमा शुद्ध प्रजातान्त्रिक एवम् मानवतावादी विचार उमार्न चाहन्छिन् । मानवले मानवका लागि गरेका उल्लेखनीय मानवीय कार्यप्रति उनी सकारात्मक रहेकी छन् । उनी साहित्यकार भएर बाँच्न चाहन्छिन् । उनी साहित्यकै बाटोबाट सबैलाई मानवतावादको उचाइको पहिचान गराउन चाहन्छिन् ।

### २.१०.३ संस्थागत संलग्ना

प्रमिला उप्रेती विभिन्न संघ संस्थामा आवद्ध भएर काम गरेकी छन् । नेपाल सरकारको मातहतमा रहेको रेडियो नेपालमा २०३१ सालमा उनी आबद्ध रही वर्तमानसम्म पनि काम गर्दै आइरहेकी छन् । विभिन्न समयमा साहित्यिक विधाको प्रसारण रेडियो नेपालबाट गर्ने कार्यमा उनको संलग्नता रहेको छ । त्यसैगरी उनी काठमाडौं स्थित अर्को संस्था त्रिमूर्ति निकेतनको चौतर्फी विकासका लागि विविध अवसरमा उनले साहित्यिक कार्यक्रमहरूको आयोजना गर्ने

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

गरेको पनि पाइन्छ । उनी विराटनगरमा अवस्थित भानुकला केन्द्र नामक संस्थामा पनि उनी आबद्ध रहेको बताउँछिन् ।[१२]

## २.११ भ्रमण

प्रमिला उप्रेती बालककालदेखि नै विभिन्न सन्दर्भसँग गाँसिएर विभिन्न स्थलको भ्रमण गरेकी छन् । काभ्रेको जुम्लुङटारबाट बुबाआमा विराटनगर बस्न गएपछि काभ्रेदेखि विराटनगरसम्म उनको लागि पहिलो भ्रमण बनेको थियो । घर छोडेर टाढासम्म विभिन्न वातावरणयुक्त ठाउँहरू पार गर्दै बसले सडकको छाती चिरेको रमाइलो दृश्य हेर्दै विराटनगर पुग्दा उनले नयाँ अनुभव हासिल गरिन् । बाटामा पर्ने नौलानौला ठाउँको रमणीय प्राकृतिक दृश्यावलीले उनलाई लोभ्यायो । भ्रमणबाट राम्रो र उपलब्धि मूलक शिक्षा हासिल गर्न सकिदो रहेछ भन्ने कुराको पहिलो अनुभव उनले गरिन् । घुमेर केही जान्नुपर्छ भन्ने  विचारको बीजारोपण उनमा भयो । उनी त्यसै सिलसिलामा दिल्ली पुगिन् । भारतको विशाल राजधानी सहर दिल्लीले उनको मनमा अनेकन उत्साहहरू पैदा भयो । उन्नति र विकासले कुनै पनि मुलुकको कुनै पनि ठाउँलाई सिँगार्दो रहेछ । आधुनिक वैज्ञाानिक उन्नतिले मुलुकहरूलाई विकसित बनाउँदो रहेछ भन्ने कुराको ज्ञान दिल्लीको बसाइमा उनले प्राप्त गरिन् । उनी अध्ययन कै सन्दर्भमा गाँसेर भारतको अर्को सुन्दर पहाडी भूभाग हिमालचल प्रदेशको सिमलामा पुगिन् । त्यहाँ अवस्थित हिमाचल विश्वविद्यालयमा अध्ययन गर्दा आफ्नो सम्बन्धित कोर्सको अध्ययनमा मात्र सिमित रहिनन् । परिवेशको सामाजिक, भौतिक र आर्थिक अवस्थाको पनि उनले अध्ययन गरिन् । मानवका लागि मानवीय सहयोग आवश्यक छ भन्ने कुरा उनले महसुस् गरिन् । भर्खरै उनी भारतको हरिद्वार क्षेत्र भ्रमण गरेर आएकी छन् । नयाँ ठाउँ नयाँ अनुभवलाई आफ्नो साहित्य संरचनाको सेरोफेरोमा समेट्नु उनको लक्ष्य रहेको छ ।[१३]

## २.१२ सम्मान तथा पुरस्कार

प्रमिला उप्रेती एक निस्वार्थ सेवाको भावना भएकी प्रतिभा हुन् । उनी कुनै सेवा र संरचनाबाट पुरस्कार पाउँला भन्ने चासोसम्म राख्तिन थिइन् । तर पनि उनले विभिन्न समयमा विभिन्न निकायबाट पुरस्कार प्राप्त गरको देखिन्छ । उनले बाल्यवस्थामा काभ्रेको जुम्लुटार स्थित प्रकाश प्राथमिक विद्यालयमा अध्ययन गर्दा विद्यालयमा भएको कविता वाचन प्रतियोगितामा दोस्रो स्थान हासिल गरेर प्रमाण पत्र पाएकी थिइन् । कलेजस्तरको अध्ययनमा उनले प्रशंसनीय साहित्यिक सफता हासिल गरिन् । वि.सं. २०३१ सालमा कविता वाचन

[१२] ऐजन ।

[१३] ऐजन ।

प्रतियोगितामा प्रथम स्थान हासिल गरेर प्रमाण पत्र सहित पुरस्कार प्राप्त गरेकी थिइन् । उनले वि.सं. २०५९ सालमा महत्त्वपूर्ण भानु मोती पुरस्कार प्राप्त गरेको देखिन्छ ।[१४] भारतको दिल्लीमा बसेको समयमा एकपटक नेपाली भाषाको कदर भारतमा पनि हुनुपर्छ भन्ने सन्दर्भमा प्रवासी नेपालीहरूले भाषिक आन्दोलन चलाएका थिए । त्यहाँ उनका रचनाको कदर गर्दै भाषिक आन्दोलन समितिले सम्मान गरेर सन् १९९० मा पुरस्कार पनि प्रदान गरेको थियो ।

## २.१३ धारणा वा मान्यता

प्रमिला उप्रेती एक नारी स्रष्टा हुन् । नारी अस्मिता र स्वतन्त्रतामा नारीले बाँच्न पाउनुपर्छ भन्ने उनको धारणा रहेको छ । "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता" अथवा जहाँ नारीको सम्मान हुन्छ त्यहाँ देवता पनि प्रसन्न हुन्छन् भन्ने उक्तिअनुसार परिवार समाज र राष्ट्रमा नारीको सम्मान अपरिहार्य छ भन्ने उनको धारणा रहेको छ । नारीहरूको सम्बन्धमा उनी निकै सुदृढ देखिन्छिन् तर उनी नारी हकको लागि मात्र आपत्ती गर्दिनन् । नारी स्वयम् पनि सक्षम र आत्मनिर्भर हुनुपर्छ यसका लागि पुरुषहरूले गर्न सक्ने कार्यमा नारीहरूको प्रभावकारी र पुरुष सरह सक्षम हुनुपर्दछ । चुलोकेन्द्री र घरका स-साना कामहरूमा सीमित भएर आफूलाई पछाडि पार्नु हुँदैन । नारी र पुरुषका बीचमा प्रकृतिले भिन्नताका रेखा कोरेका छन् तैपनि पुरुषसँग प्रतिस्पर्धा र सहकार्य दुवै नारीले गर्न सक्नुपर्दछ । आफू कसरी सक्षम र सशक्त भएर अधि बढ्नु पर्दछ भन्ने कुरामा नारी हरदम चिन्तनशील रहनुपर्दछ । उनी आफ्नो उन्नतिमा नारी आफैँ जुटौँ भन्ने धारणा रहेको बताउँछिन् ।[१५]

प्रमिला उप्रेती जीवन जगत्को बारेमा पनि प्रष्ट धारणा राख्ने साहित्यिक व्यक्तित्व हुन् र उनको विचारमा मानवजीवन चिन्तनशील छ । चिन्तनको दुरूपयोगले मानिसले आफैलाई पीडादायी बनाउँछ । जीवन भनेको एउटा प्रक्रिया हो । जीवनमा जन्म र मृत्यु स्वभाविक प्रक्रिया हुन् । सिङ्गो सृष्टि प्राकृतिक नियम हो भन्ने प्रकृति र जीवनजगत्सम्बन्धी उनको धारणा रहेको छ । मानिसले आफ्नो भविष्य निर्माण गर्न आफै सक्षम हुनुपर्दछ । जीवन भनेको आरोह अवरोहको क्रम हो र परस्परमा हातेमालो गर्दै अघि बढ्नु पर्दछ । भन्ने कुरालाई उनले विशेष मान्यता दिएको पाइन्छ । उनको विचारमा साहित्य लेख्न सोद्देश्य र विचारपूर्ण हुनुपर्छ । भाषामा कलात्मकताको आयाम थप्नु नै साहित्य हो भन्ने उनको मान्यता छ । साहित्यमा मनका अनुभूतिलाई पोख्ने गरिन्छ । साहित्यकारले आफ्नो चिन्तन साहित्यिक स्रोत र साधना खर्च गर्नुपर्छ । साहित्य समाज सुधारमूलक, सामाजिक कुसंस्कारको भण्डाफोर गर्ने रुढ मान्यतालाई

[१४] ऐजन ।

[१५] ऐजन ।

परिमार्जन गरेर प्रयोग गर्ने नयाँ र आधुनिक विचारका अनुसरण पनि सजक भएर गर्नुपर्छ भन्ने मान्यता राख्ने कवयित्रीका रूपमा उनलाई लिन सकिन्छ । त्यसैगरी परम्परा र सांस्कृतिले मानिसलाई सुमार्गतर्फ डोऱ्याउनुपर्छ । जातीय, भाषिक, सामाजिक विभेदबाट परस्परमा ईर्ष्या र द्वन्द्व निम्त्याउनु हुँदैन । वैचारिक भेद र मान्यतालाई निश्चित विन्दुमा राखेर विश्वबन्धुत्वको भावनात्मक विकास गर्नुपर्छ । आपसी कलह र मनमुटाव सिर्जना गर्ने संस्कारलाई समयसापेक्ष परिष्कार गरेर युग सुहाउँदो बनाउनुपर्छ भन्ने मान्यता उनको रहेको छ । शिक्षा अति आवश्यक छ शिक्षामा पनि सीपमूलक शिक्षाको अभाव नेपाली समाजमा खड्की रहेको छ ।

उनी नागरिक सीपमूलक शिक्षाद्वारा शिक्षित भए भने सभ्य समाजको स्थापना हुन्छ भन्ने कुरा बताउँछिन् ।[१६] देश विकसित हुन्छ । देशमा विकास गर्न सिपालु नागरिकको सीप आफ्नै माटोमा खन्याउन सक्नुपर्छ । पूर्णज्ञान शिक्षाबाट नै प्राप्त हुन्छ । पूर्णज्ञानले मानिसलाई होसियारी र चलाखीपूर्ण ढङ्गले आफ्ना र मुलुकको कार्य गर्न सक्षम बनाउँदछ भन्ने उनको मान्यता रहेको छ । हाम्रो देश नेपालको परिप्रेक्ष्यमा पनि उनले स्वधारणा राखेर आफ्ना सिर्जनाद्वारा सचेत गराउने कार्य गरेकी छन् । योग्य र उत्साहित विद्यार्थी अध्ययन र अभावले बाहिरीने क्रम बढेको छ । यसलाई नियन्त्रण गर्न नेपालका विश्वविद्यालयले विद्यार्थीको चाहना र युगको मागलाई ध्यानमा राखेर युग सुहाउँदो शिक्षा नीति लागु गर्नुपर्छ भन्ने उनको धारणा रहेको पाइन्छ ।

## २.१४ सुखदुःखका क्षणहरू

प्रमिला उप्रेतीको बाल्यकाल त्यति दुःखदायी भएन । बुबाआमाको न्यानो माया राम्रो स्यहारसुसार र हेरचाह पाएकी उनले बाल्यकालमा दुःख भोल्नु परेन । अध्ययनका लागि पनि उनले अभाव पनि भोग्नु परेन ।[१७] बुबा गाउँका प्रधानपञ्च थिए । शिक्षित भएकाले छोरीलाई राम्रो शिक्षादीक्षा दिनुपर्छ भन्ने कुरामा बुबाले कति कसर राखेनन् । आमापनि शिक्षित र गुणवती भएकीले छोरीलाई शिक्षित बनाउन हरदम प्रयास गरिन् । "Family is the best school of social life" अथवा परिवार सामाजिक जीवनको पहिलो पाठशाला हो भने भैँ उनले बाल्यजीवनमा सुखैसुख र पारिवारिक हौसलाको साथमा शिक्षा आर्जन गरिन् । नि.मा.वि., मा.वि. र क्याम्पस तहमा अध्ययन गर्दा भने प्रत्येक अवस्थामा स्कुल क्याम्पस परिवर्तन गर्दै पढ्नु परेकोमा केहि दुःखको अनुभूति उनलाई भएको थियो । त्यस्तो अवस्थामा उनले परिचित सहपाठीहरू गुमाउनु पर्थ्यो र नयाँ साथीहरूलाई अवलम्बन गर्नु पर्थ्यो । वैवाहिक जीवनमा

---

[१६] ऐजन ।

[१७] ऐजन ।

आवद्ध हुँदा उनमा बाल्यवस्था अथवा केटाकेटीपन मेटिएको थिएन । वैवाहिक जीवनको उत्तरार्द्धमा आएर उनले मानसिक पीडा भोग्नु परेको छ । श्रीमान्सँग सम्बन्ध चिसिएपछि उनलाई बालबच्चाको पठनपाठन र पालनपोषणमा दुःख भोगिरहेकी छन् । घरमा आफूले दैनिक रूपमा कटुवचन प्रहारको भार खपिरहनु परेको हुँदा उनले दुःख अनुभव गरिन् र आफ्नै बुबाको घरमा बस्न थालिन् । उनका छोराछोरीहरू पनि हुर्की सकेका छन् । उनी साहित्यको बगैंचामा रमाएकी छन् । त्यसैले उनका दुःखका दिनहरू समाप्त हुँदै गएका छन् ।

## २.१५ लेखनको प्रेरणा र लेखनारम्भ

प्रमिला उप्रेतीले लेखनमा प्रेरणा सर्वप्रथम आमाबुबाको कार्यदेखि प्राप्त गरेकी थिइन्. । आमाबुबाले बाल्यकालमा प्रदान गर्ने गरेको हौसलाले नै उनले लेखनकार्यमा उनले प्रेरणा पाएकी हुन् । काभ्रेमा आफूले लेखेको कविता वाचनबाट लेखनको लागि उनमा अरु उर्जा थपियो । बुबाआमाको अध्ययनको गहिरो छाप बाल्यवस्थामा नै उनमा पर्‍यो । आफ्ना बुबा विश्व इतिहासको ज्ञाता हुनुहुन्छ भन्ने कल्पना उनले अबोध अवस्थामा गर्ने गरेको कुरा बताउँछिन् ।[१८]

उनले १४ वर्षको अवस्थामा काभ्रेमा स्थानीय बालमन्दिरमा कविता वाचन गरिन् र त्यहीबाट कवितालेखन कार्यको सूत्रपात गरिन् । उनले छन्दमा कविता लेख्ने कसरत पनि गरेकी छन् । जे भएपनि गंद्यकविता लेखनमा उनी सफल छिन् । डढेलो कविता सङ्ग्रह एउटा उदाहरण हो ।

कविताका साथै उनले कथा विधामा पनि कलम चलाएकी छन् । 'पप्पुको बुबा' र 'बालख' भन्ने कथा उनका प्रभावकारी कथा मानिन्छन् । कथा संग्रह अप्रकाशित अवस्थामा छ । गीत लेखनमा पनि उनी सफल रहेकी छन् । उनको 'आश' भन्ने शीर्षकमा लेखिएको गीत २०३१ सालमा रेडियो नेपालमा रेकर्ड भएको थियो ।

## २.१६ प्रकाशित कृति

प्रमिला उप्रतीले साहित्यिक लेखन कार्य कविता विधाबाट आरम्भ गरेको कुरा बताउँछिन् ।[१९] उनका सवैजसो कविताहरू वि.सं. २०६३ सालमा प्रकाशित **डढेलो** कवितासङ्ग्रहमा सङ्कलित छन् । उनका लघुकथाहरू पनि प्रकाशित भएका छन् । 'बालक' र 'पप्पको बुबा' भन्ने दुईवटा कथा वि. सं. २०३३ सालमा विराटनगरबाट प्रकाशित हुने 'प्रयोग'

---

[१८] ऐजन ।

[१९] ऐजन ।

**अहिले** नामक पत्रिकामा प्रकाशित भएका छन् । उनले नाटक पनि लेखेकी छन् ।[२०] रेडियो नेपालबाट 'भाइ तिहार' भन्ने नाटक प्रसारण गरिएको थियो । उनका कथा र नाटकहरू सङ्कलित कृतिका रूपमा छैनन् ।

पुस्तकाकार कृतिका रूपमा चाहिँ प्रमिला उप्रेतीको **डढेलो** कवितासङ्ग्रह रहेको छ । यो काठमाडौँको घट्टेकुलोमा स्थित नई प्रकाशनबाट वि.सं.२०६३ सालमा प्रकाशित भएको हो ।[२१] यस कवितासङ्ग्रहमा जम्मा ४६ वटा कविताहरू सङ्कलन गरिएका छन् । यी कविताहरूमा प्रकृतिको मार्मिक चित्रण गरिएको छ । सरल, सहज र रोमाञ्चकारी भाषामा लेखिएका कविताहरू मीठासपूर्ण छन् । पुस्तकका रूपमा एउटा मात्रै कृति प्रकाशित गर्ने प्रमिला उप्रेतीका कविताहरू सुन्दर तथा उत्कृष्ट गुणात्मकताले भरिएका छन् ।

## २.१७ निष्कर्ष

प्रमिला उप्रेतीले सामान्य साक्षर परिवारमा जन्मेर स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा हासिल गरेकी छन् । उनले शिक्षा हासिल गर्न ठूलो सङ्घर्ष गर्नु परेको देखिन्छ । नेपालको विराटनगरदेखि भारतको दिल्लीसम्म शिक्षा हासिल गर्न भागदौड गर्नु परेको थियो । उनले सानै उमेरदेखि साहित्यिक रचनाहरू सिर्जना गर्ने गरेकी थिइन् । उनले कविता र कथा विधामा कलम चलाएकी छन् । साहित्यको ढुकुटी भर्न सहयोग गर्ने उप्रेतीलाई राष्ट्रले सम्मान गर्न नसक्नु दुःखद् कुरा हो । उनका कृतिहरू सबैका निम्ति अनुकरणीय र प्रेरणादायी बनेर रहेका छन् ।

---

[२०] ऐजन ।

[२१] ऐजन ।

# तेस्रो परिच्छेद

# प्रमिला उप्रेतीको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि


व्यक्ति भित्रको असाधारण खुबी परिपक्व भएर बाहिर प्रस्फुटित हुँदा पाठक, दर्शक अथवा श्रोतामा प्रवाभकारी भूमिका निर्वाह गर्ने सक्दछ भने त्यो उत्तम मानवीय व्यक्तित्व हो । व्यक्तित्वको विकास मानव जीवनमा आइपर्ने विभिन्न आरोह अवरोह, पीर, वदेना, चोट, हर्ष, खुशी तथा क्रिया प्रतिक्रियाबाट पनि भएको हुन सक्दछ । त्यसैगरी पारिवारिक, सामाजिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि मानवीय व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । निर्मित व्यक्तित्वले मानिसलाई अग्रपङ्क्तिमा स्थापना गर्दछ । शिक्षादीक्षा, रुचि, पेसा, सत्सङ्गति र जीवनजगत् प्रतिको दृष्टिकोणले व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व वाह्य वा आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूपरङ बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग हुन्छ । प्रमिला उप्रेतीको व्यक्तित्व पनि प्रेरणा, साहस, उत्साह, परिवेश आदिबाट विकसित भएको पाइन्छ । उनको व्यक्तित्व निर्माण विशेषतः पारिवारिक, विद्यालयीय, सामाजिक, वातावरणीय र शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् । प्रमिला उप्रेतीले व्यक्तित्व निर्माण र विकासका लागि अनवरत रूपमा प्रयास गरेकी छन् । नेपाली साहित्यको समुन्नतिका लागि जीवनको धेरै समयसम्म अथक परिश्रम गरेर नेपाली, नेपाल र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेर उनले आफ्नो व्यक्तित्व विकास गरेको पाइन्छ । त्यसैगरी काभ्रे जिल्लामा जन्मिएकी उप्रेती गहन अध्ययनले मात्र उत्तम व्यक्तित्व विकास हुन्छ भने अवधारणालाई आत्मासाथ गरेर अध्ययनका लागि विभिन्न स्थानहरू विराटनगर, दिल्ली र हिमाञ्चल समेत पुगिन् । यसै सन्दर्भमा उनले ती विविध ठाउँहरूबाट सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, भौगोलिक र साहित्यिक वातावरणको समेत अध्ययन र अवलोकन गरेर आफ्नो व्यक्तित्व वृद्धि गरिन् । विभिन्न ठाउँमा साथीसँगी, इष्टमित्र आदिसँग उनको अन्तरक्रिया भयो । यसका अतिरिक्त पिता, हजुरबुबा, सिङ्गो परिवार, छरछिमेक आदिको प्रभाव पनि उनको व्यक्तित्व विकासका लागि सहयोगी बन्यो । विद्वान्हरूका अभिव्यक्तिहरूलाई ध्यान दिएर सुन्ने प्रमिला उप्रेतीले विद्वत्तापूर्ण क्षमताको पहिचान त्यसैको अनुसरण गरी आफ्नो व्यक्तित्व विकास गरिन् ।

## ३.२ शारीरिक व्यक्तित्व

प्रभावकारी व्यक्तित्वका लागि शरीरको वनावटले पनि उल्लेखनीय भूमिका निर्वाह गर्दछ । यद्यपि भित्री खुबी व्यक्तित्वको महत्त्वपूर्ण पाटो हो तथापि ख्याउटे र पिलन्धरे शरीर भएका क्षमतावान्, व्यक्तित्वहरू पनि कहिलेकाही गौण हुन सक्दछन् । प्रमिला उप्रेतीको सन्दर्भमा उनी त्यस्तो कमजोर व्यक्तित्वकी साहित्यकार चाहिँ होइनन् । उनको शरीरको उचाइ ४ फुट ८ इन्च छ । उनी शान्त प्रकृतिकी छिन् । गहुँगोरो वर्ण, हिस्सी परेको अनुहार, मझौला उचाइकी उप्रेती झट्ट हेर्दा मानव समूहको बीचमा केही प्रभाव साथमा भएकी जस्ती देखिन्छिन् । चट्ट मिलाएर काटिएको कालो केसले उनको सौन्दर्य र व्यक्तित्व अझैं अभिवृद्धि भएको महसुस गर्न सकिन्छ । मझौला कद, गम्भीर मुखाकृति, चटक्क मिलेको शरीर आदिले उनको व्यक्तित्वलाई उद्‌गम बिन्दुतिर उठाएको प्रतीत हुन्छ ।

## ३.३ व्यक्तित्वका विविध पाटाहरू

प्रमिला उप्रेतीका व्यक्तित्वको सूक्ष्म विवेचनाका लागि व्यक्तित्वका विविध पाटाहरूलाई छुट्टाछुट्टै अध्ययन गर्नु अपरिहार्य छ । साहित्य समाजमा उनको व्यक्तित्व गौण प्रतीत हुन सक्ला तर पनि सूक्ष्म रूपमा केलाएर हेर्ने हो भने उनी बहुआयमिक व्यक्तित्वकी स्रष्टा हुन् । उनको व्यक्तित्व विभिन्न क्षेत्रको संलग्नताबाट र उनले निर्वाह गरेका भूमिकाबाट विकसित भएको हो । समष्टिमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय छ । उनको व्यक्तित्वका विभिन्न पाटाहरूलाई उनीसँगकै प्रत्यक्ष कुराकानीबाट निम्नानुसार सूक्ष्म रूपले अध्ययन गरिएको छ ।




### ३.३.१ साहित्यिक व्यक्तित्व

प्रमिला उप्रेतीले प्राथमिक शिक्षा आर्जन गरिरहेकै समयमा काभ्रेमा कविता वाचन गरेर आफ्नो व्यक्तित्वको प्रदर्शनी गरेकी थिइन् । त्यही अवस्थित बालमन्दिरमा, कविता वाचन गर्ने क्रममा पनि उनले आफ्नो प्रतिभा र गौरवाशाली व्यक्तित्व प्रदर्शन गरेकी थिइन् । यसैले

उनलाई कवयित्रीको रूपमा स्थापित हुने प्रेरणा मिलेको पाइन्छ । त्यसैगरी उनले गीत, कथा र नाटक आदिको संरचना वाचन एवम् अभिनयमा पनि आफ्नो गौरवशाली व्यक्तित्व सिपालु पाराले प्रदर्शन गरेको पाइन्छ । सङ्क्षिप्त विवरण निम्नानुसार छ :

## ३.३.२ कवयित्री

प्रमिला उप्रेतीले साहित्य लेखनको अभ्यास दुई दशकदेखि गर्दै आएकी छन् । कविता विधाबाट उनले कलम चलाएकी हुन् । अप्रकाशित अवस्थामा रहेका आरम्भिक चरणका कविताहरू हाल उपलब्ध छैनन् । विद्यार्थी जीवनमा प्रतिस्पर्धात्मक कविता वाचनमा भाग लिएर सुनाएको कविताको उत्कृष्ट मूल्याङ्कन हुँदा पुरस्कृत भएकी थिइन् । कविता सुनाउँदा आफ्नो असाधारण प्रतिभाको प्रदर्शनीले नै उनले सम्पूर्ण स्रोताहरूबाट तालीको गडगडाहट प्राप्त गरेकी थिइन् । निर्णायक वर्गको उच्च मूल्याङ्कनले पुरस्कृत भएपछि कविताको क्षेत्रमा आफ्नो व्यक्तित्व विकास गर्ने ठूलो हौसला उनलाई मिलेको थियो । त्यसैले होला उनी कहिलेकाही आफ्ना कवितामा पाठकवर्गको हृदय छुने मर्मस्पर्शी पङ्क्ति र अनुच्छेदको सफल संरचना गर्दछिन् ।

सफलता थाङ्ग्रो नपाएको लहराजस्तो
मन पिँजडा भित्रको चरा जस्तो
आशा घामको छानोमा उम्रेको पिपल जस्तो
जिन्दगी
सम्झनाको पिढीमा
पुर्पुरोमा हात लगाएर वसे जस्तो ।
बधाई थापेर के गरौं !
प्रत्युत्तरमा
हाँस्न सक्तिन
खुशी भएर रमाउन सक्तिन । (बधाई)

## ३.३.३ गीतकार

प्रमिला उप्रेती गीतको क्षेत्रमा भने आफ्नो असाधारण व्यक्तित्व प्रदर्शन गर्न सक्षम छिन् । उनले जीवनको धेरै जसो समय लेखनका अन्य विधाहरू सँगसँगै गायनतर्फ पनि प्रशस्त रुचि लिएकी छन् । विद्यार्थी जीवनमा उनले साथीहरूलाई सङ्गठित गरेर आफूले गीत सुनाउने गर्थिन् । तत्कालीन गीतहरू भने सुरक्षित रहन सकेनन् । प्रकाशनको लागि रेकर्डिङ्गको समस्या थियो । त्यसैले तत्कालीन गीतहरू सुरक्षित हुन नसेका हुन् । उनको ‘आस’ शीर्षकको गीत **डढेलो** नामक कृतिमा सुरक्षित छ । त्यो गीत २०३१ सालमा रेडियो नेपालमा रेकर्ड भएको पहिलो गीत हो ।

पर्खनु मात्र सक्नु पर्छ
आसा आफै जन्मिदिन्छ ।

विकसित व्यक्ति भएका मानिसहरू धैर्य गरेर पर्खन पछि पर्दैन । आपतमा धैर्यधारण गर्न सक्यो भने सङ्कट पार गर्ने उपायहरू स्वतः उत्पन्न हुन्छन्  भन्ने भावबिन्दु उनका गीतका पङ्क्तिका रूपमा उनको गहकिलो व्यक्तित्व चम्कँदै गरेको पाइन्छ । उनका अन्य गीत, 'ढल्ने जीवन जीवन ढल्दै जानु' बोलको सोलो तथा 'हजुर आउने थाहा पाएँ' र 'एउटै मनको कुरा' शीर्षकका गीत रहेका छन् ।

### ३.३.४ कथाकार

प्रमिला उप्रेती कवयित्रीका रूपमा मात्र नभएर कथाकार पनि हुन् । गद्य र पद्य दुवै विधामा कलम चलाउने उप्रेतीको व्यक्तित्व कवितामा जस्तै कथामा पनि चम्किलो भएर रहेको छ । उनको 'पप्पुको बुबा' भन्ने कथा वि.सं. २०३३ सालमा **प्रयोग** नामक पत्रिकामा प्रकाशित भएको हो । उनले लघुकथा मार्फत कथालेखन आरम्भ गरिन् । वि.सं. २०३४ सालमा झापाको काँकरभिट्टामा श्री ५ वीरेन्द्रको शुभ जन्मोत्सवको उपलक्ष्यमा साहित्यिक चिन्तक तथा व्यक्तित्वहरूको माझमा 'बालक' शीर्षकको लघुकथा लेखेर प्रस्तुत गर्दा त्यो कथा उत्कृष्ट भयो । **अहिले** नामक पत्रिकामा प्रकाशित त्यो कथामा उनको असाधारण व्यक्तित्वको झलक पाइन्छ । कथाले पनि प्रमिलालाई कविताले जस्तै साहित्यको क्षेत्रमा अगाडि डोऱ्याएर ल्यायो । उनलाई कथाले सार्वजनिक र पाठकसामु उपस्थित पनि गरएको छ । वर्तमानमा उप्रेती समसामयिक कथालेखनमा समयलाई उपयोग गरिरहेकी छन् ।

### ३.३.५ नाटककार

प्रमिला उप्रेतीका नाटकहरू भने सामान्य छन् । मञ्चनका दृष्टिले सामान्य रहेको उनको 'भाइ तिहार' नामक नाटक बी. बी. सी. मार्फत् सम्प्रेषण भएको हो । पुस्तकाकार रूपमा र प्रकाशित कृतिका रूपमा उनका कुनै पनि नाटक बाहिर आउन सकेका छैनन् । तर पनि उनी नाटक विधामा सफलतापूर्वक कलम चलाउने व्यक्तित्वहरूको गणनामा आउँछिन् ।

## ३.४ साहित्येतर व्यक्तित्व

साहित्यका विविध विधाहरूमा आफ्नो असाधारण व्यक्तित्व र क्षमता भएकी उप्रेतीको व्यक्तित्व अन्य विविध क्षेत्रमा पनि उत्तिकै टड्कारो रहेको पाइन्छ । आफूले अँगालेको पेसा, विविध कार्यक्रमहरूमा भएको सहभागिता र सक्रिय कार्यदक्षताले उनको व्यक्तित्वलाई माथि उठाउन बल पुऱ्याएका छन् । उनको साहित्येतर व्यक्तित्व निम्नानुसार विभाजन गरिएको छ :

### ३.४.१ अध्यापन

प्रमिला उप्रेतीले काभ्रेमा प्राथमिक शिक्षा हासिल गरेर विराटनगर गइन् । त्यहाँ उनले माध्यमिक र प्रमाणपत्र तहसम्मको अध्ययन गरिन् । उनले कुनै विद्यालयमा शिक्षक वा अध्यापकको रूपमा रहेर अध्यापन गरेकी होइनन् तर शिक्षणप्रति उनको गहिरो अभिरुचि थियो । उनी सीपमूलक तरिकाले सिकाएर विद्यार्थीलाई प्रभाव पार्न सक्थिन् । पर्याप्त सिकाई उपलब्धि हासिल गराउन सक्थिन् । विद्यार्थीहरू रुचि लिएर उनीसँग पढ्न लालयित हुन्थे । विरटनगरमा प्रवीणता प्रमाण पत्र तहको अध्ययनको क्रममा उनले भक्तराज आचार्य लगायतका प्रतिभाशाली विद्यार्थीलाई (ट्यूसन) पढाएकी हुन् । उनको अध्यापनमा विद्यार्थीहरू आकर्षित हुन्थे । अध्यापनमा कलात्मकता पनि थियो ।

### ३.४.२ वक्तृत्वकला

प्रमिला उप्रेती कुशल वक्ताका रूपमा प्रस्तुत हुन सक्षम थिइन् । आफ्नो मनमा लागेका कुरालाई निर्धक्क भएर निर्भिकतासाथ उनी समाजमा राख्न सक्थिन् । साँचो र यथार्थ कुरा भन्न उनी कहिल्यै कत्ति पनि हिच्किचाउँदिनन् । उनमा तार्किक क्षमता पनि प्रशस्त छ । विभिन्न कार्यक्रमहरूमा आफ्ना तर्कहरू सहज र सरल रूपमा व्यक्त गर्नु उनको एउटा आफ्नै पहिचान हो ।

### २.४.३ परिधान

प्रमिला उप्रेती विभिन्न परिधानमा सजिएकी हुने गर्छिन् । चिटिक्क मिलाएर काटिएको कपाल, निधारमा रातो टीका, गलामा तिलहरी, कानमा मुन्द्री, नाकमा फुली, हातमा घडी र औँलामा औंठी उनी लगाउँछिन् साथै ब्लाउज-सारी र गोडामा चप्पल लगाएर आफूलाई सजाउने गर्दछिन् । उनले धेरै समय प्रयोग गरिरहने परिधान चाहिँ कुर्तासुरुवाल नै हो । कुर्तासुरुवाल महिलाको लागि छिटोछरितो हुने भएकाले पनि उनले यो परिधानको प्रयोग बढी मात्रामा प्रयोग गरेको हुनसक्छ । त्यसमा पनि अन्तर्मनमा गहकिलो विद्या र खँदिलो व्यक्तित्व शक्तिको गहनाले साहित्य समाजमा उनी सुशोभित भएर सजिएकी छन् ।

### २.४.४ स्वभाव

संसारमा हरेक मानिस र प्राणीको पनि आ-आफ्नै किसिमको स्वभाव हुन्छ । भिन्नभिन्न स्वभावका मानिसहरूमा केही मिल्दोजुल्दोपना पनि हुन्छ । प्रमिला उप्रेतीको स्वभाव पनि आफ्नै किसिमको छ । उनी बाल्यकालमा बहिर्मुखी स्वभाव भएकी थिइन् । बोल्नमा नहिच्किचाउने भएकीले उनी निर्भीक छिन् । स्पष्ट रूपमा आफ्ना मनका कुराहरू राख्ने उनको बानी रहेको

छ । उनी मृदुभाषी भएकीले मीठो भाषाको प्रयोग गरेर आफ्ना मनका कुरा राख्ने सन्दर्भमा अग्रणी छिन् । बाल्यकालदेखि नै उनमा एउटा कमजोरी रहेको छ । उनी कसैको कुरालाई विरोध गर्न चाहिँ सक्दिनन् तर पनि उनी दृढ निश्चयी छन् । जुनसुकै प्रश्नको पनि फटाफट जवाफ दिन सक्ने क्षमता उनमा  छ । हँसिलो मुहार भएकी प्रमिला उप्रेती सधैँ प्रसन्न मुद्रामा देखिन्छिन् । अरूलाई आफ्ना गहकिला भावनाले छिटो आकर्षण गर्ने बानी उनको रहेको छ । उनको विद्रोही स्वभाव चाहिँ छैन । उनी शान्त वातावरणमा बस्न र एकान्तमा रमाउन चाहन्छिन् । नयाँ र अपरिचित व्यक्ति र समुदायसँग उनी छिट्टै घुलमिल हुन सक्छिन् । उनी अनावश्यक विषयमा चासो नराख्ने प्रकृतिकी छिन् । अपरिचित साथीभाइलाई झटपट आफ्ना सहयोगी बनाउने बानीको वैभव र वाक्कौशलता उनमा व्याप्त भएकोले उनी छोटो समयमा धेरै साथीहरूलाई आफ्ना सहयोगी बनाउन सक्षम छिन् । उनी साहसी छिन्, कसैमाथि भेदभाव गर्नुहुँदैन भन्ने उनको धारणा रहेको छ । उनमा हँसिलो, विनयशील, शालीनता, सहयोगी भावनाहरू व्याप्त छन् ।

## २.४.५ रुचि

मानवीय स्वभावहरू जस्तै मानवीय रुचि पनि भिन्नभिन्न हुन्छन् । प्रमिला उप्रेतीको प्रमुख रुचि क्षेत्र भनेको साहित्यसिर्जना नै हो । उनी जिज्ञासु स्रष्टा थिइन् । आफूले गरेका सिर्जनाहरू समाजका मान्यताका विषयवस्तु भएकाले उनी साहित्यानुरागी बनिन् । साहित्यप्रतिको रुचि विकसित हुँदै गयो । जुनसुकै विषय अध्ययन गर्ने र नयाँ सिर्जना गर्ने कुरामा उनको गहिरो रुचि रहेको पाइन्छ । उनी बहुल आकाङ्क्षाकी धनी भएकीले साहित्यसिर्जनामा मात्र पनि प्रमिलाको रुचि सीमित भएर रहन सकेन । सञ्चारका माध्यमबाट आफ्ना सिर्जना, गीत, नाटक आदि प्रसारण गरेर श्रोता समक्ष पुऱ्याउने कुरामा उनी गहन अभिरुचि राख्छिन् । उनले आफ्नो अभिरुचिअनुरूप नै आफ्ना कार्यहरू अगाडि बढाउँदै लगिन् । बी.बी.सी. सेवाको प्रसारणमार्फत् उप्रेतीका नाटकहरू श्रोतासामु आइपुग्नु उप्रेतीको गहन रुचिको विस्तारको कार्यक्रम नै हो भन्न सकिन्छ । गीत पनि उनको रुचिको विषयवस्तु थियो । आफूलाई मन परेको विषय प्रसारण गर्न कार्यक्रम अगाडि बढाएकाले नै वि. सं. २०३१ सालमा रेडियो नेपालमा उनका गीतहरू प्रसारण भएको पाइन्छ । सिर्जनामा सङ्ख्यात्मक साहित्यसिर्जनामा उनको रुचि थिएन । गुणात्मक संरचना गर्नुपर्छ भन्ने उनको अभिलाषा थियो ।

सिर्जनालाई गुणवान् बनाउने हिसाबले नै उनले थोरै तर महत्त्वपूर्ण रचनाहरू गरिन् । बाल्यकालमा आमाबुबाले **महाभारत** र **सामायण** किताबहरू पढ्दा उनी बढो रुचि लिएर सुन्ने गर्थिन् । गायनतर्फ रुचि भएकाले क्याम्पस जीवनमा पनि क्याम्पसको हातामा साथीभाइहरू

भेला गरेर गीत सुन्ने र सुनाउने कुरामा रुचि राखेको पाइन्छ । धर्मप्रति पनि उनको गहन रुचि रहेको पाइन्छ ।

### ३.४.६ अनुवाद तथा भाषिक व्यक्तित्व

प्रमिला विशेष गरी नेपाली र हिन्दी भाषाको कुशल ज्ञाता हुन् । उनले हिन्दीका ठीक ठेट शब्दहरूलाई नेपाली भाषामा सहज अनुवाद गरेकी छन् । रेडियो नेपालबाट उनले हिन्दी समाचार भन्ने गरेकी छन् । हिन्दीमा अनुवाद गरेर समाचार सम्पादन गर्दा उनी आफ्नो कुशलता सफलता पूर्वक सहज ढङ्गले प्रदर्शन गर्छिन् ।

### ३.४.७ समाचारवाचन

प्रमिला उप्रेतीको साहिन्येतर व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये समाचारवाचन पनि एक हो । रेडियो नेपालमा समाचार वाचकको रूपमा रहेर वि.सं. २०२९ साल देखि उनले कुशलतापूर्वक सुस्पष्ट रूपमा समाचारवाचन गरेर आफ्नो व्यक्तित्व प्रर्दशन गरिरहेकी छन् । हिन्दी समाचारको क्रममा पनि सुस्पष्ट शब्दहरू उच्चारण गरेर कुशलतापूर्वक वाचन गर्नु उनको विशेषता हो । समाचार वाचनका सन्दर्भमा केन्द्रित रहेर भन्नु पर्दा उनी एक स्पष्ट समाचारवाचन गर्ने व्यक्तित्व हुन् ।

### ३.४.८ संस्थागत संलग्नता

प्रमिला उप्रेती साहित्य एवम् साहित्येतर सङ्घसंस्थाहरूमा आबद्ध भएर आफ्नो कुशल व्यक्तित्वलाई उपयोग गरिरहेकी छिन् । यसै क्रममा उप्रेतीले काठमाडौँस्थित त्रिमूर्ति निकेतन नामक संस्थामा कोषाध्यक्ष भएकी छन् । कोषाध्यक्षको पदमा रही सक्रिय भएर सेवा पुऱ्याउँदै आएकी छन् । उनी विभिन्न सङ्घसंस्थासँग आवद्ध भएकीले उनको बहुआयामिक व्यक्तित्व विकास भएको हो ।  उनी एउटी जाँगरिली नारी व्यक्तित्वको रूपमा प्रख्यात छिन् ।

## ३.५ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

प्रमिला उप्रेतीले ५५ वसन्त पूरा गर्दा जीवनका आरोह-अवरोहमा अनेकौँ कठिनाइहरू सहन र वहन गर्नुपरेको छ । बाल्यकाल मातापिताको काखमा व्यतीत गरेकी भएपनि बाल्यकालको उमेरमा वैवाहिक बन्धनमा बाँधिनु परेकोले उनले आफ्नो अध्ययनमा अवरोध भएको महसुस गरेकी छन् । विवाहपछि उनी आफ्नो परिवेशमा रहन समर्थ भइनन् । आफ्ना श्रीमान् टीकाराम वाग्लेसँग भारतको दिल्लीमा प्रवासी जीवन व्यतीत गर्दा जीविकाको लागि उनले अनेकन सङ्घर्ष गर्नुपऱ्यो । श्रीमान्सँगको विछोड (सम्बन्धविच्छेद) ले उनलाई ठूलो

मनौवैज्ञानिक चोट पुग्यो तर उनी जीवनका कठिनाइमा रुमल्लिएर बस्ने, निस्क्रिय बन्ने र निराश बन्ने नारी प्रतिभा होइनन् । बाधा, हाँक र चुनौतीहरूलाई दायाँबायाँ हटाएर आफ्नो अभीष्ट पूरा गर्न जाँगर चलाउने नारीका रूपमा उनी देखिएकी छन् ।

अतः उनले आफ्ना जीवनमा आइपरेका कठिनाइहरूलाई गौण बनाएर बाल्यकालमा प्राप्त गरेको साहित्यरचनासम्बन्धी प्रेरणालाई माथि उठाउने लक्ष्य लिइन् । कवितारचनालाई उनले आफ्नो जीवनका सुखदुःखका साथी बनाइन् । कवितालगायत साहित्यसिर्जनाका विविध विधाहरूसँग मितेरी गाँसिन् । त्यसैले आफ्ना जीवनका सुखदुःख, वेदना, पीडा र व्यथाका कथाहरूलाई साहित्यसिर्जनामा समावेश गराएर दुःखपीडा आदिले छट्पटाएका नेपालीहरूको प्रतिनिधित्व गर्ने खालका रचनाहरू नेपाली पाठक वर्गलाई प्रदान गरिन् । जीवनका सुखदुःख उनका कृतिमा यसरी समावेश भएका छन् :

आनन्दको मधुर क्षणमा
पोखिइ रहन्छ सडकमा मान्छे ।
हर समय लास भएर
ओछिइ रहन्छ परिकल्पना
जिउदै मृत्यृ भएर

म उसको लागि शब्द बटुल्ने हुँ
कहि उनका पीडाहरू
शब्दमा व्यक्तिएर
हलुङ्गिछ कि भनेर
उसका आँशुहरू
अर्थमा रमाएर
भने ती हुन्छन् कि भनेर

यसरी आफ्ना दुःखहरूलाई पोखेर नेपालीको दुःखप्रति सबैलाई सचेत गराउन उप्रेती सफल भएकी छन् । उनका कृतित्वले उनका व्यक्तिगत जीवनसँग सम्बन्ध गाँसेकै छन् । त्यसका अतिरिक्त सबै मानिसका जीवनका आरोह-अवरोहको गाथासँग पनि उनका रचनाहरू सम्बन्धित छन् । भारतको सिमलास्थित हिमाञ्चल विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेकी उप्रेतीमा तीव्र साहित्य रचनाको सपना रहेको देखिन्छ । जीवनका चुनौतीहरूसँग पौठेजोरी खेल्दै अघि बढ्ने क्रममा उनको रचनात्मक अनुभूति परिपक्व हुँदै विकसित भएको देखिन्छ । आफ्नो प्यारो मातृभूमि नेपालका प्राकृतिक सौन्दर्य, नेपाली दाजुभाइ, दिदीवहिनीका सुखदुःख र उच्चमानवीय भावनाका लहरहरूले उनलाई केही न केही रचना गर्न झक्झक्याइ रहन्छन् । सुकोमल नारी हृदय भएकी प्रमिला आफ्ना प्रत्येक रचनामा राष्ट्र, राष्ट्रियता र नागरिक सीपको विकासका लागि सजक भएर प्रस्तुत भएकी छन् । उनले राष्ट्रको एक चिम्टी

माटोलाई आस्था राख्न सक्नुपर्छ भन्ने सन्देश आफ्ना कृतिहरूमार्फत पाठक समक्ष पुऱ्याएकी छन् । पहाडको ढुङ्गेधारामा रसाएका पानीका बिन्दुहरूलाई उनी पानी हाम्रो जीवन भनेर माया गर्छिन् । बढ्दो सहरिया वातावरण र आधुनिकीकरणप्रति उनी आफ्ना कृतिमा मोह देखाउँदिनन् जुन उनको आफ्नो स्वभावसँग मिल्दोजुल्दो रहेको छ ।

व्यावहारिक जीवनको सन्दर्भमा आफ्ना बालक छोराछोरीहरूको पठनपाठनदेखि लिएर जीविका लागि यावत् प्रयत्नहरू एक्लै गर्नुपर्दा उनले महसुस गरेका कठिनाइहरूको गहिरो छापले उनको कृतित्वसँग नङ र मासुको सम्बन्ध राखेको  पाइन्छ । बाल्यवस्था, किशोरावस्था र युववस्थाका उनका सिर्जनाका थुँगाहरू क्रमिक विकासमा आधारित सिद्धान्त जस्तै क्रमशः विकसित र परिपक्व देखिन्छन् । अझै पनि उनी कथा, कविता लेख्न उत्सुक भइरहेकी छन् ।

रेडियो नेपालमा समाचार वाचकको रूपमा काम गर्ने उप्रेतीको साहित्य सम्प्रेषण पाठकहरूको बीचमा प्रभावकारी बनेको छ । जीवन सङ्घर्षबाट उब्जिएका भावनालाई समेटेर गरिएको साहित्यिक रचना स्रोता, दर्शक र निर्णायकहरूबाट प्रशंसित भएका देखिन्छन् । यसरी उनको व्यक्तित्व र शारीरिक एवम् मानसिक रूपमा उतारचढाव भइरहेको उनको जीवनीबीचको अन्तरसम्बन्ध एकाकार छ भन्दा अत्युक्ति हुँदैन ।

## ३.६ निष्कर्ष

प्रमिला उप्रेती एक सङ्घर्षशील कवयित्री हुन् । उनले आफ्नो व्यक्तित्वको निर्माणमा ठूलो सङ्घर्ष गरेकी छन् । एउटा हुलाकको टाइपिस्ट पदमा बसेर विराटनगरमा कार्य गरिन् । त्यसपछि भारतको दिल्लीमा केही समय बस्नु परेको थियो । पुनः नेपालमा आएर २०२९ सालदेखि रेडियो नेपालमा प्रवेश गरी सेवा गर्दै छिन् । जीवनमा असल र दृढ चरित्रलाई प्राथमिकता दिन चाहने उप्रेतीको व्यक्तित्व बहुआयमिक र स्वच्छ छ भन्ने कुरा उनको व्यक्तित्वद्वारा छर्लङ्ग हुन्छ ।

# चौथो परिच्छेद

# प्रमिला उप्रेतीका कृतित्वको अध्ययन

## ४.१ 'डढेलो' कवितासङ्ग्रहको परिचय

प्रमिला उप्रेतीद्वारा सिर्जना गरिएको **डढेलो** कवितासङ्ग्रह सर्वप्रथम २०६२ सालमा नई प्रकाशनद्वारा प्रकाशनमा आएको हो । त्यसभन्दा पूर्व उनका कविताहरू यत्रतत्र छरिएर रहेका थिए । जसलाई नई प्रकाशनले सङ्कलित गरेर पाठकसामु ल्याउने जमर्को गऱ्यो । उक्त सङ्ग्रहमा त्रिचालीस वटा कविता, दुई वटा गजल र एक वटा गीत सङ्कलित रहेका छन् । **डढेलो** सङ्ग्रहमा पृष्ठ नं. ५ मा प्रकाशकीय लेखिएको छ । जसमा स्रष्टाहरूलाई जागरूक बनाउन, उनीहरूको उत्साह वृद्धि गर्न र प्रकाशनले पुऱ्याएको सेवाबारे उल्लेख गरिएको छ । प्रमिला उप्रेतीका उक्त सङ्ग्रहका कविताहरू नारीचेतनाले उन्मुख भएका छन् । नारीवादी सिद्धान्तका हिमायती जोसुकैलाई पनि प्रस्तुत कवितासङ्ग्रह एउटा उपयुक्त कृतिका रूपमा देखापरेको छ ।

लेखकीय शीर्षकमा पृष्ठ नं. ७ मा आफ्नो यथार्थ जीवनभोगाइका क्षणहरूका साथै यस सङ्ग्रहको प्रकाशनार्थ सहयोग पुऱ्याउने मित्रहरूप्रति अभार प्रकट गरिएको छ । उक्त कवितासङ्ग्रहको भूमिकामा कवयित्री उप्रेतीले कविता सिर्जनाका क्षणहरू अनि आफ्ना सन्तान छोरीद्वय तथा छोरालाई सम्झँदै आफ्नी आमालाई पनि सिर्जनाका सहयोगीका रूपमा सम्झन पुगेकी छन् । त्यस सङ्ग्रहमा सङ्कलित कविताका बारेमा भावना, विचार उम्लेर त छताछुल्ल हुने मात्र हो, मभित्र थन्केका नारीपनका शृङ्गारका रहरहरूलाई तटस्थ पार्न, हाँस्न र बाँच्न सिकाउने मेरो अभिन्न मित्र बुद्धिप्रति आभारी छु जसको ममा असङ्ख्य गुन, अन्यायप्रति लड्न सक्ने, जायज कुरामा बोल्न सक्ने आँट दिने क्षमता छ भनेर उनले आफ्नो सिर्जनाका क्षणहरूलाई सम्झिएको पाइन्छ । त्यसैगरी पृष्ठ नं. ९ मा कविताक्रम शीर्षकमा यस सङ्ग्रहमा सङ्कलन गरिएका सबै कविताको क्रम देखाइएको छ । पहिलो कविताको शीर्षक 'उत्तर के दिउँ म' रहेको छ । त्यसपछि प्रत्येक कविता क्रमशः राखिएको छ। जम्मा ७२ पृष्ठमा ४३ वटा नै रचनाहरू सङ्कलन गरिएको छ ।

## ४.२ 'डढेलो' कवितासङ्ग्रहका कविताको अध्ययन

### ४.२.१ 'उत्तर के दिउँ म ?'

प्रस्तुत कविता यस सङ्ग्रहको पहिलो कविता हो । उक्त कविताको शीर्षक 'उत्तर के दिउँ म ?' रहेको छ । त्यस कवितामा प्रयोग गरिएको प्रश्नवाचक चिह्नले छर्लङ्ग भएको

विषयमा मैले के उत्तर दिने भनेर लेखिएको छ। प्रस्तुत कविताको शीर्षक कविताअनुसार सार्थक देखिन्छ । विषयवस्तुको हिसाबले उक्त कवितामा जन्मथलो काभ्रेको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । आफ्नो जन्मस्थलको माया, ममताले गर्दा उक्त कविता लेखिएको पाइन्छ । कवितामा कवयित्रीले आफ्नो जन्मस्थल छोडेर काठमाडौँ आइ बस्न थालेपछि सहरिया वातावरणभन्दा ग्रामीण परिवेशको झल्को नै महत्त्वपूर्ण मानेको देखिन्छ । सहरिया वातावरणमा बस्दाखेल्दा अनुभव गरेको निस्सारता तथा एक्लोपनको अनुभवजस्ता कुण्ठालाई कविताका माध्यमद्वारा प्रस्तुत गरिएको छ । काभ्रेमा रहँदाका समय आमाबुबासँगको सामीप्यबाट प्राप्त गरेको मायाममता उक्त कवितामा समेटिएको पाइन्छ । प्राकृतिक सौन्दर्यसँग गाँसिएका काफलबोटे, फलाटेजस्ता हरियालीपूर्ण वातावरणसँगको लगाव पनि देखिन्छ । उनले काठमाडौँमा आफ्ना माटाको गन्ध नपाएर निसासिएको अनुभव गरेकी छन् । त्यहाँका चिरविर चराका आवाज गुराँस तथा फूल फुलेको सुन्दर दृश्यावलोकनको चर्चा कविताका हरफहरूमा प्रस्तुत गरेकी छन् ।

सरल, सहज, बोधगम्य तथा बोलीचालीको भाषाप्रयोग गरिएको छ । यो आन्तरिक लयप्रवाह हुने मुक्त छन्दमा लेखिएको फुटकर आयामको कविता हो । यस कवितामा कवयित्रीले लामोमा दश शब्ददेखि छोटोमा दुई शब्दसम्मका पचास हरफहरू एउटै प्रवाहमा प्रस्तुत गरेकी छन् । गद्यलयका हरफहरूमा अनुप्रासका विभिन्न कोटीहरूको वर्ण, शब्द र पदावलीका स्तरमा आवृत्ति गरी काव्यात्मक सौन्दर्य प्रस्तुत गरिएको छ । मूल उद्देश्य स्थानीय प्राकृतिक सौन्दर्यको वर्णन गर्नु नै देखिन्छ भने अर्को उद्देश्य सहरिया सभ्यता र विकासका सुविधाले पनि सन्तोष अनुभव गर्न नसकिने बताएकी छन् । उनी बाल्यकालमा बिताएको आँगन धर्ती र परिवेश नै चाहिन्छ भनेर दाबा गर्छिन् । अन्ततः सहरिया सभ्यताभन्दा ग्रामीण जन्मथलो नै प्यारो लाग्ने कुरा प्रस्तुत गरिएको छ ।

### ४.२.२ 'सौतेनी दुःखहरू'

'सौतेनी दुःखहरू' **डढेलो** कवितासङ्ग्रहभित्र सङ्गृहीत दोस्रो कविता हो । यस कवितामा कवयित्रीले आफ्ना दुःखहरूलाई विभिन्न दुःखदायी उपमाका रूपमा प्रयोग गरेकी छन् । कविताभित्र कवयित्रीका दुःखहरू मुगलान गएका छोरा घर फर्के जस्तै फर्किएका छन् । कवितामा कवयित्रीका दुःखहरू केही अझ दुःखदायी बनेर केही सुखद् सपनाहरूलाई लिएर फर्किएका छन् । कवयित्रीले कवितामा आफ्ना दुःखहरूलाई साँझमा बास बस्न फर्केका चराहरूजस्तै आफ्नो जीवनमा दुःख फर्केको बताएकी छन् । 'सौतेनी दुःखहरू' शीर्षक कवितामा आफ्नो मनलाई आँगन बनाएर आफ्ना दुःखहरूलाई बिस्कुन छरेझैँ छर्न बाध्य बनाइएको बताएकी छन् । आफ्ना दुःखहरूलाई विरुवा ठानी कसैलाई थाङ्ग्रो र विश्वासको देउराली ठानेर

केही समय आफ्ना दुःखहरू बिसाएर सुस्ताउने प्रयास गरेकी छन् । अहिले फेरि जीवनका उकालीमा ती पुराना दुःखहरू असफल जस्तै बनेर फर्केको बताएकी छन् । यस कवितामा कवयित्रीले आफ्ना दुःखहरू आफन्त जस्तै बनेर फर्केका छन् । यस कवितामा कवयित्रीले आफ्ना दुःखहरूलाई सौतेनी दुःखका रूपमा आफैँतिर फर्केको बताएकी छन् । समग्रमा यस कवितामा कवयित्रीले आफ्ना दुःखहरूलाइ केही दुःखदायी उपमा र केही सुखद् सपनाहरूसँग तुलना गर्दै आफ्ना विगतदेखि वर्तमानसम्म आफूले भोगेका दुःखहरूलाई प्रस्तुत गरेकी छन् । केही समय आफ्ना दुःखहरू बिसाउने विश्वासको देउराली पाएर सुस्ताए पनि अन्ततः ती पुराना दुःखहरू सौतेनी दुःखका रूपमा फर्किएको बताएकी छन् ।

कवयित्रीले आफ्ना जीवनमा आइपरेका आरोहअवरोहलाई सुख तथा दुःखको संज्ञा दिएर कलात्मक भाषाशैलीकिो प्रयोग गरी उक्त कविता मार्मिक तथा हृदयसंवेद्य बन्न सफल बनेको छ । यस कवितामा कुनै प्रकारको लेख्य चिन्हको प्रयोग गरिएको छैन । कविता सहज र बोधगम्य देखिन्छ । कम्तीमा दुई शब्दहरू तथा बढीमा आठ शब्दको प्रयोग गरी यो कविता लेखेको देखिन्छ । यस कवितामा जम्मा अठचालीस पङ्क्तिहरू रहेका छन् । उपमा, अनुप्रास आदि अलङ्कारको प्रयोग गरिएको यो कविता करुण रसप्रधान रहेको छ ।

## ४.२.३ 'हार्ने जीत'

**डढेलो** कवितासङ्ग्रहको तेस्रो कविता 'हार्ने जीत' शीर्षकको रहेको छ । यस कवितामा कवयित्रीले जीवनमा जति सङ्घर्ष गरे तापनि अन्ततोगत्वा कसैसँग परोक्ष रूपमा हर पराजय मात्र प्राप्त गरिरहेकी छन् । जीवन एउटा निरन्तर अघि बढिरहने सडक हो । यसमा कहिल्यै अन्त्य हुँदैन अथवा मान्छेले बुझेको जीत होइन । किनकि जीत हुने कुनै सीमा नै छैन । जीत गर्नु भनेको खुसी प्रकट गर्नु हो । तथापि मानिसले जति झगडा, लडाइ, रक्तपात मच्चाए पनि मान्छेको मनले कदापि शान्तिको सास फेर्न सक्दैन । एकआपसमा मान्छेहरू लड्नेभिड्ने गर्छन् । अन्त्यमा यस अवस्थालाई फर्केर हेर्दा रक्तपात मात्र नै देखिन्छ । कोही चिच्याइ रहेका हुन्छन् भने कोही आत्मलोचना गरिरहेका हुन्छन् । तसर्थ जहाँ त्यो सङ्घर्ष तथा द्वन्द्व हुन्छ, त्यस ठाउँमा त्यहाँ सडक मात्र हाँसी रहेको देखिन्छ । अथवा त्यहाँको भूमि मात्र खुसी देखिन्छ । किनभने मान्छेमान्छेका बीच रक्तपात मच्चाइ आफ्नो जीत भएको देखिन्छ । यसर्थ झैँझगडा तथा परपीडामा आत्मसन्तुष्टि प्राप्त गर्छ । त्यसलाई जीत मान्छ भने त्यो जीत होइन । आत्मसम्मान, आत्मगौरवका साथ जीवन बाँच्न सडकको जस्तै गरी तटस्थ रहनुपर्छ । पराइको सङ्घर्षमा जसरी सडक आफ्नै अवस्थामा रमाइरहेको हुन्छ । महाभारतको युद्धसमान ठूलो सङ्घर्ष गरेपछि जीतको आभास भएको थियो तर पनि आफ्नो ज्यान सधैँ थर्कायमान रहन्थ्यो ।

यसरी 'हार्नेजीत' शीर्षकको कवितामा कवयित्रीले सङ्घर्षको परिणाम जीत होइन । जीवनमा जति सफलता मिले तापनि सदासदा जीवनले पराजन नै भोगेको हुन्छ । अथवा पराजय हार होइन पराजय पनि जीत हो भन्न खोजिएको छ । द्वन्द्वात्मक अवस्थालाई परोक्ष रूपमा विषयवस्तु बनाएर सरल, सहज तथा कलात्मक शैलीका माध्यमबाट उक्त कविता बोधगम्य बन्न सफल छ । संरचनात्मक दृष्टिले छोटोमा एक शब्द तथा लामामा पाँच शब्दको प्रयोग गरी ३९ पङ्क्तिमा उक्त कविता लेखिएको छ । आन्तरिक लयप्रवाह हुने गद्य छन्दमा रचना गरिएको यो उत्कृष्ट कविता मान्न सकिन्छ ।

## ४.२.४ 'दृष्टिको कारागार'

'दृष्टिको कारागार' शीर्षकको कविता **डढेलो** कवितासङ्ग्रहको चौथो कविता हो । यस कवितामा कवयित्रीले बाल्यकालदेखि जीवनका उत्तरार्ध कालसम्म भोगेका तीतामीठा अनुभवलाई प्रस्ट पारेकी छन् । जीवनमा ओत लाग्ने स्थानसँगसँगै रुझाउने पनि हुन्छ । अथवा आफ्ना हितैषीहरूमा पनि कोही कठैबरा विचरा भन्ने पाइन्छन् भने कोही ठिक्क पर्‍यो भनी रमाउनेको सङ्ख्या पनि कम नहुने हुन्छ भनी बताएको पाइन्छ । तिरस्कारजन्य क्रियाकलापबाट मनमा पारेको प्रभावले भित्रभित्रै जल्नुपर्ने अवस्था रहेको पाइन्छ । कतै आफ्ना आफन्तको न्यानो स्पर्श पाइन्छ । कसैको हृदयमा क्रोध, द्वेष, प्रतिक्रियास्वरूप कुण्ठित भएर रहेका हुन्छन् । हावासँगसँगै पानीको वर्षाले अझ कठिनाइ, अवरोध, बाध्यता आइपरेका हुन्छ । मित्र सदा कल्याण चाहन्छ भने शत्रु सदैव अनिष्ट मात्र चाहन्छ । त्यसैले गर्दा आफूमा रहेको सत्-असत् छुट्याउने आँखा कैदीका रूपमा उभिएका छन् । जसरी कैदीहरू आफ्नै आँखा अगाडि भएका क्रियाकलापलाई प्रतिकार गर्न असक्षम बनेका हुन्छन् । उनीहरूलाई छेकिएको हुन्छ । बन्धनमा जकडिएको हुन्छ । त्यसैगरी जानकारी भएका कुरालाई तिरस्कार गर्न पनि नसकिने अवस्थालाई नै प्रस्तुत कविताद्वारा प्रकाश पार्न खोजिएको छ ।

आन्तरिक लयप्रवाह हुने मुक्त छन्दमा संरचित कवितामा शीर्षकबाट नै स्पष्ट हुन्छ । आँखा कारागार हो, देखेजति कुराको सोझै तिरस्कार गर्न असम्भवझैं हुन्छ । नारीहृदयको वेदना, लाञ्छना आदि विषयलाई उत्कृष्ट रूपमा कविताका माध्यमद्वारा प्रकाश पार्न खोजिएको छ । संरचनाका दृष्टिले कम्तीमा एक शब्द तथा बढीमा पाँच शब्द छन् भने सत्र पङ्क्तिमा प्रस्तुत कविता रहेको छ । सहज, सरल, बोधगम्य भाषाशैलीको प्रयोग छ भने अलङ्कारयुक्त शब्दसंयोजन गरिएको पाइन्छ ।

## ४.२.५ 'आफ्नो आकाश'

'आफ्नो आकाश' शीर्षक कविता यस सङ्ग्रहको पाँचौं क्रममा रहेको छ । प्रस्तुत कविताको शीर्षकले नै अर्काको होइन, आफ्नो भन्ने सङ्केत गरेको हुनाले स्वदेश तथा स्वस्थान

नै प्यारो छ भनी मेरो अथवा पराइ होइन भन्ने विषयमा केन्द्रित कविता हो । बाल्यकाल मात्र आफ्नो पुरानो गाउँमा बिताउन पाएकी त्यसपछि भारतको दिल्लीमा बसोबास गर्दाका तीता, मीठा अनुभव सँगालिएको प्रस्तुत कवितामा पाइन्छ । अर्काको आकाश भनी सम्बोधन गरिएको छ । यद्यपि  आकाश कसैको होइन तथापि पराइ भएर अन्य देशको आश्रयमा बाँच्न विवश भएको कुरा उल्लेख छ ।  जीवनयापनका क्षणहरू नै कविताका पङ्क्तिहरूमा पोखिएका छन् । समान संस्कार, संस्कृति, परम्परामा अडिएको नेपाली चेलीको पनि आफ्नै मौलिक संस्कार, संस्कृति तथा पहिचान छन् । त्यसलाई उजागर गर्नुका लागि नेपाल नै प्यारो छ भन्ने कुरा कवितामा व्यक्त छ । केही समानता पाइए तापनि धेरै विषमता देखिन्छन् । साथै नारी अस्मिताको पहिचानका लागि पनि आफ्नै अथवा स्वदेशका विभिन्न स्थानका सफलतामा रमाउनु अपरिहार्य रहेको पाइन्छ । यसरी नारी संवेदना पनि प्रस्तुत कवितामा झल्केको छ ।

यो आन्तरिक लयप्रवाह हुने मुक्त छन्दमा रचिएको कविता हो । संरचनाका दृष्टिले बढीमा पाँच शब्द तथा घटीमा दुई शब्दसमूहबाट कविता रचना गरिएको छ । त्यसैगरी तेईस पङ्क्तिमा यो कविता रचिएको छ । भाषाशैलीगत दृष्टिले सहज र बोधगम्य भाषाको प्रयोग पाइन्छ । परिवेशका दृष्टिले आफ्नो छिमेकी राष्ट्र भारतमा बसोबास गरिरहेका बेलामा त्यहाँको संस्कृतिसँग रमाउँदै आफ्नो पहिचानतर्फ सबैले लम्किनुपर्छ भन्ने मूल सन्देशमा प्रस्तुत कविता केन्द्रित छ । कलात्मक तथा आलङ्कारिक भाषाशैलीको प्रयोगले कविता पठनीय बनेको छ ।

## ४.२.६ **'नामयात्रा'**

'नामयात्रा' शीर्षक कविता आफ्नो सभ्यता, संस्कृतिसँग भिज्दाभिज्दै पनि अस्तित्वविहीन पो भइने पो हो कि भन्ने कुरालाई आफ्नो हत्केला राखेर अगाडि बढेको पाइन्छ । मान्छेजस्ती भन्नाले यस कुराको सङ्केत पाइन्छ कि ऊ अहिले मानवताका कसीमा नपरेकी अनि मानवताबाट वञ्चित हुन पुग्ने यथार्थ बोलिरहेको पाइन्छ । किताबका पानासमान आफूभित्र रहेका सीप, चाहना, इच्छा आदि कुरालाई अर्काको अध्ययनको केन्द्रमा नै सीमित हुने हो कि भन्ने कुराको शङ्का कवितामा गरिएको छ ।  मानव हुन सकेर अनि आफ्नो स्वतन्त्रता, आत्मगौरवलाई चिनाउन कहिले कति भीडमा मिसिएर नेपालीपनको कहीँ लोप हुने कुराको सङ्केत पाइन्छ । एउटा कोठामा बन्द रहेकी अनि बाहिर निस्कन अवसरको प्रतीक्षामा रहेकी जस्तो कहिले अध्यात्मको झल्को त्यसैगरी पशुपतिको नामले गर्दा आफ्नो अस्तित्व पहिचानको कदर हुने हो भन्ने कुरा नै प्रस्तुत कवितामा देखिन्छ । अमेरिकाको नामजस्तै आफू पनि कहिले त्यस स्थानमा पुग्न सकिएला भन्दै दृष्टि प्रक्षेपण गरी यन्त्रसमान सङ्घर्षको मैदानमा उत्रिएकी

देखिन्छिन् । संसारमा नेपालको नौलो पहिचान कायम गर्न सङ्घर्षरत एउटा पाइला प्रस्तुत कविताले देखाएको छ ।

संरचनात्मक दृष्टिले कम्तीमा एक शब्दको प्रयोग र अनि बढीमा पाँच शब्द समूहद्वारा कविता संरचित छ भने पूरा कविताका पङ्क्तिहरू एकचालीस वटा रहेका छन् । आन्तरिक लयप्रवाह हुने गद्यलयमा रचिएको सरल, कोमल, सहजबोधगभ्य भाषाको प्रयोग पाइन्छ । आलङ्कारिक भाषा प्रयोग, किताबका पानाजस्ती भनेर उपमा र उपमेयको तुलनाले गर्दा कविता अझ सशक्त तथा पठनीय बनेको छ ।

## ४.२.७ 'चेली'

प्रस्तुत कविता **डढेलो** सङ्ग्रहको पृष्ठसङ्ख्या तेईसमा रहेका रहेको छ । उक्त कवितासङ्ग्रहभित्र सातौँ क्रममा रहेको छ । यस कविताको शीर्षक 'चेली' रहेको छ । यो शीर्षक नै स्नेहको प्रतीकका रूपमा रहेको देखिन्छ । चेलीको अस्तित्व खोज गर्नु नै यस कविताका उद्देश्य हो । विषयवस्तुका दृष्टिकोणले कवितामा नेपाली चेलीलाई घरद्वारादेखि दिइने शिक्षा र सभ्यताका केन्द्रमा रहेर रचिएको छ । बाल्यवस्था अबोध हुन्छ । आशाका कणहरू आमाबाबुकै हातमा केन्द्रित रहेका हुन्छन् । घरपरिवारबाट जेजस्तो मार्गदर्शन हुन्छ । त्यसैका आधारमा आफ्नो भविष्यको रेखा पनि कोरिँदै अगाडि बढ्ने कुरा व्यक्त गरिएको छ । तलको कवितांशले भनेको छ :

उहिले त्रिशूलीमा
अस्तित्व हारेको छ,
कहिले टिस्टामा रमाउन पुगेको छु,
ब्रह्मपुत्रछेऊ नाचेको पनि छु ।

माथिका कवितांशका पङ्क्तिहरूले अस्तित्वविहीन भएर बाँच्न विवश भएका क्षणमा आफ्नो अस्तित्वको खोजमा चौतर्फी हिँडिरहेको कुरा प्रस्ट पारिएको छ । आफ्नो आन्तरिक पीडा र नारीसंवेदना कसरी अगाडि बढाउने र अरूलाई कसरी बुझाउने भन्ने विषयमा यो कविता केन्द्रित रहेको छ । उनलाई कसैको सहारा पाउँदैमा अस्तित्वको रक्षा नहुने भनिएको छ । चेलीमा मात्र केन्द्रित नरहेर अब अझ लक्ष्योन्मुख रहनुपर्ने प्रेरणा पनि प्रस्तुत कवितामा व्यक्त भएको छ ।

गद्यलयमा रचिएको, सामान्य बोलीचालीको तथा कहीँकहीँ आलङ्कारिक भाषाको प्रयोग गरिएको उक्त कविता रचनात्मक दृष्टिले बढीमा पाँच शब्द तथा घटीमा एक शब्दले सजिएको छ । कविताका हरफहरू पैतालीसवटा रहेका छन् । मूल उद्देश्यका रूपमा चेलीको अस्मितामा मात्र केन्द्रित नभई मातृ अस्मिताको चुनौतीलाई सामना गर्न पछि पर्नु हुँदैन । आफू स्वतन्त्र

भएर आफ्नो पहिचान कायम  राख्न अनेकौँ हुल, भीड छेडेर अलग आफ्नै परिचय दिनुपर्छ भन्ने कुरालाई नै प्रस्तुत कवितामा जोड दिइएको छ ।

## ४.२.८ 'कल्पना भ्रम'

प्रस्तुत कविता **डढेलो** कवितासङ्ग्रहको आठौँ कविता हो । मनका भावनाहरू निरर्थक छन् अथवा अर्थहीन छन् । मनको गहिराइसँगसँगै त्यसको सोच्ने अथवा कल्पना गर्ने क्षमता अत्यधिक गहिरो छ । उक्त गहिराइमा प्रवेश गरेर कहिल्यै पनि सफलता अथवा सार्थक नहुने भन्ने कुराको सङ्केत यस कविताको शीर्षकले दिएको  छ ।  त्यसैले उक्त कविताको शीर्षक सार्थक छ । विषयवस्तुका दृष्टिकोणले मानव मनका मनोभावमा खेल्ने विषयलाई केन्द्रित गरिएको छ । मान्छेको कल्पनाशक्ति को गति अति तीव्र छ । मनमा उठेका भावहरूलाई सत्यको संज्ञा दिने हो भने असीमित यथार्थ सपनाहरू कति हुन्थे होलान् ? मानवमन सदा दुःख र पीडाका चपेटामा किचिएको हुन्छ । स्रोत र साधनका अभावले ती यथार्थमा परिणत हुन नसक्ने कुरा उक्त कवितामा भनिएको छ । जीवनका अनेक मोड तथा अनेक सोचाइ सत्यसाबित हुने हो भने यहाँ अनेकौँ सुन्दर ताजमहल, फूलबारी, मस्जिद, मन्दिर, दरबारको कल्पना गर्न सकिन्थ्यो । तर दुःखको कुरा मनमा उब्जेका भावनालाई कहिल्यै यथार्थमा निकाल्न सकिँदैन । आफ्ना मनमा खेल्ने भावनामा कसैको हस्तक्षेप पनि त हुँदैन । तसर्थ विगतलाई पनि वर्तमानमा परिवर्तन गर्न सकिँदैन । इतिहासलाई पनि त वर्तमानमा नियाल्न सकिँदैन । अतीतलाई स्मरण गरी हेर्न सकिन्थ्यो होला भनी कल्पना किन ? भ्रममा मात्र सीमित रहेका होलान् भनी आश्चर्य प्रकट गरिएको छ । बढ्दो विकृतिपूर्ण वर्तमान, अभाव र कुण्ठासँगै पिरोलिएको अवस्थाले गर्दा पनि मानव नै अतीतमा रमाउन थाल्यो । कल्पना त्यसैले पनि भ्रममा नै केन्द्रित रहेको  यस कविताले प्रस्तुत गरेको छ ।

उक्त कविता मुक्त छन्दमा आन्तरिक लयप्रवाहमा लेखिएको छ । कतैकतै अन्त्यानुप्रासको झल्को पाइन्छ । जस्तै :

ताजमहल बन्थेँ

गिर्जा बन्थेँ, आदि ।

माथिको पङ्क्तिमा जस्तै अन्य पङ्क्तिमा पनि अनुप्रासको सुन्दर संयोजन  पाइन्छ । सरल ढङ्गले बोध गर्न सकिने बोलीचालीको भाषाप्रयोगले कविता पठनीय बनेको छ । मूल उद्देश्य कवितामा काल्पनिक विषय सदा भ्रम हुन् । कल्पना भनेको आफैँमा रमाउन मात्रै हो भन्ने विषयमा केन्द्रित रहेर आफ्नो इमानदारीको परिचय दिनुपर्छ भन्ने विषयमा केन्द्रित रहेको छ ।

## ४.२.९ 'सम्भनाको हिसाब'

प्रस्तुत कविता उक्त सङ्ग्रहको २६ पृष्ठमा सङ्कलित रहेको छ । उक्त कवितासङ्ग्रहको नवौँ क्रममा यो कविता रहेको छ । यस कविताको शीर्षक 'सम्भनाको हिसाब' छ । यस कवितामा कल्पनासँगसँगै विगतलाई आत्मसात् गर्दै भविष्यमा गति बढाउनु पर्छ भन्ने विषयले समावेश गरिएको छ । अतीत सम्भेर भविष्यका कठिनाइ चिर्दै उकालो चढ्ने सम्भनाका सोपानहरू विभिन्न बाधा र व्यवधानले ओरालो लाग्न सक्ने सङ्केत यस कवितामा पाइन्छ । सहयोग र सफलता पनि कहिलेकाहीँ अस्ताउन लागेको घामभैँ मधुरो देखिन्छ । त्यहीँ मधुरो दृश्यावलोकनले गर्दा समग्र जीवनमा आशाका लहरहरू कोरिँदै जान्छन् । निस्सारता, विवशता मात्र हुने हो । मानवजीवनको लक्ष्य कहिल्यै पनि पूरा हुन सक्तैन । इच्छा छ, चाहना छ, अनेकौँ अभिलाषा, मनोकाङ्क्षा तथा भावनाको सम्मिश्रण छन् तापनि त्यसको पूर्ति हुन नसकेर पिँजडाको सुँगाभैँ निश्चित बन्धनमा केन्द्रित हुन्छ भनी यस कवितामा व्यक्त गरिएको छ ।

मान्छेका आशा, उत्साहसमान घरमाथि उम्रेको पीपलको कुनै अर्थ छैन । त्यस पीपलमा आशा छ भने सीमित मेरो घरमा पीपलको रुखको विरुवा छ भन्ने कल्पना नै मात्र हो । उक्त पीपलको दीर्घजीवन छैन किनकि पीपललाई आवश्यक पर्ने माटोको अभाव घरको छाना हुन्छ । त्यसैले गर्दा अन्त्यमा केही हुन नसक्ने बताइएको छ । कहिले हुरी बनेर त कहिले आफ्नै कमजोरीका कारण आफैँले आफ्नो चाहना कुण्ठित पार्ने प्रस्तुत कविताका हरफहरूमा बताइएको छ । सम्भनाको के गणना गर्न सकिएला अनैकौँ लहरहरू छन् ।

'सम्भनाको हिसाब' कवितामा अनुप्रासीय भल्को ठाउँठाउँमा पाइन्छ । शब्दसंयोजन पनि सरल नै छन् । प्रस्तुत कवितामा उपमा र उपमेयको सुन्दर संयोजन पाइन्छ । संरचनात्मक अवस्था भने २१ पङ्क्ति रहेका छन् । शब्द प्रयोगमा छोटोमा एक र लामोमा पाँच शब्दसमूह रहेका छन्  मूल उद्देश्य भने कवयित्रीले काल्पनिक सोँच, विचारको मापन गर्ने आधार नै नभएकाले सम्भना गरिएका विषयको के लेखाजोखा  गर्नु भन्ने रहेको छ ।

## ४.२.१० 'निरर्थक यत्न'

'निरर्थक यत्न' **ढडेलो** कवितासङ्ग्रहको दसौँ क्रममा राखिएको छ । प्रथम पुरुषको एक 'म' शब्दको प्रयोग पहिले गरिएको छ ।  त्यसै प्रकारले मद्वारा सम्बोधन गरिएको तृतीय पुरुषको उसका शब्दको प्रयोगले गर्दा कविताको आरम्भ नै कौतुहलपूर्ण देखिन्छ । तसर्थ म र त्यस भन्ने दुई शब्दको आपसमा सम्बन्ध देखिन्छ । यस कविताको शीर्षक सार्थक छ । एकआपसमा खुसी पाउन एउटाले अथवा प्रथम पुरुषले  अथक प्रयास गरिरहेको छ । उसका प्रत्येक क्षणलाई हर्षित तुल्याउन अनेकौँ यत्न गरिएको छ तथापि उसका अगाडि हर्ष होइन, प्रयास नै व्यर्थ

अर्थहीन भएर पोखिएको छ । पौराणिक विषयलाई कोट्याइएको छ । कवितामा हनुमान र रावणजस्ता ठीक दुई विपरीत पात्रको चयनले गर्दा कविता अझ रोचक बनेको देखिन्छ । कवयित्री अर्कालाई खुसी देख्न आफू त्यस विषयको खोजमा भौँतारिएकी छन् । अझ पनि खोजको विषय हासिल गर्न बसेकी हुनाले नै हनुमानको जस्तो पुच्छर झैँ गम्भीर देखिन्छिन् । यसरी उसका आँसुलाई मोतीको मूल्य प्रदान गर्न तम्तयार अवस्थामा रहे तापनि प्रयासहरू अर्थहीन भएर 'म' का अगाडि उभिएका छन् । खुसीका लागि गरिएको प्रयासले आँसुको अर्थ भ्याङ्गिएको छ । अझ तनाव पो पाइएको छ । उसका सम्पूर्ण चाहना, इच्छा, आकाङ्क्षा एउटै केन्द्रमा गएर विलीन हुन पुगेको देखिन्छ ।

साधारण बोलीचालीको भाषाप्रयोग प्रस्तुत कवितामा रहेको छ । मुक्त छन्दमा संरचित उक्त कविताको आयाम एक्काईस श्लोकमा फैलिएको छ । एकशब्ददेखि पाँच शब्दसमूहको प्रयोग गरिएर लेखिएको छ । यस कवितामा कुनै पनि प्रयास सार्थक हुनुपर्छ भन्ने विचार रहेको छ । जीवनमा अर्थहीन प्रयासको कुनै औचित्य रहँदैन । हाँसोका बदलामा आँसु मात्र हात लाग्छ भन्ने मूल विचार प्रस्तुत गरिएको छ ।

## ४.२.११ 'कविताको भीड'

प्रस्तुत कविता यस सङ्ग्रहको एघारौँ कविता हो । यस कविताका पङ्क्तिहरूमा मनोभाव पङ्क्तिबद्ध भई तँछाडमछाड गरिरहेका छन् । यस दृश्यजगत्मा जेजति वस्तु, अवस्था देखिन्छ, ती सबै नै कविताको रूपमा अन्ततहमा उकुसमुकुस भएर रहेका छन् । यस सङ्ग्रहमा जेजति भावना पोखिएका छन् ती सबै एउटा कचौराजस्तो सानो पात्रमा निस्किएका हुन् । आफूले जे देख्यो त्यो कविता नै भएर मनमा बसेका छन् । तर कविता रोग हो कि भनेर नकारात्मक अवस्थातिर डोऱ्याउने त होइन भन्ने कुरा पनि सँगै आएको देखिन्छ । कवितामा रचनाकारको अस्तित्व पनि सँगै गाँसिएको हुन्छ । प्रतिस्पर्धा पनि आपसमा हुने गरेका हुनाले आत्मसम्मान पनि लुकेको हुन्छ । आफूमा आइपरेका दुःख, पीडा, समस्यामूलक अवस्था पनि विसङ्गतिका रूपमा झल्किएको पाइन्छ । आफ्ना वरपरका सबै वस्तुमा, कणकणमा देशभक्तिको छवि पाइन्छ । तथापि मनका तहमा प्रकट हुने हरफहरू असीमित, अनियन्त्रित छन् । कविता सबै अवस्थाको पोख्ने ठाउँ हो । कवितामा जसरी भए पनि आफ्ना चाहना, इच्छा, खुसी पोख्न सकिने कुरा प्रस्तुत कवितामा बताइएको छ ।

प्रस्तुत कविता अन्य कवितासमान भाषाको प्रयोग गरिएको छ । उक्त कविता सरल प्रकारको भाषाप्रयोगले गर्दा पठनीय बनेको छ । संरचनात्मक दृष्टिले तीन शब्ददेखि सात शब्दसमूहको गुम्फनले एउटा अनुष्टुप् छन्दको आभास पाइन्छ । यस कवितामा जम्मा पन्ध्र पङ्क्तिहरू रहेका छन् । मनमा उब्जने भावना कविताका माध्यमद्वारा पोखिएका छन् ।

कवयित्रीका मनमा कविता प्रशस्त उब्जिएका छन् । त्यसलाई यस सङ्ग्रहमा न्यूनतम मात्रामा मात्र पोख्न सकेको पाइन्छ । भावनामा उब्जिएका सबै कुरा व्यक्त गर्न नसकिने अथाह गम्भीरता रहेको कुरा नै यस कविताको मूल उद्देश्य रहेको छ ।

## ४.२.१२ 'तिमीबाहेक'

प्रस्तुत कविता यस सङ्ग्रहको बाह्रौं क्रममा रहेको छ । यस कविताको शीर्षक 'तिमीबाहेक' राखिएको छ । यस कविताको शीर्षकले नै यो कविता प्रेमविषयक रहेको छ भन्ने आभास दिएको देखिन्छ । उक्त कवितामा द्वितीय पुरुषलाई सम्बोधित अन्य कोही भनेर निश्चित निकटवर्ती जीवनसाथीलाई औंल्याउन खोजिएको छ । प्रेम एउटा यस्तो पवित्र सम्बन्ध हो यसमा कहिले वियोग त कहिले संयोग हुने गर्छ । प्रेमको वियोग असह्य हुन्छ । त्यसैगरी प्रेमको संयोगमा क्षणिक भए पनि सुखको अनुभूति भएर हर्षाश्रुको वर्षा हुने यथार्थ हो । उक्त कवितामा प्रेमीको आगमनमा रमाइलो तर वियोगमा नरमाइलो हुँदाहुँदै रातभरिको सम्झनाले बिहानीपख आँसुका थोपाले शीतसमान हुने कवयित्रीको भावना रहेको छ । मैले तिमीलाई प्राप्त गर्नु थियो । त्यस कुरालाई मैले पाइसकेँ, अब  प्रेमको नाममा मात्र तिमी रहेका छौं । तिमीलाई पाउने मेरो अभिलाषा पूरा भएकाले अब मैले अन्यका लागि मनमोहक हँसाइ छाडिसकेकी छु । एकमुष्ट प्रेमलाई आफ्नो नियन्त्रणमा लिएर अब म प्राकृतिक वातावरण हावा, पानी, हुरी, बताससँगै मडारिरहन्छु । उक्त कवितामा प्रेमले चौतर्फी ढाकिएपछि मनमा दुःखसुखका क्षणका सबैकुरा तिमीलाई भनिसकेकी हुनाले अब सबै कुरा तिमीलाई मात्र थाहा छ । प्रस्तुत कवितामा कवयित्रीले चाहेको व्यक्ति पाइएको तर केही समयमा नै बिलाएर गएको अनुभूतिले गर्दा होला । उनको त्यो विश्वासको त्यान्द्रो चुडिएको छ किनकि सागर र पहाडको चिच्याहटले थर्कायमान हुने वातावरण सिर्जना भएको छ ।

'तिमीबाहेक' शीर्षक कवितामा कवयित्रीले कसलाई रोज्ने जीवनको निर्णायक मोडमा लेखिएको जस्तो हुनाले भाषाको प्रयोगमा आलङ्कारिक देखिन्छ । मैले रोपेको फूल झ्याङ्गिइसकेको छ भन्ने पङ्क्तिले अझ स्पष्ट गर्न खोजेको छ । उक्त कविता मुक्त छन्दमा रचिएको छ । यस कवितामा शृङ्गार रसको प्रयोग गरिएको छ । संरचनात्मक दृष्टिले प्रतिहरफ कम्तीमा दुई शब्दको प्रयोग गरिएको छ भने बढीमा ६वटा शब्दसमूहले गर्दा अझ रोचक बनेको देखिन्छ । सम्पूर्ण कविताका रहफहरू तीसको सङ्ख्यामा रहेका छन् । प्रेमको संयोगमा अपूर्व आनन्द हुन्छ भने प्रेमको वियोग अधिक निराशाजनक हुन्छ । उक्त प्रेमको वियोगले भावनालाई मर्माहत तुल्याउँछ भन्ने नै यस कविताको मूल विचार हो ।

## ४.२.१३ 'संस्करण'

यस सङ्ग्रहको तेह्रौं क्रममा 'संस्करण' कविता रहेको छ । संस्करण शब्दको अर्थ आवृत्ति, पटकपटक भन्ने देखिन्छ । यस कवितामा पनि नयाँ स्थान, मोड, अवस्था, परिवेशअनुसारको

स्थितिमा परिष्कृत, परिमार्जित गरेर उभिनुपर्छ । अथवा अरूका लागि पनि सहनशील तथा धैर्यतापूर्वक हाँस्नुपर्ने अवस्थालाई सङ्केत गर्न खोजिएको छ । बाल्यावस्थामा बुबाको आज्ञालाई शिरोधार्य गरी बाँचेकी उनी । दसैतिहारका जामाभैँ अर्काका सुखीका लागि आफ्नो अस्मितालाई कुण्ठित पार्न बाध्य भएको कुरा कवयित्री यस कवितामार्फत् व्यक्त गर्दछिन् ।

ठूला घरको खरायो र मुजुर भैँ ।

मुजुर र खरायोको सुन्दरता आफ्नै लागि  नभएर अर्काका लागि मात्र सीमित रहन्छ । त्यसैगरी आफ्ना मनका तीव्र चाहना र आवेगलाई किच्दै सदासदा हाँसिरहेकी देखिन्छिन् । आफ्ना परिवारका इज्जत, प्रतिष्ठाका लागि चौतर्फी बन्धनमा बाँधिएर बाँचिरहेको बताउँछिन् । आमाको मर्यादामा आँच आउने हो कि भनेर पनि आमाको आदर्शलाई काखी च्यापिरहेकी छिन् । वैयक्तिक जीवनमा नयाँ मोडको सुरुआत आफैँले कम्मर कसी सङ्घर्षमा उत्रिएकी छन् । निभ्न आँटेको दियोभैँ त्यसमा तेल भरेर पुनः उज्यालो प्रकाशको आशामा नै कवयित्रीले आफ्ना कविताका हरफहरूमा पोखेकी छन् ।

भाषाप्रयोगका दृष्टिले सामान्य बोलीचालीमा प्रयोग गरिने भाषाको प्रयोग छ । जसले गर्दा सरल, सुबोध तथा कविताका हरफहरू पठनीय बनेका छन् । कवितामा अन्त्यानुप्रासको संयोजन पनि गरिएको छ । अलङ्कारका दृष्टिले उपमा र उपमेयको संयोजनले अलङ्कृत देखिन्छ । संरचनाका दृष्टिले छोटामा एक शब्दको प्रयोग गरिएको छ । लामा पङ्क्तिमा चार शब्दसमूह रहेका छन् । पूर्ण आयाम अठार पङ्क्तिमा रचिएको एउटा उत्कृष्ट गद्य कविता हो । संसारमा अर्काको हाँसोको लागि बाँच्नु, हाँस्नु तथा नाच्नु अनुकूल देखिन्छ भन्नु नै यस कविताको मूल उद्देश्य हो ।

## ४.२.१४ 'मान्छे होम्ने यज्ञ'

प्रस्तुत कविता सङग्रहको चौधौँ कविता हो । यस कविताको शीर्षक 'मान्छे होम्ने यज्ञ' रहेको छ । ग्रामीण परिवेशलाई उछिन्दै क्रमशः अगाडि बढेको सहरिया सभ्यताको भीडलाइ यज्ञका रूपमा प्रस्तुत गरिएको छ । सहर मान्छेको उकुसमुकुसले गर्दा निसास्सिएको महसुस गरिएको पाइन्छ । कवयित्रीले आफ्नो जीवनको पूर्वार्ध कालका समयलाई कवितामार्फत छर्लङ्ग्याउन खोजेकी छन् । पहाडी जीवनमा सरर चिसो हावा, हलुका हावाको गतिले पारेको प्रभावले गर्दा बोटबिरुवाको एकआपसमा टकरावलाई सुमधुर ध्वनिका रूपमा वर्णन गरिएको छ । त्यसैगरी किसानले रोपेका धानका बालसँगसँगै रोमाञ्चकारी प्राकृतिक दृश्य, खोला, झरना आदिको कर्णप्रिय ध्वनि एकान्तको आनन्दमा विगतलाई प्रस्तुत गरिएको छ । त्यस अतीतलाई वर्तमानमा सम्भेर मुटुभित्र गुँथेको आनन्दमा नै कवयित्री रमाउँदै गएकी छिन् । जीवनको उत्तरार्धमा सहरको धम्साधम्सी हतारहतारको दैनिकी, बिहानबेलुका आफ्नो बासस्थान पुग्नु

परेको धौधौले नै कविताका पङ्क्तिहरू खर्चिएकी छिन् । सहरको वातावरण पहिले त अवश्य शान्त नै थियो होला भन्ने परिकल्पना पनि गरिएको छ । सहरका सबै स्थान अवश्य पनि हरियालीपूर्ण, कोलाहल रहित वातावरण थियो होला । क्रमशः सहरिया सभ्यताको विकासले उन्नतिको गति लियो । मान्छेहरूको भीड बढ्दै गयो । यो समय जिउँदै मृत्युवरण गरेसमान भएर थिचिएको, किचिएको छ ।

आन्तरिक लयप्रवाह हुने मुक्त छन्दमा प्रस्तुत कविता रचिएको छ । कविताका हरफहरू कम्तीमा तीन शब्दसमूहको संयोजन रहेको छ । त्यसैगरी बढीमा चार शब्दमा रचिएको देखिन्छ । सम्पूर्ण कवितामा बाइस पङ्क्ति रहेका छन् । मान्छेहरू किन सहरिया सभ्यतासँगै रमाउन चाहन्छन् ? ग्रामीण परिवेशको स्वच्छ वातावरणको आनन्द यहाँ कहाँ छ ? जस्ता प्रश्नवाचक चिह्नको प्रयोग गरिएको हुनाले कवयित्री पाठकवर्गसँग उत्तरको अपेक्षा गर्दछिन् । अथवा सहरिया सभ्यताभन्दा पहाडी भागको आनन्द अत्यन्त सुखप्रदायक हुन्छ भन्ने निचोड प्रस्तुत कविताले दिन खोजेको सन्देश हो ।

### ४.२.१५ 'अनागमन'

यो कवितासङ्ग्रहको पन्ध्रौँ कविता 'अनागमन' शीर्षकमा रहेको छ । प्रस्तुत कविता विषयवस्तु प्रेमविषयक रहेको छ । यसमा प्रथम पुरुष एकवचन 'म' र सम्बोधित व्यक्ति द्वितीय पुरुषको एकवचनमा 'तिमी' को प्रयोग गरिएको छ । शीर्षकसँगै रोमाञ्चकारी कविता बन्न पुगेको छ । एउटा व्यक्तिले अर्को व्यक्तिमा समर्पित हुन खोजेको भाव देखिन्छ । आफ्नो नजिकको व्यक्ति अगाडि समर्पित हुन नसकेको देखिन्छ । आफ्नो नजिकको व्यक्ति अगाडि देख्ने आशामा मनभरि गुराँस र प्याउलीका पुष्पगुच्छाले स्वागत गर्न प्रतीक्षारत रहेको देखिन्छ । कवयित्री आफ्नो प्रेमीको सम्झनामा प्रत्येक पल छटपटाइरहेकी छन् । प्रत्येक बिहानीलाई आफ्नो रातभरिको पर्खाइले आहत तुल्याएको छ । प्रत्येक बिहानीको झुल्कोसँगै आगमनको झल्को पाउन खोजेको तर मनमा पीडा मात्र छचल्किएको देखिन्छ । मैले तिमीलाई सम्पूर्ण चिज सम्झेँ, तिमीमा नै मन, वचन आदिले समर्पित भएँ । यसरी कल्पनाको मीठासमा महमा माखोझैँ अल्झिरहेँ । तिमीलाई सदासदा प्रतीक्षा गर्दै समयको गतिलाई पारगर्दै  अगाडि बढेँ । यति लामो समयको अन्तरालमा आएर तिमी त्यस अवस्थाको बोध गर्न सक्छौ ? त्यसैगरी कसैलाई पर्खी हेर, त्यसैगरी मायाको कोसेली सजाएर बस त्यसपछि थाहा हुन्छ । ती प्रतीक्षाका समय कस्ता हुँदा रहेछन् ।  मैले तिमीलाई जुन आशा राखेर स्वर्णिम सपनाहरू मनमा सजाएकी थिएँ । त्यसको परिणामस्वरूप तिमीलाई ठीक विपरीत अवस्थामा पो पाएँ । आशाको दियो भ्याप्प निभ्यो । प्रस्तुत कवितामा अर्थहीन दिमागको कसरत मात्र पाइएको छ ।

यो गद्यलयमा संरचित कविता हो । यस कवितामा सरल प्रकारको बोलीचालीको भाषाको प्रयोग गरिएको छ । उक्त कविता संरचनात्मक दृष्टिले छोटामा एक शब्द र लामामा चार शब्दको प्रयोग गरिएको छ । आयामका दृष्टिले बयालीस हरफमा केन्द्रित छ । प्रेमको पर्खाइ निराशापूर्ण पनि हुनसक्छ अथवा आशाले पनि पूर्णता पाउन  सकिन्छ । प्रेमको वियोगको प्रभाव अधिक आनन्ददायी हुन्छ । त्यसको सफलताका लागि प्रतीक्षा गर्नु पर्छ भन्ने मूल उद्देश्य प्रस्तुत कविताको मूल भाव हो ।

### ४.२.१६ 'पर्खी इन्दिरा !'

यो कविता सङ्ग्रहको सोह्रौँ क्रममा रहेको छ । प्रस्तुत कविताको शीर्षक 'पर्खी इन्दिरा' रहेको छ । शीर्षकका साथमा सम्बोधनका लागि प्रयोग गरिने विस्मयादिक चिह्नको प्रयोग गरिएको छ । उक्त चिह्नले हर्ष, विस्मात् जनाउनुका साथै इन्दिरा नामलाई सम्बोधन गरिएको छ । आफ्ना मनका भावनामा अनेकौँ लहर र चाहना रहेका छन् । ती सबै अवसरको खोजीमा छन् । मैले चाहेको अनुकूल समयमा अवश्य कविता लेख्ने छु । मेरो अगाडि अनेकौँ चुनौतीहरू छन् । त्यसकारणले आफ्ना भावना लेख्न नसकेको अवस्थामा छु । मेरा आँखाहरू टोलाइरहेका छन् । मैले खोजेको मान्छेको प्राप्तिमा कविताका प्रवाहहरू कोर्नेछु । जीवनमा साहित्य एउटा निरन्तर सहयात्री हो । त्यसका सहायताले अनेकौँ बाधा व्यवधान चिर्न सकिन्छ । यसरी खोजिएको वस्तु प्राप्त भएको अवस्थामा पनि अवश्य पनि स्नेह, माया, ममताले ओतप्रोत भएको कविता लेख्ने प्रण गर्न चाहन्छिन् । यौवनका क्षणहरूमा अनेकौँ वसन्तले वास गरेको हुन्छ । जहाँत्यहीँ घरदेखि वनसम्म, सहरदेखि गाउँसम्मका प्रत्येक फूलका तथा उमेर रहेमा म पनि महाकविसमान कविता लेख्ने कुरा उक्त कवितामा व्यक्त गरिएको छ । त्यसैगरी सिद्धिचरण श्रेष्ठले लेखेका कविताहरू समान म पनि प्राकृतिक हरियालीका साथै आफ्नो जन्मस्थलको स्मरण कविता कोर्ने अठोट गरेकी छन् । उनले देशको शान्तिका लागि बुद्धत्व प्राप्त गरेका क्षणमा शान्ति स्थापनाका लागि कविता लेख्नेछु भन्दै इन्दिरालाई सम्बोधन गरी प्रस्तुत कविता लेखिएको छ ।

कवितामा अनुप्रासको प्रयोग गरिएको छ ।  गद्यलयमा रचिएको तथापि सङ्गीतिक माधुर्यको छनक यस कवितामा पाइन्छ । यस कवितामा बढीमा चार शब्ददेखि छोटामा दुई शब्दको संयोजन गरिएका हरफहरू पाइन्छन् । उक्त कविता आयामगत दृष्टिले पैतीस हरफमा केन्द्रित रहेको छ । प्रस्तुत कविताको मूल सन्देश सिर्जना त्यसै लेख्न नसिकने, अवसरको प्राप्तिमा सिर्जनाका लहरहरू प्रकट गर्न सकिन्छ भन्ने रहेको छ ।

### ४.२.१७ 'बाउन्ड्रीपार'

प्रस्तुत कविता **डढेलो** कवितासङ्ग्रहको सोह्रौँ क्रममा रहेको छ । यस कविताको शीर्षक 'बाउन्ड्रीपार' रहेको छ । शीर्षकले अनुसरण गरेको विषयले सीमित क्षेत्रभन्दा बाहिर भन्ने

सङ्केत गरेको छ । यस कविताले द्वितीय पुरुष तिमी शब्दको प्रयोगले चाहनामा कुठाराघात गरेको देखिन्छ । जसले गर्दा हराभरायुक्त प्रकृतिको नियम नै हो तथापि हरियाली प्राप्त गर्न नसकेको दोस्रो सङ्केत आफूले चाहेको अवस्था अप्राप्त भएको छ । कुण्ठित मनको अवस्थाले कवयित्री पीडित देखिन्छिन् । भकुन्डो अर्काको आनन्दका लागि पटकपटक धर्तीमा  पछारिन्छ तर त्यो उसको इच्छा होइन । अर्काको आनन्दका लागि भकुन्डोको प्रयोग गरिन्छ । भकुन्डो जसरी आफ्नो हर्षलाई परित्याग गरेर पनि अन्त्यमा खेलको मैदान बाहिर राखिन्छ अथवा बाउन्ड्रीपार गरिन्छ । यस कवितामा पनि कवयित्रीले अर्काको हाँसो पाउन जीवनभर कसरत गरेकी छन्  तथापि अन्त्यमा उनलाई महत्त्वहीन मानेर घृणित दृष्टिकोणको प्रक्षेपण गरिएको छ । जस्तै :

दर्शक र मैदानबीच
दुःखी दुःखी उफ्रन्थ्यो ।

समाजका मर्यादालाई ध्यानमा राख्दै आफ्नो जीवन निर्वाह गर्नु परेको अवस्थालाई माथिका कविताका पङ्क्तिले स्पष्ट पारेको छ । मैदानमा खेलाडीहरूले भकुन्डो खेल्दा भकुन्डोको इच्छा, चाहनासँग अपरिचित बनेका हुन्छन् । आफ्नो अस्तित्वको संरक्षण गर्नका लागि मैदानबाहिर हुँदा नै उसको अस्मिताको संरक्षण हुने भनी कवयित्री जीवनका प्रत्यक्ष भोगाइलाई कविताका माध्यमद्वारा प्रस्तुत गर्दछिन् ।

यस कवितामा सरल, बोधगम्य, सहज बोलीचालीको सामान्य भाषाप्रयोग गरिएको छ । आलङ्कारिक दृष्टिले कहीँकहीँ उपमा अलङ्कारको प्रयोग छ भने कहीँकहीँ रूपक अलङ्कारको पनि प्रयोग गरिएको छ । संरचनात्मक दृष्टिले कम्तीमा दुई शब्दको प्रयोग छ । बढीमा पाँच शब्दसम्मको संयोजन गरिएको छ । आयामगत  दृष्टिले उन्नाइस हरफमा एउटै प्रवाहमा कविता रचिएको छ । कवितामा कलात्मक भाषाको प्रयोगले अझ पठनीय बनेको यस कविताको भाषा सरल छ । कवयित्रीका दृष्टिमा जीवन सधैं अर्काको हाँसोका लागि रहेछ भन्ने विषयसँगै अरूका लागि आनन्द प्रदान गर्दा आफ्नो पीडाको बोध आफैँलाई रहने कुरा नै यस कविताको सन्देश रहेको देखिन्छ ।

### ४.२.१८ 'अन्तराल'

**डढेलो** कवितासङ्ग्रहको सत्रौँ कविता 'अन्तराल' शीर्षकमा रहेको छ । यस कवितामा कवयित्रीले आफ्नो रहनसहन, घरपरिवार आदि वातावरणको विषयलाई आधार बनाएकी छन् । आफ्नो घरको आँगनमा विष्णुको प्रतीक मानिने तुलसीको मठ तथा फूलबारीका माझ प्रत्येक बिहानी आरम्भ हुने बताइएको छ । जीवनमा सुनौलो बिहानीले जहिल्यै पनि नयाँ र मीठो कल्पनालाई आत्मसात् गरेको हुन्छ । आफ्नो उमेर र अवस्थाका बीचमा आफूलाई उभ्याएर

सपना बुनेको पाइन्छ  ती सपनालाई स्वागत गर्न मेहँदीका पातमा पनि झल्को देखिएको छ । घरको अगाडि आँगनमा बिहानीपखसँगै अझ रोचकता थपेको देखिन्छ । आकाशमा पनि कवयित्रीको बिहानीसँगै ठाडिएर गति लिएको देखिन्छ । कवितामा एउटी नयाँ बेहुलीको समान सुन्दर छविका साथ आकाशमा लालिमा छाएको छ । त्यो आकाशमा देखिएको लालिमा कहिले मीठो अनुभवका साथ प्रवेश गरेको छ । त्यसैगरी लालिमाको प्रकाश बाहि र भित्र क्रमशः हाँसोका साथै खुसीको प्रवेश देखाइएको पाइन्छ । जीवनका दुःख, सुख, हर्ष, पीडा, इच्छा, आकाङ्क्षाका साथै अनुभूतिका क्षणले अङ्कमाल गरेको देखिन्छ । प्रत्येक मान्छेका चाहनामा शीतलहरसँगैको नयाँ दिनको सुरुआत प्रारम्भ हुने गर्छ तर पनि दैनिक अभ्यासले कर्म निर्धारण गरिएको हुनाले जीवनलाई आफैँसँग डोऱ्याएको देखिन्छ ।

कविता बोलीचाली, साधारण, सरल, सुबोध भाषामा लेखिएको छ । लामामा छ शब्दका समूहदेखि छोटामा दुई शब्दको संयोजित यो कविता आयामका दृष्टिले बाईस पङ्क्तिमा संरचित छ । यो गद्यलयमा रचिएको आन्तरिक लयप्रवाह हुने कविता हो । यस कवितामा मानव जीवनको आशा बिहानीको किरण बोकेर, सपनाहरू सजाएर अगाडि बढेको हुन्छ । आफ्नो कार्य र कर्ममा जीवनको चक्रमा नै निर्धारित हुन्छ भन्ने कुरालाई नै प्रस्तुत कविताले मूल उद्देश्य बनाएको छ ।

## ४.२.१९ 'दिनदिनले निलिरहन्छ'

प्रस्तुत कविता यस सङ्ग्रहको अठारौँ क्रममा रहेको छ । यस कवितामा कवयित्रीले मान्छेका जीवनमा अनेकौँ सङ्घर्ष र चुनौतीहरू उभिएका छन् । ती चुनौतीको सामना गर्दा आफ्ना मनोकाङ्क्षालाई दबाउनु पर्ने बाध्यात्मक स्थिति रहेको छ । मानिसलाई सामाजिक, पारिवारिक अवस्थाबाट बन्दै नयाँनयाँ सोचविचारलाई गति दिनुपर्ने हुन्छ । आजको दिन गर्नै नसकिएका नयाँ भावनालाई भोलि पूरा गर्नेछु भन्ने आशाका तन्तु बुन्दै क्रमशः अगाडि बढ्नु पर्ने तथापि सफलता बाधा आउने कुरालाई कवयित्री कविताका माध्यमद्वारा प्रस्तुत गर्न चाहन्छिन् । आफ्नो स्थान, उमेर र अवस्थालाई ध्यान पुऱ्याउनु पर्ने कसैले व्यक्तिगत जीवनमा नराम्रा आक्षेप लगाइदिने पो हो कि भन्ने जस्ता विषयले अझ असर गरिरहेका हुन्छन् । ती कार्य आफ्नो हितका लागि भए तापनि पराइका लागि असह्य भएर देखा पर्नाले प्रत्येक कदममा सावधानी अपनाउनु पर्ने कुरालाई उक्त कविताले प्रस्ट पारेको छ । यसरी दैनिक जीवनमा परिवर्तन होला भन्ने आशाको किरणले घुमेर जवानी सबै गयो । प्राकृतिक नियमले पनि साथ छोड्दै गयो । अथवा उमेरमा काला देखिने केश पनि फुल्दै बुढ्यौलीतर्फ दिनानुदिन क्रमशः गइरहने विवशतापूर्ण क्षणहरू नै कवयित्रीका भावनाहरू हुन् भन्न सकिन्छ । मनको गति अत्यधिक तीव्र छ जसले गर्दा मनोलोकमा दौडिरहेका चाहनाहरूलाई भित्रभित्रै थकित

नहुन्जेलसम्म सङ्घर्ष गरिरहन्छन् । ती सपनाहरू गर्भमा रहेको बालकझैँ बाहिर निस्कन तँछाडमछाड गरी सङ्घर्षरत छन् । तथापि प्रसब पीडा अथवा बाहिरको प्रतिकूल वातावरण त्रसित रहनुपर्ने बाध्यता छ तर पनि बाह्य वातावरणमा भिजिसकेपछिको आनन्द निश्चय नै सुखद् होला भन्ने कल्पनामा रमाउँदारमाउँदै प्रत्येक क्षण, पलहरू बितिरहेको कुरालाई सिर्जनाका कसीमा उतार्न कवयित्री सफल देखिन्छिन् ।

प्रस्तुत कविता मुक्तछन्दमा रचिएको छ । सरल, सहज, बोधगम्य भाषाको प्रयोगले उक्त कविता पठनीय बनेको छ । संरचनाका दृष्टिले कवितामा छोटा हरफहरूमा एक शब्दको प्रयोग गरिएको छ । लामा पङ्क्तिहरूमा आठ शब्दसम्मको शब्द संयोजन गरिएको छ । माथिको कविताको मूल उद्देश्य भनेको प्रत्येक मानवमा नयाँनयाँ सोच, कल्पना, भावना र विवेक हुन्छ तर पनि सामाजिक, पारिवारिक, बन्धन, मर्यादा आदिले गर्दा कुन्ठित हुनुपर्ने विवशतापूर्ण जीवनशैलीलाई स्पष्ट दर्शाउन खोजिएको छ ।

## ४.२.२० 'एब्स्ट्रयाक प्रेम'

यस सङ्ग्रहको उन्नाईसौँ कविता 'एब्स्ट्रयाक प्रेम' शीर्षकमा रहेको छ । प्रस्तुत कविताको विषय अमूर्त मायासँग सम्बन्धित रहेको पाइन्छ । किनभने संसारमा मूर्त वस्तुको मोल अधिक देखिन्छ । तथापि माया, प्रेम भनेका चीजहरू अमूर्त हुँदाहुँदै पनि अत्यधिक मान्छेलाई असर पुऱ्याउने अनमोल चीज हुन् । उक्त कवितामा कवयित्री स्वयम् पुरुषका रूपमा एउटी नारीलाई सम्बोधन गर्दै प्रश्नवाचक चिह्नको प्रयोग गरेर विश्वास दिलाउन प्रयासरत देखिन्छिन् । तिमीलाई मैले प्रेम नगरेको आभास छ तसर्थ तिमीलाई माया गर्दिन भन्नुको तात्पर्य अधिक प्रेम गर्छु । तिमीलाई मन नपराए पनि के फरक पर्छ ? यस कविताका पङ्क्तिले असीमित मन पराउँछु भन्ने कुराको भित्री आशय तिमीलाई म एउटै प्रणयसूत्रमा बाँध्न चाहेको भन्ने देखिन्छ । यी सबै कुराहरू कुनै मठ, मन्दिरमा भने सदासदा इज्जतसाथ, हार्दिकतापूर्वक यही कुराको विश्वास दिलाउन चाहन्छु कि सदैव तिमी मेरी हौँ । साथसाथै तिमीलाई कदापि बदनाम गर्नेछैन । आन्तरिक हृदयबाट सम्मानपूर्वक प्रेम गर्नेछु जसले गर्दा बाह्य रूपमा कसैलाई उक्त कुराको जानकारी हुनेछैन  भनिएको छ । तलका कविताका हरफले यही कुरालाई पुष्टि गरेका छन् कि तिमी मेरा ईश्वरभन्दा सक्रिय छौ । प्रत्येक सुखदुःखका क्षणमा तिमी नै तिमी छौ । हरपल, हरधड्कन, हरघडी म तिम्रै नामको जप गर्नेछु । अवस्थाअनुसार कहिले प्रतिकूल हुनुपर्ने बाध्यतामा अर्कै खालको अनुभूति हुनु अकल्पनीय हुनसक्छ । तथापि तिम्रा ती प्रत्येक आवाजलाई हार्दिकतापूर्वक प्रेम गरिरहेको हुन्छु भन्ने विषय नै कवयित्री कविताका हरफहरूमा लेख्छिन् ।

उक्त कविता सिधा बोध हुन सक्ने, सरल भाषाशैलीको प्रयोगले गर्दा आनन्ददायी बनेको छ । संरचनाका हिसाबले जम्मा तीस पङ्क्तिमा रचना गरिएका उक्त कवितामा चार शब्ददेखि नौ शब्दसम्मका वाक्यहरू रहेका छन् । प्रेमविषयक कवितामा प्रेम भन्ने वस्तु अमूर्त छ । यसलाई मूर्त रूप प्रदान गर्न अनेकौँ कठिनाइको सामना गर्नुपर्छ, त्यसपछि मात्र प्रेमको रहस्य बुझ्न सकिन्छ भन्नु नै उक्त कविताको मूल आशय हो ।

## ४.२.२१ 'अलिकति माया'

यस सङ्ग्रहको बीसौँ क्रममा 'अलिकति माया' शीर्षकको कविता रहेको छ । यस कविताको विषय प्रेमसँग सम्बन्धित रहेको छ । कवितामा कवयित्रीले आफ्नो जीवन साथीका स्मरणमा भावुकतापूर्ण पङ्क्तिहरू विन्यास गरेकी छन् । उमेर र आफ्नो अवस्थाका क्षणहरूमा प्रेमी अथवा प्रेमिका टाढा रहँदाका पल, जसले गर्दा बेलाबेलामा उत्पन्न हुने स्मरणले गर्दा आफूभन्दा टाढा भएर रहेको प्रेमलाई नजिकमा पाउँदा कस्तो होला भन्ने विषयमा केन्द्रित रहेको छ । म तिमीलाई प्रेम गर्छु ।  त्यसैगरी तिमीले मलाई प्रेम गर्दछौ । आपसमा हाम्रो प्रेम मुना र मदनको जस्तो गम्भीर नहोला तथापि म तिम्रो प्रेमको प्रतीक्षा गर्छु भन्दै शीर्षकसँग तादात्म्य देखाइएको छ । प्रस्तुत कवितामा प्रेमको आवेग क्षणिक हुन्छ तर पनि मनमा उठ्ने तीव्र चाहनालाई नियन्त्रण गर्न गाह्रो महसुस गरिएको छ । हाम्रो बीचमा भेटघाट, माया साटासाट गर्दा नै के भयो र भनी विस्मयादिबोधक चिह्नको प्रयोगले प्रेमको हर्षसँगै विस्मय पनि तुल्याएको छ । दैनिक जीवनमा आइपर्ने कठिनाइ, समस्या, अप्ठ्यारा र अवरोधलाई पन्छाउँदै मसँग भेट्न आऊ अनि म पनि तिमीसँग भेट्न सक्छु त्यसबेला प्रेमको झल्को मेरो सामु र तिम्रो सामु हामी दुवैले प्रकट गरौँला भनी भावनात्मक कुरालाई यस कविताले प्रस्तुत गर्न खोजेको छ ।

यस कवितामा व्यावहारिक दृष्टिकोणले सरल मानिएका शब्द र पदको प्रयोगले गर्दा पटकपटक पढौँ लाग्ने प्रभावशाली भाषिक प्रयोग छ । संरचनाका दृष्टिले सोह्र पङ्क्तिमा लेखिएको उक्त कवितामा चार शब्ददेखि पाँच शब्दसमूहको प्रयोग गरिएको  छ । प्रेमसँग सम्बन्धित भएकाले कवितामा शृङ्गार रसका दुई भागमध्ये विप्रलम्भ शृङ्गार रसको आधिक्य रहेको छ । ती टाढा रहेका प्रेमीप्रेमिकाका बीचमा पलाएको मायाको मुनालाई अझ प्रगाढ बनाउनका लागि भेटघाट सँगसँगै मायाका कोसेली आदानप्रदान गर्नाले अझ सुनमाथि सुगन्ध हुनेथियो अथवा हुन्छ भन्नु नै यस कविताकमो मूल सन्देश हो ।

## ४.२.२२ 'त्यस्तै बित्छौ'

**डढेलो** कवितासङ्ग्रहको एक्काईसौँ कविता 'त्यस्तै बित्छौ' शीर्षकमा रहेको छ । यस कवितामा प्रकृतिको नियम नै निरन्तर चलिरहन्छ । जीवनका आरोह, अवरोह क्रमशः चक्रवत् गति लिएर अगाडि बढिरहन्छन् । यसरी बढिरहेको अवस्थामा समग्र मानवजीवनले केही नयाँ

परिवर्तन गर्न खोज्छ । तथापि केही गर्न सक्दैन अथवा केही नयाँ सिर्जना गर्दा पनि त्यो इतिहासमा नै सीमित रहन्छ । हामी सबै एउटा विगत बन्छौँ । एकादेशको कथा बन्ने गर्छौं । हाम्रा अनेकौँ चाहना, इच्छालाई नचाहँदानचाहँदै पनि कुण्ठित भएर बस्नुपर्ने बाध्यात्मक स्थिति रहेको छ । सामाजिक, पारिवारिक मर्यादाका रेखाहरूका डर, सन्त्रास आदि नै कुण्ठाका कारणहरू हुन् । समाजमा एकआपसमा विश्वास गर्न सक्दैनौँ किनिकि शङ्काउपशङ्काले हामीलाई पिरोली रहेको हुन्छ । आफ्नो क्षणिक फाइदाका लागि भावी पिँढीमा पनि असर पर्ने गरी तँछाडमछाड, हत्या, हिंसामा समेत पछि हट्दैनौँ । एउटाको मरण भएको खण्डमा जीवनको परिभाषा र महत्त्व बुझ्छौँ । त्यही मृत्यु आफ्नै पछाडि लम्किरहेको दृश्यको अगाडि भने अन्धो साबित बनेका छौँ । अर्कालाई मार्गनिर्देशन गर्न सफल ठान्छौँ तर आफ्नो मार्ग नै अन्योलमा अँध्यारोले ढाकिरहेको देख्दैनौँ जसले गर्दा अर्कालाई छल्नुपर्ने भन्दाभन्दै आफैँ छलिएर अन्धकारमा पिल्सिरहेका हुन्छौँ । मानजजीवनको इतिहासमा मान्छेको आयु सीमित छ तथापि अजम्बरी बनेर शताब्दी बाँच्न  सक्ने कल्पना गर्दै बिताइरहेका छौँ । आफ्नै अगाडि र पछाडि डरलाग्दो अवस्थाका बीचमा मान्छे छ तथापि जीवनको हँसाइमा रमाइरहेका छौँ । किन यसरी भूल गर्दैछौँ ? भन्ने विषयमा प्रस्तुत कविता केन्द्रित रहेको छ ।

भाषाशैलीका हिसाबले बोलीचालीको सामान्य भाषिक प्रयोगले गर्दा कविता पठनीय बनेको छ । संरचनाका दृष्टिले उक्त कवितामा छोटा दुई शब्ददेखि लामा पङ्क्तिमा ६ शब्दसमूहका वाक्यहरूको प्रयोग गरिएको छ । यस कवितामा मानवले आफ्नो भविष्यका कठिनाइ आफैँ नै निम्त्याइ रहेको छ । मान्छेका बीचमा स्वार्थ, लिप्सा, झैँझगडा आदिले गर्दा आउँदा पिँढीका लागि पनि अन्धकार निम्त्याइदिएको देखिन्छ । क्षणिक मानवचोलामा घमण्डी, अहङ्कार आदिको अन्त्य गरी सही मार्गको अवलम्बन गर्नु नै मानवकल्याण हो भन्ने सन्देशमूलक प्रस्तुति गरिएको उत्कृष्ट कविता हो ।

## ४.२.२३ 'म, हामीको राजमार्ग'

यस सङ्ग्रहको बाईसौँ कविता 'म, हामीको राजमार्ग' शीर्षकमा केन्द्रित रहेको छ । यस कवितामा मान्छेको दैनिक जीवनमा बाँच्ने प्रवृत्ति, तरिकाका शैलीमा केन्द्रित रहेर 'म' र 'हामी' सार्वनामिक शब्दले पिछडिएको अथा अग्रगमनतर्फ लम्किन नसकेको अवस्थालाई दर्साएको छ । सबै मान्छेको प्रत्येक बिहानी उदाउँछ तर पनि नयाँ कार्य गर्न नसकेर होला अस्ताउने बेलासम्ममा हामीमा केन्द्रित रहन्छ । पुनः अर्को बिहानीको प्रतीक्षा गर्छ , म त्यो बिहानी पनि साँझमा परिणत हुँदा हामीमा सीमित भइ ढल्छ । यही साँझ र बिहानीजस्तो डरलाग्दो भयावह दुई रगतको नदीका किनारा भएर बितिरहेको मान्छेको जीवन छ । दैनिक प्रक्रिया त त्यही त हो जसमा उत्साह, उमङ्ग र साहस आउँदा 'म' मा केन्द्रित हुन्छ भने पुनः असफलताका अगाडि

हामीमा परिणत हुन्छ । यसरी जीवनको निर्वाह भइरहेको अवस्थामा फस्टाउन, मौलाउन भने सकेको छैन । त्यही प्रक्रियाले देशको उन्नति कसरी सम्भव छ जसले गर्दा देशले सबैलाई धिक्कारी रहेको देखिन्छ । हामी भन्न शब्दमा केन्द्रित नरही आफ्ना अन्त हृदयबाट नै दृढतापूर्वक सङ्कल्पन गर्न सकियो भने मात्र देशको उन्नति होला, देशको विकास होला भन्नु नै कवितामा कवयित्रीको चाहना प्रकट हुन्छ ।

भाषाशैलीका दृष्टिकोणले सरल, सुबोधमय सामान्य भाषाको प्रयोगले कविता पठनीय बनेको छ । प्रस्तुत कविताका हरफहरूमा छोटामा एक शब्द तथा लामा नौ शब्दहरूको विन्यासले अझ रोचकता थपेको देखिन्छ । कविताको आयाम जम्मा अठार पङ्क्तिहरू रहेका छन् भने एउटा प्रवाह पहिलो पङ्क्तिमा तीन हरफ र अन्यमा पाँचपाँच हरफहरू प्रस्तुत गरिएको छ । उक्त कवितामा प्रयोग गरिएको मूल उद्देश्य भने मानव सफल जीवन बिताउन 'म' मात्र होइन, 'हामी' मा केन्द्रित रहनुपर्छ । 'हामी' शब्दमा मात्र सीमित नरही आन्तरिक मनबाट नै दृढतापूर्वक सबै कार्यमा जुट्न सक्यौँ भने अपेक्षाकृत सफलता पाइने छ भन्न खोजिएको छ ।

## ४.२.२४ 'बाह्रखरी'

'बाह्रखरी' यस सङ्ग्रहको तेइसौँ कविता हो । यस कवितामा अक्षरको खेल नै विश्व हो, इतिहास हो, जीविकोपार्जन हो, ज्ञानको भण्डार हो, लेखकका लागि स्रोत हो भने पाठकका लागि प्रेरणाको माध्यम हो भन्दै सबै कुरालाई बाह्रखरीमा समावेश गराइएको छ । बाह्रखरीको अर्थ कुनै वर्णको मात्रसहितका बाह्र अक्षरको समूह वा सेट  (क, का, कि, की, कु, कू, के, कै, को, कौ, कं, कः) हो। कवयित्री यही बाह्रखरी बाल्यावस्थादेखि नै घोकिइ रहेकी छन् । त्यसैगरी युगौँदेखि आफ्ना पुर्खाभन्दा अगाडिको जीवनमा पनि बाह्रखरीको रगटाइ रहिरहेको भन्दै बाह्रखरीको प्रशंसा कवितामा गरिएको छ । अक्षरको स्रोत कति धैरै अथवा अक्षरको क्षमता कति धेरै अक्षरहरूको संयोजनले रामायणको निर्माण गरियो भने महाभारतजस्तो व्यापक ठूलो ग्रन्थको सिर्जना भएर पनि कहिल्यै सकिएन, रित्तिएन भन्दै आश्चर्यता प्रकट गरेकी छन् । अक्षरको विशेषता जहाँ, जसरी  उल्टो, सुल्टो, प्रयोग गर्न सकिने अक्षरको मौलिक विशेषता दर्साउँछिन् । यसको प्रयोग कहिले सकारात्मक भएर आउँछ जसले संहारको कार्य पनि गर्छ भन्दै बाह्रखरीलाई सृष्टि र संहारको बीचमा तुलना पनि गरिएको छ । कवयित्री स्वयम् बाह्रखरीको महत्त्व बुझेर त्यसैलाई मूल आधार बनाएर साहित्यका ठेलीको निर्माण गरी पाठकलाई प्रदान गर्न पाएकीले गर्दा भित्रैदेखि गौरवान्वित भएको महसुस गर्दछिन् ।

माथिको कवितामा मात्र बाह्रखरीलाई आधार बनाएर लेखिएको रचना हो । त्यही अक्षर निर्माण र प्रयोगको अवस्थालाई सहज, सरल, भाषाशैलीको प्रयोग गरी रचिएको कविता हो । संरचनाका दृष्टिले उक्त कविताका हरफहरू छोटामा दुई शब्दहरूको संयोजन गरिएको छ भने

लामा हरफहरू पाँच शब्दसमूहहरूको संयोजन गरिएको हुनाले कविता पठनीय बनेको देखिन्छ । आयामका दृष्टिले सम्पूर्ण कवितामा बीस हरफहरू रहेका छन् । कहीँकहीँ योजक चिह्नको प्रयोग गरिएको छ भने अन्य कहीँ कुनै प्रकारका चिह्न प्रयोग गरिएको छैन । यस कवितामा कवयित्रीले अक्षरको खेल अथवा बाह्रखरीको चमत्कार व्यापकताका साथै क्षमताको मुक्तकण्ठले प्रशंसा गरिएको कविता हो । यसमा बाह्रखरीको प्रयोग गर्ने शैली, तरिका आदिको पनि प्रशंसा गरिएको छ ।

## ४.२.२५ 'मान्छे हराउने सहर'

यस सङ्ग्रहको चौबीसौँ कविता 'मान्छे हराउने सहर' शीर्षकमा केन्द्रित रहेको छ । कविताको शीर्षकले नै प्रस्ट पार्छ कि कुनै विकसित मुलुकहरूमा देखिएको व्यापकता, त्यहाँको रहनसहन, वातावरण, दिनचर्या आदिमा नौलो व्यक्ति हराउने सम्भावनालाई दर्साउन खोजिएको छ । कवयित्रीले अन्य कुनै देशमा भ्रमणका सिलसिलामा पुगेर त्यहाँको अवस्थालाई तटस्थ रूपमा कविताका माध्यमद्वारा प्रस्तुत गर्न खोजेकी छन् । कवयित्रीका आँखा अगाडि अनेकौँ दृश्यहरू आइरहेका छन् । मानिसहरू आआफ्ना जिम्मेवारी, कर्तव्य, आवश्यकता, गुजारा चलाउन सडकमा एकअपासमा ठेलमठेल गरिरहेको दृश्य देखिन्छन् । त्यसैगरी त्यहाँका मानिसलाई ओसारपसार गर्नका लागि साधनहरूको उत्तिकै भीड भएको अवस्थालाई कवयित्रीले दृश्यावलोकन गरिरहेकी छन् । आआफ्नो आवश्यकता पूर्ति गर्ने उद्देश्यले मान्छे कोही पसलतर्फ, कोही थकित अवस्थामा, चौतारामा बसेर आराम गरिरहेको दृश्य, युद्धाका पात्रहरू आआफ्ना इष्टदेवको दर्शनका लागि मन्दिरतिर, कोहीकोही सम्भवतः युवायुवतीहरू मनोरञ्जन, आनन्दका लागि पार्कतिर लम्किरहेका छन् भने कवयित्री एक ठाउँमा बसेर कविताका हरफहरू कोरिरहेकी छन् । त्यस सहरको घरका प्रकारहरू विदेशी मुलुक जापान, चीन, अमेरिका, बेलायतका विभिन्न आकारप्रकारमा सिर्जिएका घरहरूको वर्णन गरिरहेकी छन् । त्यहाँ घरको क्षमताभन्दा बढी मान्छेको बसोबास, आवश्यकताअनुसार कार्यालय आदिको अवस्थालाई वस्तुगत वर्णन गरिएको उत्कृष्ट कविता हो । तथापि प्रस्तुत कवितामा देश र सहरको नाम नभएकाले यही हो यो देश भन्न अवस्था भने देखिँदैन ।

माथिका कविताका हरफहरू निर्माणका लागि कवयित्रीले बोलीचालीको सामान्य भाषिक प्रयोगले गर्दा कविता रोचक बन्न पुगेको छ । संरचनात्मक दृष्टिले उक्त कवितामा छोटामा एक शब्ददेखि लामामा चार शब्दको प्रयोग गरी लेखिएको छ । एउटै प्रवाहमा पोखिएको कवितामा कहीँकहीँ (,) चिह्नको प्रयोग गरिएको छ भने अन्त्यमा एउटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । यस कविताको मूल उद्देश्य ठूलाठूला सहरको अवस्था, व्यवस्था र स्थितिलाई

प्रस्तुत गर्नु नै रहेको छ । त्यस्ता सहरमा मान्छे हराउने गर्छन् भन्ने सम्भावनालाई व्यक्त गरिएको छ ।

### ४.२.२६ 'असम्बद्ध यात्रा'

'असम्बद्ध यात्रा' कविता यस सङ्ग्रहको पच्चीसौँ कविता हो । यसको सोझो अर्थ लक्ष्यहीन यात्रा हो भन्न सकिन्छ । जीवनको दिनचर्यालाई नै यात्राका रूपमा लिइएको हुनाले यस कविताको शीर्षक सार्थक छ । यसमा जीवनको भोगाइ, आरोह, दुःख, सुख, अवरोह, तीता, मीठा क्षणहरूको सङ्ग्रह नै भएकाले अपेक्षाकृत उद्देश्यहरू कहिल्यै पूरा नभएका कारणले आफ्ना भावनाहरू कहिले बस्दै, कहिले उठ्दै, कहिले हिँड्दै गरेको भए तापनि यस जीवनको यात्रा कुनै विषयसँग सम्बन्ध नभएको विचार पोख्छिन् । तर पनि गतिहीन भएर होइन, सङ्घर्ष भने बारम्बार गरी नै रहेकी छिन्, जसले कुनै गन्तव्य अथवा लक्ष्यमा पुऱ्याउँछ भन्ने आशाको तन्तुका सहारामा बाँचिरहेकी छन् । यसरी आएका कठिनाइ, विवशता आदिमा रुकावट अथवा न्यूनता भने नहोस् भन्ने कवितामा कवयित्रीको प्रबल इच्छा रहेको छ ।

सरल, सहज, पठनीय, बोधगम्य भाषाशैलीको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ । संरचनात्मक हिसाबले यस कवितामा छोटामा दुई शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी लामा हरफहरूमा चार शब्दहरूको प्रयोग गरिएको छ । उक्त कविताको मूल उद्देश्य अर्थहीन जीवन भोगाइ, सम्बन्धहीन दैनिक जीवनयापन रहेको छ । मान्छेको जीवनयात्रा लक्ष्यहीन, गन्तव्यहीन भए पनि यस यात्रामा थकान नहोस् भन्ने सन्देश प्रदान गरिएको कविता हो ।

### ४.२.२७ 'शब्दध्वनि'

यस सङ्ग्रहको छब्बीसौँ कविता 'शब्दध्वनि' कविता हो । यस कवितामा सम्प्रेषणीय ध्वनि शक्तिको चर्चा गरिएकाले शीर्षकअनुसार कविता सार्थक देखिन्छ । शब्दकै सहयोगले ध्वनिको उत्पत्ति हुन्छ । शब्द लेखिन्छ भने ध्वनि सुनिन्छ । तर पनि शब्द र ध्वनिको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । आपसमा यी दुवैको संयोजनले गर्दा कवितामा तिम्रा शब्दध्वनि भनेर द्वितीय पुरुषको प्रयोग गरी सम्बोधन गरिएको छ । तसर्थ कसैद्वारा प्रेषित, लिखित सन्देशका सहायताले ती मीठा शब्दप्रयोगले 'म' तिमीसँग आकर्षित हुँदै जाँदैछु भनिएको छ । तिमीले तयार गरेका शब्दध्वनिहरू पुन नफेर्नु किनकि मलाई प्रिय लाग्छन् भनिएको छ । त्यसै शब्दध्वनिका आधारमा तिमीसँग नजिक हुँदैछु । मेरो प्रतिक्रियामा आएका अन्योलपूर्ण शब्दमा नअलमलिनु किनकि प्रत्यक्ष स्वीकार्न नसके पनि परोक्ष रूपमा अवश्य मलाई तिमीप्रति लगाव छ । तिमीले प्रयोग गरेका मर्मस्पर्शी शब्दले आज म तिमीलाई सजाउँदैछु । रामायणकी पात्र शबरीले जसरी रामको आगमनमा स्वागतार्थ पथपथमा फूलको ओछ्यान लगाएकी थिइन्

जसरी पार्वतीले शिवजीलाई अन्तर्हृदयदेखि चाहेर शिवजीलाई प्राप्त गरेकी थिइन् । महाभारतका पाँच पाण्डवको इज्जत जगाउन द्रौपदीले नाङ्गिएर चुनौती दिएकी थिइन् त्यसैगरी म तिम्रो प्रतीक्षामा बसेकी छु । तसर्थ आधा बाटोमा अन्यको इसारामा नअल्मलिनु भन्दै आफ्नो प्रेमको पराकाष्ठा प्रस्तुत कवितामा कवयित्रीले व्यक्त गरेकी छन् ।

अन्ततः भाषाशैलीको प्रयोगका दृष्टिले सहज, सरल शब्दको प्रयोगले कविता पठनीय बनेको छ । त्यसैगरी प्रेमसँग सम्बन्धित भएकाले विप्रलम्भ शृङ्गार रस प्रयोग छ । संरचनात्मक हिसाबले छोटामा दुई शब्ददेखि लामा सात शब्दसमूहसम्मको प्रयोग उक्त कवितामा गरिएको छ । कविताको आयाम बीस पङ्क्तिमा फैलिएको छ । प्रस्तुत कविताको मूल उद्देश्य मानव जातिमा प्रेमको उद्गार शब्दध्वनिबाट निर्माण हुन्छ त्यो प्रेम सफल बन्नका लागि पहिले जे शब्दध्वनिको प्रयोग गरियो त्यसैको पालना गरेमा सार्थक हुन्छ भन्नु रहेको छ ।

### ४.२.२८ अञ्जुलीबचाइ

प्रस्तुत कविता उक्त सङ्ग्रहको पृष्ठनम्बर ५५ मा रहेको छ । उक्त कविताको शीर्षक अँजुलीबचाइ हो । ती जीवनका भोगाइ, अनुभव र त्यसमा आइपरेका कठिनाइलाई नै प्रस्तुत कवितामा व्यक्त गरिएको छ । ती दैनिक मानवजीवनका सत्य र यथार्थतालाई नै कवितामा पोखिएको हुनाले शीर्षक सार्थक देखिन्छ । मान्छेको जीवन आजभोलि भन्दै व्यतीत क्षणहरू इतिहास बन्ने छ तर केकस्ता सत्यतालाई आत्मसात गरियो भने केकति आफ्नो स्वार्थपूर्तिका लागि सङ्घर्ष गरियो भन्नु नै उक्त कविताको विषयवस्तु रहेको छ । सत्य, तथ्य तथा प्रमाणित मानिएका कैयौँ अवस्थालाई पनि आफ्नै बाहुबलका सहयोग ओझेलमा पर्नु स्वाभाविक देखिएको छ । त्यसपछि पनि सत्य साबित कुराहरूलाई महत्त्वहीन ठानिन्छ । ती परम्परासँग गाँसिएका खोक्रा आदर्शलाई विगतमा अनुसरण गरेको हुनाले आज खबरदार किन त्यसो गरिस् भनी औँलो ठड्याएको पाइन्छ । त्यो गुम्सिएर, पिल्सिएर गह्नाउने अवस्थामा पुगेको छ । बेमौसमी वर्षासमान उमेर र अवस्थाका बन्धनमा केन्द्रित रहेकी कवयित्री रङ्गहीन चलचित्र समान इतिहासलाई अनुकरण गरियो । आज आएर त्यही इतिहासका भोगाइले अँजुलीमा केन्द्रित जीवन अँगालिएको छ । परम्परामा बाँधिएको जीवन स्वतन्त्र भएको छ भन्ने विषयलाई प्रस्तुत कवितामा पोखिएको छ ।

सरल बोलीचालीको सामान्य भाषाशैलीको विन्यासले कविता पठनीय, बोधगम्य बनेको छ । संरचनात्मक दृष्टिले उक्त कविता छोटामा एक शब्दको प्रयोग गरिएको छ । त्यसैगरी लामामा ६ वटा शब्दसम्मको प्रयोग छ । सम्पूर्ण आयाम कविता बीस हरफमा अटाएको छ । मूल उद्देश्यका हिसाबले कवितामा हिजोको जीवनका यथार्थ र आदर्शले सदैव नियन्त्रण गर्न नसक्ने र त्यसमा परिवर्तनको आवश्यकता दर्साइएको छ ।

## ४.२.२९ बधाइ

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नम्बर सन्ताउन्नमा रहेको छ । उक्त कविताको शीर्षक बधाइ हो । यस कवितामा प्रथम पुरुषको एकवचनसँग मेल खाने क्रियापदको प्रयोगले कवयित्री जीवनमा हर्षोल्लासका विभिन्न क्षणहरू प्राप्त भएका  छन् । यसरी आएका सही क्रियाकलापका परिणाममा असीमित चाहना, इच्छा तथा आकाङ्क्षा छन् तथापि विगत फर्केर हेर्दा व्यर्थ खेर गएका ती पलहरूले कवयित्रीलाई धिक्कारी रहेका छन् । उचित समयमा उचित कार्यकलापलाई सदुपयोग गरिएकाले अनेकौं हार्दिक बधाइ, हार्दिक शुभेच्छाहरू आएका भए तापनि ती कुरालाई कसरी समेट्न सक्दछु । किनभने म बाँधिएकी छु, कार्यफलको नतिजालाई लिएर हाँस्न, रमाउन सकिँदैन भने त्यो बधाई के बधाई भनेर कवयित्री आफैँमा प्रश्नवाचक चिह्नको प्रयोग गरी प्रश्न गर्दैछिन् । आफ्ना चाहनाहरू तृष्णाको जालो बनेर चारैतिरबाट आक्रोशित मुद्रामा हेरिरहेका छन् । अझ मनोकाङ्क्षाले त मलाई पिरोलिरहेको छ भन्दै कवयित्री आफ्ना भावनाहरू कविताका पङ्क्तिमा पोख्छिन् ।

यो सामान्य भाषाको विन्यास गर्नाले उत्कृष्ट बनेको कविता हो ।  उक्त कवितामा कहीँकहीँ प्रश्नचिन्हको प्रयोग छ भने कहीँकहीँ विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको छ । अन्त्यमा पूर्णविरामको प्रयोग गरिएको  हुनाले अन्य कवितामा तुलनामा धेरै लेख्य चिह्नको प्रयोग गरिएको कविता हो । संरचनात्मक दृष्टिले छोटाछोटा पङ्क्तिको प्रयोग गरिएको छ । त्यसैगरी लामामा चार शब्दको प्रयोग गरिएको छ । सम्पूर्ण आयामका दृष्टिले सोह्र पङ्क्तिमा कविता अटाएको छ । मूल सन्देशका हिसाबले उक्त कवितामा मान्छेका चाहना, आकाङ्क्षा तथा हर्षका परिणामहरू जति भए  पनि बन्धनमा बाँधएर त्यसको अनुभव गर्न सक्दैन भन्नु नै कवयित्रीकिो सन्देश मान्न सकिन्छ ।

## ४.२.३० इन्द्रेणी पाइला

प्रस्तुत कविता उक्त सङ्ग्रहको पृष्ठ नं. सन्ताउन्नमा रहेको छ । यस कविताको शीर्षक ‘इन्द्रेणी पाइला’ हो । उक्त कवितामा प्रथम पुरुष एक वचन ‘म’ ले द्वितीय पुरुष तिमीलाई सम्बोधन गरिएको छ । कविताको विषय पनि प्रेमसँग सम्बन्धित रहेको देखिन्छ । तिमी भन्ने पात्रले ‘म’ पात्रलाई यस संसारमा आँखा टोलाइञ्जेलसम्म खोजिएको तथापि भेट्न नसकेको अवस्थालाई प्रस्तुत गरेको छ । प्रेमको पीडाले पीडित भएका अवस्थामा विभिन्न स्थानमा खोज्दै हिँडेको तथापि नभेटिएको जसले गर्दा आफ्नै मस्तिष्कमा खोज्दा मात्र भेट हुने गरेको प्रसङ्गलाई व्यक्त गरिएको छ । प्रत्येक बिहानी तिम्रो खोजीमा उदाएको छ भने दिनभरि साँझपख पनि दृश्य वस्तुहरूमा तिम्रो नै झझल्को आउनाले त्यस्तै त्यो दिन पनि अस्ताउँछ ।

तिमीबाट नै सुरु भएर तिमीमा नै अन्त्य हुन्छ । मेरो उद्देश्य तिमीलाई भेट्नु मात्र होइन । तिमीसँग भेटेर रमाइला क्षणहरू पनि बिताएको कल्पनाले गर्दा अझ मलाई असर पुऱ्याइरहेको छ । तिमी पनि मलाई अवश्य खोज्दै तर कहाँ खोज्छौ ? भन्दै प्रश्नवाचक चिह्नको प्रयोगले अझ आफैँमा प्रश्न गर्न खोजिएको छ । तिमीले मलाई अन्यत्र खोज्नु पर्ने आवश्यकता छैन आफैँमा एकाग्र भएर आँखा चिम्लिएर खोज मलाई प्रत्येक इन्द्रेणीका पाइलामा भेट्छौँ भनी कवयित्री आफ्नो र अर्को द्वितीयपुरुष तिमीलाई आफ्ना मनोभावनाहरू कविताका पङ्क्तिमा पोख्छिन् ।

सामान्य, बोलीचालीको भाषाशैली प्रयोग गरिएको गद्य कविता हो । यस कवितामा न्यूनतम एक शब्दको प्रयोग गरिएको छ । त्यसैगरी अधिकतम पाँच शब्द समूहको संयोजनले गर्दा कविता उत्कृष्ट बन्न पुगेको छ । सम्पूर्ण कविताको आयामगत दृष्टिकोणले बाइस पङ्क्तिमा हरफहरू अटाएका छन् । मूल उद्देश्य कवितामा जब मान्छेमा प्रेम हुन्छ तब समग्र वस्तुमा आफ्नो नजिकको अथवा प्रेमीको चिन्तनले सताउँछ भने मीठा कल्पनाले अझ प्रोत्साहित गर्छन् भन्नु नै प्रस्तुत कविताको सन्देश हो ।

## ४.२.३१ काठमाडौँको रहर

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नं. ५८ मा रहेको छ । उक्त कविताको शीर्षक 'काठमाडौँको रहर' हो । यस कवितामा ग्रामीण परिवेशकमा स्वच्छ र सफा वातावरणमा हुर्किएका समान्य नेपालीहरूको रहर कवयित्रीको जीवनको पूर्वार्ध चरणमा जस्तै अनेकौँ तीव्र भावहरूले काठमाडौँको रमणीय सहरिया वातावरणको दृश्यावलोकन गर्ने लालसालाई विषयवस्तुका रूपमा उठाइएको छ । त्यस अवस्थामा आदरणीय, गाउँले बुद्धिजीवीको आक्षेपलाई (कविताका भाष्कर भनेर सम्बोधन गरिएको छ) पनि चुनौती दिँदै क्रमशः आफ्नो उत्कण्ठालाई पूरा गर्ने उद्देश्यले छोराछोरी अथवा छरछिमेकीलाई आफ्नो सम्पत्तिको सुरक्षाका लागि आग्रह गरेर काठमाडौँ आउने गरेको देखाइएको छ । काठमाडौँ आउनका लागि साधनमा लाग्ने कर अथवा पैसा पनि अरुसँगै मागेर खोजेर आउनुपर्ने ग्रामीण भूभागमा बसोबास गरिरहेका समग्र मान्छेका अवस्थालाई उक्त कविताद्वारा प्रस्तुत गरिएकाले यथार्थ पीडाको अनुकरण गरिएको कविता हो भन्न सकिन्छ । त्यसैगरी अन्य मेरा साथीहरूको अवस्था पनि त्यही हो तर पनि आआफ्नो कार्यदक्षताले गर्दा आजको समयमा प्रतिष्ठित सभा समारोहमा भेटिने गरेका छन् । समय गतिशील छ भने मान्छे पनि अवसरको खोजीमा हिँडिरहेको हुनाले पूर्वको अवस्थामा परिवर्तन आएको छ । तसर्थ म पनि आज काठमाडौँमा आइपुगेको अवस्थामा साथीहरूलाई केशको रङ्ग नै बदलिरहेको अवस्थाले धेरै लामो समयको अन्तराललाई प्रस्ट पार्न खोजिएको छ ।

उक्त कवितामा सुबोधगम्य, सहज, पठनीय भाषाशैलीको प्रयोगले कविता पठनीय बनेको छ । संरचनात्मक दृष्टिमा छोटामा एक शब्दको प्रयोग छ । लामा पङ्क्तिहरूमा पाँच शब्द संयोजन गरिएको गद्य कविता हो । यस कविताको मूल सन्देश ग्रामीण जीवनका सहरिया सभ्यताप्रति उठेका तीव्र चाहना र इच्छाले गर्दा अनेकौं कठिनाइलाई सामना गरेर पनि काठमाडौं सहर आउने क्रमलाई प्रत्यक्ष रूपमा प्रस्तुत गर्नु नै प्रस्तुत कविताको ध्येय हो ।

## ४.२.३२ परम्पराको नदी

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नं. ६० मा रहेको छ । उक्त कविताको शीर्षक 'परम्पराको नदी' रहेको छ । मानिसका दैनिक जीवनका भोगाइ र त्यसबाट उत्पन्न पीडालाई नै कविताको मुख्य विषय बनाइएको देखिन्छ । प्रस्तुत कवितामा गरिबहरूले प्रयोग गर्ने सस्तो नाइलनको कुरा उठाइएको छ भने टेरिकटनको कपडाको पनि विषयवस्तुका रूपमा उठाइएको छ । मानवमा आर्थिक, सामाजिक, नैतिक मर्यादाले कोरका कारणले जहिल्यै पनि परम्परित मर्यादारूपी नदीले  सबैलाई बगाइरहेको छ । मान्छे भएर उसमा ज्ञान पनि छ तर त्यसको सदुपयोग गर्न पनि नियन्त्रण गरिएको छ किनकि डर र त्रासका कारणले सदासदा घोचिरहेको हुन्छ । त्यसैले गर्दा आपसका मित्रहरू पनि किनारा लाग्दै क्रमशः टाढिन पुगेको यथार्थतालाई उक्त कवितामा व्यक्त गर्न खोजिएको छ तर पनि बाध्यतावश विवश भएर परम्पराको विँडो धानिरहेको छ । संस्कारजन्य कुराले घच्घच्याइ रहेको छ । आफ्ना करतुतलाई घर समाज भन्दै सभ्यतालाई निलीरहेको यथार्थलाई यस कवितामा व्यक्त गर्न खोजिएको  छ । समयको परिवर्तनसँगसँगै पुराना संस्कार, संस्कृति, रीतिरिवाजले अब पूर्ववत् नियन्त्रण गर्न सक्दैन जसरी चम्किला, धारिलो, खुकुरीको धार केही वर्षपछि वातावरणको प्रभावले खिया लाग्छ । त्यसको परिणाम स्वरूप पहिलेजस्तो काम गर्न सक्दैन । त्यसैगरी प्राचीन संस्कार, रीतिरिवाज पनि खोक्रिसकेका छन् । ती संस्कार अस्तित्वहीन भइसकेका अवस्थालाई कविताका माध्यमद्वारा प्रक्षेपण गर्न खोजिएको छ ।

माथिको कविता सरल, सहज, पठनीय भाषाशैलीको प्रयोगले अझ उत्कृष्ट बन्न सफल भएको छ । उक्त कवितामा संरचनात्मक दृष्टिले शब्दप्रयोग छोटामा एक शब्दको प्रयोग गरिएको पाइन्छ । मूल उद्देश्य प्रस्तुत कवितामा समयको गतिले समग्र मानव जीवनमा ठूलो प्रभाव पारेको देखिन्छ, जसले गर्दा मान्छेमा पनि ती मर्यादा, परम्परा, संस्कार, संस्कृति, प्राचीन सभ्यताले अब नियन्त्रण गर्न सक्दैन भन्नु नै यसको सन्देश हो भन्न सकिन्छ ।

## ४.२.३३ बिलौना

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नं. ६१ मा रहेको छ । उक्त कविताको शीर्षक बिलौना रहेको छ । यस कविताको विषयवस्तु कवयित्रीको आफ्नो बाल्यावस्थादेखि नै आमाको न्यानो काखको चर्चा  छ भने क्रमशः अगाडि बढ्दै जाँदाको क्षणलाई प्रस्तुत गर्न खोजिएको

छ । कवयित्रीले आफ्नी आमाको स्मरण गर्दै त्यस अवस्थालाई कवितात्मक ढङ्गले व्यक्त गरेकी हुन् । तर उनमा भर्खर मौलाउन बामे सर्दै आफ्ना आफन्तसँगको परिचय, चिनजान गर्न तम्तयार हुँदै तोतेबोली फुट्दै थियो । चराचुरुङ्गीको कोलाहलसँगै म रमाउँदै थिए भन्दै आफ्ना भावनाहरू पोखेकी छन् । त्यसैगरी जीवनको विकास हुँदै थियो अचानक एकै चोटि भयलाई आत्मसाथ गरेर मेरो अगाडि आयौ भनेर आफ्नो बाल्यावस्थालाई केन्द्रबिन्दु बनाइ नेपाल देशको अवस्थालाई परोक्ष रूमपा व्यक्त गर्न खोजिएको छ । सम्भवतः कवयित्रीको उमेर, अवस्थालाई ध्यान दिँदा उनले भोगेको देशको पीडा अथवा द्वन्द्वकाललाई आत्मसात गरेको देखिन्छ । नेपाल देश एउटाको नियन्त्रणमा थियो । त्यसपछि अचानक देशको अवस्थाले परिवर्तन गरेको भाव अझ स्पष्ट हुन आउँछ । कविताका अन्य पङ्क्तिमा भय, त्रासका लक्षण बुझिने महिषासुर, बन्दुक र विष जस्ता शब्दको प्रयोगले  त्रसित तुल्याएको क्षणलाई व्यक्त गर्न खोजिएको छ । त्यसपछिका अन्य पङ्क्तिहरूमा नेपालका पहाडी भेगमा फुल्ने गुराँस तथा धर्म संस्कृति पर्वलाई स्मरण गर्दै त्यसप्रतिको लगाव रहेको देखाइएको छ । उनको मातृभूमिप्रति ममता तथा संस्कृतिप्रतिको स्मरण गरिएको हुनाले राष्ट्रियताप्रति लगाव देखिन्छ ।

भाषिक प्रयोगका दृष्टिले सामान्य बोलीचालीको प्रयोग छ । कविताको संरचनाका हिसाबले छोटामा तीन शब्दको प्रयोग गरिएको छ । त्यसैगरी लामा कविताका हरफहरूमा ६ वटा शब्दको प्रयोग गरिएको छ । सम्पूर्ण आयामगत हिसाबले बयालीस पङ्क्तिहरूको संयोजन गरिएको छ । मूल उद्देश्यका दृष्टिले प्रस्तुत कविताका माध्यमद्वारा आफ्नी जन्मदिने आमाको प्रेमको झल्को साथै आफ्नो देशको संस्कार, संस्कृति पर्वप्रतिको लगाव रहेको देखाउनु नै यस कविताको लक्ष्य हो ।

## ४.२.३४ अनर्गल प्रलाप

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नम्बर त्रिसठ्ठी मा रहेको छ । उक्त कविताको शीर्षक 'अनर्गल प्रलाप' हो । यस कविताको शीर्षकले नै स्पष्ट पार्न खोजेको छ कि नियन्त्रणहीन चिच्चाइ भन्ने अर्थ बुझाएको छ । मान्छेको मन अनेकौं चोड, पीडा, दुःख, व्यथा, निराशा, कुण्ठा र मनोकाङ्क्षाले गर्दा ग्रसित छ । यसरी मनभित्र रहेको यस्तो  पीडालाई कहिलेसम्म साँचौं कसरी नियन्त्रण गरौं भन्दै कविताका माध्यमद्वारा प्रस्तुत गर्न खोजिएको छ । यो अवस्थालाई कसरी र कहाँ बिसाउँ यस्ता दुःखहरू जसलाई कति गीत बनाएर आत्मसात् गरौं जीवन नै असुरक्षित छ । आफ्नो जीवनका अतीतलाई कति स्मरण गरौं, असुरक्षित, अनियन्त्रित हुँदै पल्किएका छन् । आन्तरिक मन एक्लै छ उसले सहयोगी खोज्छ, आफू बाँच्नलाई सहज जीवन चलाउन खोजिएको छ । उसको बासस्थानका लागि स्थान छ तथापि भड्किरहेको अवस्थालाई नै प्रकट गरिएको छ । घामको न्यानो तातोलाई घामको पीडा,  पैदल यात्राको कसरतको कुरा

पनि पीडा नै भएकाले जीवनका मोडमा अनेकौं समस्या, पीडा नै पीडालाई व्यक्त गर्न खोजिएको छ ।

कवितामा सरल, सहज, पठनीय, सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । संरचनात्मक दृष्टिले छोटामा दुई शब्दको प्रयोग गरिएको छ । त्यसैगरी लामा पङ्क्तिहरूमा पाँच शब्दहरूको संयोजन गरिएको छ । सम्पूर्ण आयामगत हिसाबले सत्र हरफहरूमा एउटै प्रवाहमा प्रस्तुत गरी अन्त्यमा पूर्णविराम चिह्नको प्रयोग गरिएको गद्य कविता हो । उक्त कविताको मूल सन्देश भावनाका अनेकौं समस्या र पीडालाई प्रस्तुत गरी मनका भावनाहरू पोखिएका छन् ।

## ४.२.३५ चौबाटो

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नम्बर चौसठ्ठी मा रहेको छ । उक्त कविताको शीर्षक चौबाटो हो । यस कविताको विषयवस्तु मान्छेको जीवनशैलीमा आइरहेका आरोह, अवरोहलाई नै केन्द्रविन्दु बनाइएको छ । एउटा व्यस्त सहरको सडकमा यातायातका साधन तथा मान्छेको आवागमनमा अनेकौं पाइला देख्न सकिन्छ । त्यसैगरी मान्छेको जीवनको चौबाटो मध्यमा पनि अनेक मोड, प्रवृत्तिहरू देखापर्नु स्वाभाविक मानिन्छ । यस कवितामा यसरी आएका मान्छेका सपना, आकाङ्क्षा, चाहनालाई व्यक्त गर्न खोजिएको छ । मान्छेको हिँडाइमा अनेकौं चुनौतीहरू पनि सँगसँगै छन् । यसरी मान्छेका जीवनमा अनेकौं प्रकारका क्षणहरू आउने जाने गर्दछन् । तथापि दौडधूप, सङ्घर्षलाई आत्मसात् गरेर बढिरहेको हुन्छ । कसको हार र जीतको दोसाँधमा बसेर कहिले, कसैको त्रास र भय आदिबाट बाँच्दै मान्छे प्रतियोगितात्मक दृष्टिले तँछाडमछाड गरी अगाडि लम्किरहेको हुन्छ । आफ्ना आफन्तको वियोगलाई पनि बिर्सन बाध्य भई विरहका आँसुसँगै खुशीको भावलाई पनि काखी च्याप्दै, अनगिन्ती इतिहास, विगतलाई पनि कहिले स्मरणमा ल्याउँदै बढेको छ भन्दै निकै भावुकतापूर्ण तरिकाले प्रस्तुत कवितामार्फत आफ्ना भावनाहरू प्रस्तुत गरिएको छ । प्रेमको सार्थकता, त्यगमा छ भनेझैँ साँचो कुरालाई प्राप्त गर्न सङ्घर्ष, चुनौती, प्रेम सबैको सम्मिश्रण गरिएको हुनुपर्ने भाव व्यक्त गर्न खोजिएको छ ।

माथिको कवितामा सरल बोलीचालीको भाषाको प्रयोग गरिएको छ । उक्त कवितामा शैली पनि आकर्षक र शब्द विन्यासमा सरलता देखिन्छ । कविताको संरचनात्मक दृष्टिले उक्त कवितामा छोटामा दुई शब्दको प्रयोग गरिएको छ भने लामा हरफहरूमा पाँच शब्दसम्मको प्रयोग गरिएको गद्य कविता हो । सम्पूर्ण कवितामा जम्मा बीस पङ्क्तिमा अटाएको देखिन्छ । उक्त कविताको मूल उद्देश्य समग्र मान्छेको जीवन भनेको नै चौबाटो हो किनकि दैनिक जीवनयापनका क्रममा कहिले हाँसो, खुसी तथा कहिले दुःख पीडा निराशा आदि सङ्गम स्थल हो भन्नु नै प्रस्तुत कविताको सन्देश हो ।

## ४.२.३६ दुःखको नदी

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठनम्बर पैसठ्ठी मा रहेको छ । यस कविताको शीर्षक दुःखको नदी हो । उक्त कवितामा अगाडिको कवितासमान व्यक्त गर्न खोजिएको छ । अथवा जीवनका उतारचढाव नै नदीका रूपमा आएका छन् भने प्रत्येक अवस्थामा गतिवान् भएर हिँड्ने नदीले दुःख कष्टमा पनि अडिग नरहेर क्रमशः परिवर्तन हुन्छ । तथापि ती पीडा फेरि पनि फर्केर आउने कुरालाई कवयित्रीले प्रस्तुत गर्न खोजेकी  छन् । आजको बिहानीबाट नौलो सुरुआतको अपेक्षा गरिए तापनि चक्रवत् पुनः फर्केर आउने गर्छन् । त्यसैले कवयित्री दुःखी भएर किन यो चक्र पटकपटक आउने गर्छ भन्ने प्रश्नको हल गर्नु नै कविताको विषयवस्तु देखिन्छ । आफूले गरेको कार्यले गर्दा होला ती दुःखहरू शैली, ढाँचा भएर आफैँसँग आउने गरेको कुरालाई व्यक्त गरिएको छ । शरीरभित्रको मुटुको क्षमता कति धेरै पीडा छ तथापि कहिल्यै यो थाक्दैन । मुटुलाई पीडाको बोध पनि हुँदैन कि क्या हो भन्ने विस्मय आश्चर्यले चकित देखिन्छन् तर पनि धैर्यको साथीका रूपमा आउने दुःख र कष्टहरूको विशेषता निरन्तर गति लिने अथवा अडिग नरहने हुनाले कवयित्री सन्तुष्टि नै देखिन्छन् । त्यसरी आउने कुरालाई सहन बानी परिसकेकी हुनाले ती पीडा त्यत्रो प्रभावकारी भने होइन भन्नु नै पाइन्छ ।

उक्त कवितामा छोटाछोटा पङ्क्तिहरूको प्रयोग गरिएको छ । साथै बीचबीचमा योजक लेख्यचिह्नको प्रयोग गरिएको छ । सबै कवितालाई एउटै प्रवाहमा व्यक्त गरी अन्त्यमा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । सरल, पठनीय भाषा तथा शब्दविन्यासको शैलीले कविता आकर्षक बनेको छ । प्रस्तुत कवितामा छोटामा एक शब्दको प्रयोग छ भने लामा हरफहरूमा चारशब्दसम्मको संयोजन गरी सम्पूर्ण कविता सोह्र हरफमा अटाएको छ । उक्त कविताको मूल सन्देश हरेक मान्छेलाई पीडादुःखले च्याप्छ तथापि पीडाबोध नहुनु, नथाक्नु धैर्यधारण गर्नु तर त्यसलाई गति प्रदान गर्नु पर्छ भन्ने कुरा नै यस कविताको सन्देश हो ।

## ४.२.३७ साधारण मान्छे

प्रस्तुत कविता यस सङ्ग्रहको पृष्ठ नम्बर ६६ मा रहेको छ । उक्त कविताको शीर्षक 'साधारण मान्छे' रहेको छ । यस कवितामा मान्छे साधारण रहेको छ भन्ने कुरालाई  व्यक्त गर्न खोजिएको छ । मान्छे पनि त जीव हो जैविक आवश्यकता पूर्ति गर्नु पर्ने उसको कर्तव्य पनि हो । यसरी मान्छेले आफ्नो आवश्यकता पूरा गर्नका लागि केकस्ता चुनौतीहरूसँग जुध्नु पर्छ भन्ने कुरालाई प्रस्ट पार्न खोजिएको छ । सामान्य रूपमा मान्छेले मीठामीठा कल्पनालाई सजक तुल्याउन कहाँसम्मको निर्मम सङ्घर्ष गर्नुपर्छ । कहाँसम्मको कल्पना गर्नुपर्छ  यस्तै विषयलाई कवितामा विषयवस्तुका रूपमा लिइएको छ । मान्छेले पहिले कल्पना गर्छ र  त्यसपछि

कल्पनालाई साकार बनाउन सङ्घर्ष गर्छ त्यसपछि हात लागेका उपलब्धिलाई निक्यौल गर्न खोज्छ यसरी आवश्यकता अनुसारको सुझाव, सल्लाह आदि कोसँग मागोस् सबै नै स्वार्थ लिप्सामा जकडिएको छ तथापि उसले कोही न कोही मार्गदर्शकका रूपमा स्वीकार्नुपर्ने हुन्छ । त्यसपछि मात्र मान्छेको स्वाभिमान देखिन्छ । यस्तै कुरालाई कवयित्रीले पहिलो प्रवाहमा उठाएकी छन् । कवयित्रीले सङ्घर्षका प्राप्तिमा भोक, प्यास आदि अवस्थालाई सहन नसकेर कहिलेकाही त मुर्छा पर्ने अवस्थालाई औँल्याउन खोजिएको छ । मान्छेले जीवनका कठिनाइलाई चुनौती दिनु परम्परा धान्न मात्र हो अन्य उपलब्धि छैन भनी निराशावादी विचारलाई दोस्रो प्रवाहमा व्यक्त गर्न खोजिएको छ । के मान्छेको जीवनशैलीमा निर्भयता मात्र छ ? भन्ने प्रश्नको समाधान कवयित्री व्यक्त गर्छिन् । मान्छेको जीवनमा माया, ममता, सुख पनि साथमा छ । तथापि दुःखको तुलनामा सुखको अनुभव कम भएको कुरालाई कवितामार्फत् व्यक्त गर्दछिन् ।

यस कवितामा भाषिक प्रयोगका दृष्टिले बोधगम्य, सरल भाषाको प्रयोग गरिएको छ । उक्त कवितमा शब्दविन्यास गर्ने तरिका पनि आकर्षक तथा सरल प्रकारका शब्दसंयोजन गरिएको छ । तसर्थ कविता पठनीय बनेको छ । संरचनात्मक दृष्टिले छोटामा एक शब्दको प्रयोग गरिएको छ । त्यसैगरी लामा कविताका हरफहरूमा छ  वटा शब्दसम्मको  प्रयोग गरिएको छ । सम्पूर्ण आयामगत हिसाबले सतचालीस पङ्क्तिमा कविता अटाएकी छन् । पाँच प्रवाहमा भावनाहरू व्यक्त गरेकी छन् । कविताको मूल उद्देश्य जीवनका उपलब्धि, ठूलो सङ्घर्ष, यातना, पीडालाई पार गरेपछि मात्र आफ्नो अस्तित्वको संरक्षण हुन्छ । जीवन भोगाइका क्षणमा आएका कठिनाइबाट पन्छिनु कदापि हुँदैन भन्नु नै हो ।

## ४.२.३८ आँखाको स्पर्श

प्रस्तुत कविता यस सङ्ग्रहको अठसठ्ठी पेजमा रहेको छ । उक्त कविताको शीर्षक 'आँखाको स्पर्श' हो । यस कवितामा नारी संवेदना कठोर रूपमा पोखिएको छ । तात्पर्य के हो भने नारीहृदय पिल्सिएर बसेको मनको पीडाले मुक्ति पाउनु पर्छ । अनेकौं मर्यादाका कसीमा राखेर चाहना, इच्छालाई किचेर राख्नु हुँदैन भन्नु नै कविताको विषयवस्तु हो । प्रस्तुत कवितामा स्त्रीपुरुषको जीवननिर्वाह गर्ने क्रममा दुवैलाई समान अवसर, स्थान र विचारको मिश्रण गरी उपलब्धिको प्रतीक्षा गर्नुपर्छ । एकआपसमा बाँधिएको सम्बन्ध मात्र आँखाको स्पर्शले पर्याप्त हुँदैन । समाजका स्त्रीपुरुषलाई बन्धनमा बाँध्नका लागि कोरिएको आदर्श, मर्यादाले र चिह्नले मात्र पर्याप्त हुँदैन । यसरी बाँधिएका खोक्रा आदर्शले जीवन निर्वाह हुन सक्दैन । स्त्रीको आवश्यकतासँगै पुरुषको सामाजिक, आर्थिक, नैतिक आदि क्षेत्रको तथा मानसिक तनावलाई न्यून गर्न विभिन्न क्षेत्रबाट सहयोग हुन नसकेको अवस्थामा स्त्रीले सिन्दुर र पोतेका भरमा अर्काकी अर्धाङ्गिनी हुनुको औचित्य रहँदैन । त्यसका लागि ताजा फूलको परागसमान तीव्र

चाहना, आकाङ्क्षा, आदिको पनि ख्याल गर्नुपर्छ । ती सम्पूर्ण कुरालाई बुझ्न सकिएन भने अधुरो औपचारिकताका लागि मात्र सम्बन्ध हुन्छ भनेर कवयित्रीले आफ्ना भावनाहरू पहिलो प्रभावमा पोखेकी छन् । अर्को प्रवाहमा कवयित्रीले एकआपसमको प्रगाढ सम्बन्ध स्थापित गर्न आपसी समझदारी, कर्तव्य तथा संस्कारजन्य कुरालाई ध्यानमा राखेर मात्र सफल दाम्पत्य जीवन निर्वाह हुन सक्छ भनिएको छ ।

यस कवितमा गद्यलयको प्रयोगका साथै सरल बोलीचालीको भाषिक विन्यासले कविता पठनीय बनेको देखिन्छ । संरचनात्मक दृष्टिले दुई प्रवाहमा व्यक्त कवितामा छोटामा तीन शब्दहरूको प्रयोग छ भने लामा पङ्क्तिहरूमा ६ वटा शब्दसमूहको प्रयोग गरी बीस हरफमा सम्पूर्ण कविता अँटाएको छ । मूल उद्देश्य कवितामा दाम्पत्य जीवन निर्वाहका लागि उचित सम्मान, व्यवहार र कर्तव्यको आवश्यकता पर्छ भन्नु नै रहेको छ । नारी क्रान्तिको झल्को पाइनु यसको प्रमुख उद्देश्य हो ।

## ४.२.३९ प्रजातन्त्र

प्रस्तुत कवितासङ्ग्रहको पृष्ठनम्बर उनन्सत्तरीमा 'प्रजातन्त्र' कविता रहेको छ । यस कवितामा राष्ट्रियताप्रति प्रत्येक व्यक्तित्वलाई सहज, सचेततापूर्वक आफ्नो देशको गौरव बढाउन आग्रह गरिएको राष्ट्रवादी कविता भएकाले प्रस्तुत कविताको शीर्षक पनि प्रजातन्त्र राखिएको छ । आफ्नो देशमा बाँच्न चाहने, श्रम गरेर पनि असुरक्षित महसुस गर्नुपर्ने, समान अस्तित्व भएर पनि अस्तित्वहीन बनाउने प्रयासहरूलाई समूल नष्ट गर्न उक्त कवितामा आग्रह गरिएको छ । मान्छेमा समानता, स्वतन्त्रता, भातृत्व तथा भगिनीत्वको भावना जगाएर सबै जनतालाई समान अधिकारबाट वञ्चित नगराउन सम्बोधन गरिएको एउटा उत्कृष्ट कविताका रूपमा रहेको यो कवितामा प्राचीन समयदेखि मान्छेले उपभोग गरेको तथा उब्जाउ गरेर जीवन चलाउने धर्ती त हो यसमा सबै नागरिकले समान रूपमा जीविकोपार्जन गर्न पाउनुपर्छ । हिजोको इतिहासमा सबलहरूले उपभोग गरे होलान् तर पनि आज समयले कोल्टे फेरिसकेको हुनाले बीसौँ शताब्दीमा मान्छेहरू धेरै सचेत भइसकेका कुरालाई प्रस्ट उठाउन खोजिएको छ । प्रकृतिले पनि अन्याय र अत्याचारलाई सहन नसकेर रातभरि चन्द्रमा रोएको कुरा उठाइएको छ । त्यसैगरी दिनमा मान्छेले गर्ने कुकृत्यलाई देख्न नसकेर सूर्य पनि उदाउन नसक्ने अवस्था छ । आजको युगमा कोही मान्छे देवताको स्थान ग्रहण गर्न सक्दैन भनेर समानताका आवाजलाई बुलन्द गरिएको छ । यसरी हेपिएका, किचिएकाको सुरक्षार्थ कानुनका ठेलीलाई च्यात किनकि कानुन, नियम, ठेलीमा नै सीमित भए जसको परिणाममा जिउँदो, जाग्दो, उमेर र क्षमतालाई कुण्ठित गरेर मरेतुल्य जीवन निर्वाह गर्न व्यक्ति (मानिस) मध्ये म पनि हो भनेर कवयित्री आफ्नो आवेशलाई कवितात्मक शैलीमा प्रस्तुत गरेकी छिन् । यस कवितामा सरल,

सुबोध, स्पष्ट भाषाको प्रयोग गरिएको छ भने शब्दविन्यास गर्ने शैली पनि आकर्षक देखिन्छ । संरचनात्मक दृष्टिले छोटा पङ्क्तिहरूमा चार शब्ददेखि लामामा सात शब्दसम्मको प्रयोगले कविता पठनीय बनेको छ । सम्पूर्ण कविता बीस हरफमा अटाएको छ भने पाँच प्रवाहमा कवयित्रीले आफ्ना भावनाहरू व्यक्त गरेकी छन् । उक्त कविताको मूल उद्देश्य एक्काइसौँ शताब्दीमा आएर पनि मान्छेमा गरिने असमान व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ भन्ने चर्को स्वरलाई उठाइएको छ भने स्वतन्त्रताका प्राप्तिका लागि सन्देश मूलक कविता मान्न सकिन्छ ।

## ४.३ प्रमिला उप्रेतीका लघुकथाहरूको विश्लेषण

### ४.३.१ 'पप्पुको बुबा'

नेपाली साहित्यका क्षेत्रमा नयाँ आयाम थप्ने प्रमिला उप्रेती कथाकारका रूपमा पनि परिचित छन् । उनले लघुकथा लेखेर आफ्नो व्यक्तित्व निर्माण गरेकी छन् । यसरी कथालेखनमा 'पप्पुको बुबा' शीर्षक राखेर एउटा लघुकथा लेखिएको छ । त्यही कथालाई कथा विश्लेषणका सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

कथा विश्लेषणका सैद्धान्तिक आधार

कथा साहित्यको विशिष्ट गद्यविधा हो । यसको छुट्टै रचनाप्रक्रिया हुन्छ र आफ्नै सैद्धान्तिक ढाँचा हुन्छ । हरेक साहित्यिक सिर्जना त्यसका आवश्यक तत्त्वहरूको सङ्गतिपूर्ण संरचना हो । संरचना अवयवहरूको जोडजोड मात्र नभएर सिर्जनात्मक कार्य पनि हो । लघुकथा आख्यानअन्तर्गत पर्ने महत्त्वपूर्ण विधा भएकाले आख्यान संरचनाका आवश्यक तत्त्वहरूको प्रयोग कथाको संरचनामा हुनेगर्दछ (बराल र घिमिरे, २०६१ : ३) । यसरी कथाका आफ्नै संरचनात्मक घटकहरूमध्ये कथानक, चरित्रचित्रण, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली आदि प्रमुख घटक हुन् । (गौतम, २०६२ : ४८) । कथाका संरचनात्मक तत्त्वहरूका सन्दर्भमा विभिन्न समालोचकहरूले विभिन्न तत्त्वहरूको चर्चा गरे पनि प्रमुख रूपमा निम्नलिखित तत्त्वहरूलाई लिइन्छ : कथानक, चरित्र, दृष्टिविन्दु, सारवस्तु, भाषाशैली, प्रतीक र विम्ब, पर्यावरण, लय र गति (बराल र घिमिरे, २०६१ : ३) । यस शोधपत्रमा कथाका प्रमुख तत्त्वका आधारमा प्रमिला उप्रेतीका कथाको विश्लेषण गरिएको छ ।

(क) शीर्षक

प्रस्तुत 'पप्पुको बुबा' शीर्षकको कथा **प्रयोग** पत्रिका वि. सं. २०३३ सालमा धरानबाट प्रकाशित भएको हो । त्यहाँ युवा र साहित्य परिवारको संरक्षकत्वमा उक्त कथा प्रकाशनमा आउन सकेको हो । त्यसबेला त्यस पत्रिकाको मूल्य एक रूपैयाँ  थियो । कथा आफैँमा पूर्ण देखिन्छ र कुनै सङ्ग्रहमा अहिलेसम्म आएको छैन । यस कथाको शीर्षकले एउटा परिवारभित्रको

कथा हो  भन्ने कुरालाई दर्साउँछ । 'पप्पुको बुबा' भन्नेले अर्को नजिकको पात्र रहेछ भन्ने कुराको पुष्टि हुन्छ भने पप्पु छोरो भन्नासाथ बुबा पनि रहेछ भन्ने कुराको सङ्केत गरिएको पाइन्छ । तसर्थ यहाँ कथाको शीर्षकले कथाको अध्ययनपश्चात् शीर्षक सफल रहेको कुराको ज्ञान हुन्छ । यस कथामा शीर्षकअनुसार एउटा परिवारभित्रको सानो रमाइलो क्षणको प्रस्तुति दिइएको  छ । त्यसैले गर्दा कथाको शीर्षक सार्थक देखिन्छ ।

(ख) कथानक

प्रत्येक कथामा कथानकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथानकले नै पात्रलाई डोऱ्याउने कार्य गरेको हुन्छ । पात्र र कथानकको सम्बन्धमा जति प्रगाढता आउँछ कथा त्यत्तिकै सशक्त बनेको हुन्छ । त्यसै कारणले यस कथामा एउटा सानो परिवारभित्र श्रीमान्, श्रीमती, पप्पु र आमाको काखमा रहेको सानो बच्चालाई  लिएर कथानक अगाडि बढेको छ । यहाँ घरपरिवारभित्र दैनिक जीवनयापन गर्ने दैनिकीले वाक्क भएर श्रीमान्को घर छोडेर अन्यत्र जाने इच्छा जागृत भएको छ । त्यसपछि श्रीमतीले जाने हो भने कसकसलाई लिएर जाने र कसलाई चाहिँ यहाँ छोड्ने भन्ने प्रश्नको जवाफमा पप्पुको बुबाले एउटालाई लिएर जान्छु भन्ने उत्तर आउँछ । एउटा बच्चालाई लिएर गएपछि त्यस बच्चालाई आमाको काखको आवश्यकता अवश्य पर्छ । त्यसो हो भने आमालाई पनि लिएर जानुपर्ला भन्दछन् । आमाको काखमा अर्को सानो बच्चा भएका कारणले त्यो सानो बच्चालाई के गर्ने ? त्यसको प्रतिक्रिया स्वरूप उसलाई पनि लैजाने भन्दछन् । प्रस्तुत कथामा श्रीमान् र श्रीमतीबीचको वार्तालापलाई देखाउने प्रयास गर्दै कथाको अन्त्य भएको छ ।

उक्त कथाको कथानक हास्यास्पद देखिन्छ । एउटा परिवारमा जीवनका उतारचढावले वाक्क भएर श्रीमान् शान्त एक्लै बस्ने चाहना व्यक्त गर्छन् तर आफ्नो परिवारको माया, ममता र स्नेहलाई चटक्क छोड्न भने सक्दैनन् । त्यसैले गर्दा एउटा प्रमुख पात्र जसले घरको पूर्ण जिम्मेवारी वहन गरेको छ । ऊ आफू जिम्मेवारी वहन गर्न नसकेको अवस्थामा देखिन्छ । ऊ छोडेर जान सक्दैन किनकि  छोराछोरी र श्रीमतीको प्रेममा जकडिएको छ तर पनि छोड्न नसक्नुले प्रेमको पराकाष्ठा देखाइएको छ ।

(ग) चरित्र

कथाको अर्को महत्त्वपूर्ण आधार पात्र हो । पात्रले गर्ने क्रियाकलापलाई चरित्र भनिन्छ । प्रस्तुत कथामा पनि पात्रहरू सहायक र प्रमुख दुई प्रकारका पात्रहरू रहेका छन् । प्रमुख पात्र पप्पुको बुबा र उनकी श्रीमती हुन् भने सहायक पात्रका रूपमा पप्पु र सानो काखे बालक रहेका छन् । कथानकलाई डोऱ्याउने पात्रहरूले आआफ्नो भूमिका निर्वाह गरेका छन् । पप्पुको बुबा अनुकूल चरित्रको पात्र हो । उसले एउटा परिवारको  प्रतिनिधित्व गरेको छ । त्यसैले

निम्नवर्ग परिवारको प्रतिनिधित्व गरेको हुनाले वर्गीय पात्र हो । अभावले ग्रस्त निम्नवर्गको बाँच्ने र रमाउने इच्छा हुँदाहुँदै पनि समस्याले ग्रसित भएपछि जिम्मेवारी वहन गर्न नसक्ने अवस्थामा पुगिन्छ भन्ने देखिन्छ । एउटी श्रीमती घरकी गृहिणी भएकी कारणले अनुकूल पात्र हो । श्रीमान्को चाहनाअनुसार आफूलाई सक्रिय तुल्याएर अनुकूल अवस्थालाई देखाइएको छ । ती दुवै गतिशील पात्र हुन् ।

प्रस्तुत कथामा पुरुष पात्रको भूमिका अनुकूल, निम्नवर्गको चित्रणले वर्गीय, स्वभावका आधारमा गतिशील रहेका छन् भने दुई बालकहरू अबोध र अदृश्य पात्रका रूपमा आएका छन् ।

(घ) परिवेश

प्रस्तुत कथाको परिवेश एउटा ग्रामीण जीवन बिताइरहेको दुःखी परिवारको चित्रण गरिएको छ । निश्चित स्थान तोकेर देखाइएको छैन तर पनि आर्थिक अभावले ग्रस्त भएको परिवारलाई चित्रण गरिएको हुनाले ग्रामीण तथा निम्न आर्थिक अवस्था रहेको एउटा परिवारको परिवेशमा केन्द्रित कथा हो । कथाको सुरुमै एकदिन भएको हुनाले जीवनको भोगाइको कुनै एउटा मोड भन्न सकिन्छ । त्यस परिवारमा सबैसँग आपसमा सुमधुर प्रेमको सम्बन्ध रहेको छ ।

(ङ) दृष्टिबिन्दु

कथालाई छुट्याउने अथवा विश्लेषण गर्ने प्रमुख आधार दृष्टिविन्दु पनि हो । 'पप्पुको बुबा' शीर्षक कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथालाई कथाकारले तटस्थ नभएर कथाभित्र कथाकारको पनि संलग्नता रहेको छ । ऊ त्यहाँ एउटा प्रमुख पात्रको भूमिका निर्वाह गर्दै वार्तालाप गर्दै छ । त्यसैले गर्दा प्रथम पुरुष कथनढाँचामा अटाएको कारणले गर्दा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको कथा हो ।

(च) भाषाशैली

भाषा एउटा माध्यम हो । जसको सहयोगले मनमा भावनाहरू व्यक्त गर्ने गरिन्छ । शैली भनेको सिर्जनालाई कलात्मक ढङ्गले आकर्षण बनाउने ढङ्ग हो । यी दुवै भाषा र शैलीको सहयोगले हरेक रचनाहरू पठनीय बनेका हुन्छन् । प्रस्तुत कथामा पनि सामान्य बोलीचालीको गद्य भाषाको प्रयोग गरिएको छ । मध्यम आदरार्थी 'तिमी' को प्रयोग गरिएको छ । एकआपसमा वार्तालाप देखाइएको कारणले गर्दा संवादात्मक र नाटकीय ढङ्गमा भाषिक प्रयोग गरिएको छ । कथाका विभिन्न स्थानमा लेख्यचिह्नको प्रयोगले गर्दा अझ प्रभावकारी र कुतूहलपूर्ण देखिन्छ । समग्रमा बोधगम्य सरल, छोटाछोटा वाक्यको प्रयोगले कथा रोमाञ्चकारी र पठनीय बनेको छ ।

(छ) निष्कर्ष

'पप्पुको बुबा' शीर्षकको कथा एउटा निम्नवर्गको प्रतिनिधित्व गरेका वर्गीय चिन्तनले युक्त कथा हो । एउटा सानो चारजनाको परिवारभित्रको माया, ममता र प्रेमलाई यस कथाले अनुसरण गरेको छ । यो श्रीमान्, श्रीमतीबीचको अन्तर्सम्बन्ध केलाइएको कथा हो । ग्रामीण जीवन तथा निम्नवर्गमा आइपर्ने चुनौतीले आफ्नो कर्तव्यबाट वञ्चित हुन खोज्ने तर पारिवारिक प्रेमले सदैव अड्काइएको अवस्थालाई चित्रण गरिएको छ । तसर्थ वैवाहिक जीवनमा आइपर्ने कठिनाइ र स्नेहलाई कथाले दर्साएको छ ।

## ४.३.२ 'बालख'

प्रमिला उप्रेतीद्वारा लेखिएको अर्को लघुकथा 'बालख' हो । यो कथा श्री ५ वीरेन्द्रको जन्मोत्सवमा **अहिले** पत्रिकामा वि. सं. २०४३ सालमा प्रकाशित भएको कथा हो । त्यसबेला सामयिक साहित्य सङ्कलन गरेर विष्णुविभु घिमिरेको प्रधान सम्पादकत्वमा आएको देखिन्छ । त्यसबेला उक्त पत्रिकाको मूल्य दुई रुपियाँ पचास पैसा रहेको थियो । प्रस्तुत कथालाई निम्नानुसार विश्लेषण गरिएको छ :

(क) शीर्षक

'बालख' एउटा सामाजिक विषयवस्तुमा आधारित कथा हो । उक्त कथामा परिवारभित्रका ससाना केटाकेटीहरूको चरित्रलाई केन्द्रविन्दु बनाइएको छ । प्रस्तुत कथामा त्रिकोणीय अवस्थालाई दर्साइएको छ । कथाकारको छरछिमेकमा दुई परिवार रहेका छन् । ती दुवैका छोराछोरीहरू साना छन् । उनीहरू एकआपसमा कलह गर्ने र आमाबाबुबीच द्वन्द्व चल्ने क्रियाकलापलाई यस कथामा देखाइएको छ । तसर्थ बालबालिकाबीचको प्रवृत्तिलाई आधार बनाइएको कारणले प्रस्तुत कथाको शीर्षक सार्थक रहेको देखिन्छ ।

(ख) कथानक

प्रस्तुत कथा पारिवारिक पृष्ठभूमिमा आधारित रहेको छ । एउटी आइमाई मोटीको छोरो विट्टु छ । उसको स्वभाव नै चञ्चल रहेको छ । कथामा प्रस्तोताको छरछिमेकमा अथवा बीचबीचमा (हाम्रो) घर रहेको छ । अन्य दुई जनाको घर छेउमा रहेका छन् । मोटीको छोरोको नाम विट्टु हो भने अनारकलीकी छोरी पुनु हो । यी दुई बालबालिकाको उमेरमा ४/५ वर्षको अन्तर रहेको छ । उनीहरू आपसमा झैझगडा गर्दछन् । त्यसको असर आमाआमाबीचमा पर्न थाल्छ । विट्टु भन्ने बालखले पुनुलाई पिटेको कारणले आमाहरू बीच चर्काचर्की हुन्छ । ती आमाहरूको झगडामा तथानाम भनाभन हुन्छ । एउटीले अर्कीलाई होच्याउने उद्देश्यले रिस पोखापोख गर्छन् । आमाहरूको द्वन्द्व चरम अवस्थामा पुगेर अन्त्य हुन्छ । तर भोलि बिहान ती दुवै बालबालिका आपसी कलहलाई छोडेर विट्टुले पुनुलाई काँधमा बोकेर मिठाइ पसलमा

जान्छ । त्यहाँ लगेर विट्टुले पुनुलाई मिठाइ खुवाएर ल्याउँछ । तब उनीहरूको बीचमा हिजोको चर्काचर्कीले तर्साउँछ र ती दुवै जना छुट्टिन्छन् । तिनीहरू छुट्टिने बेलामा हिजो सानो झगडाले गर्दा किन धेरै साह्रो चिच्याएर रोएकी भन्ने प्रश्न गर्दै छिटो घर जा नत्र आमाहरूले देखे भने फेरि कलह हुन्छ भनी अलग हुन्छन् । ती बालबालिकाको संयोग र वियोग क्षणिक हुन्छ । जसको असर अभिभावकमा ठूलो पुऱ्याउँछ भन्दै कथानकको अन्त्य भएको छ ।

(ग) पात्र

'बालख' लघुकथामा पाँच जना पात्रलाई उभ्याइएको छ । एउटा बालक विट्टु, अर्की बालिका पुनु, दुवैका आमाहरू र कथामा हाम्रो प्रथम पुरुषीय बहुबचनको रूपमा कथाकारलाई कथामा समावेश गरिएको छ । कथामा बालबालिकाको प्राकृतिक गुण, चञ्चलता, क्षणिक द्वेष देखाइएको छ । प्रस्तुत कथाका प्रमुख पात्रहरू पनि ती दुवै बालबालिकाहरू रहेका छन् । सहायक पात्रका रूपमा आमाहरू रहेका छन् । कथामा प्रयुक्त 'हाम्रो' नामक पात्र गौण सहायक पात्र हो । बालबालिकाहरूको चरित्र अनकूल छ । स्वभावका आधारमा दुवै पात्र गतिशील छन् । लिङ्गका आधारमा एउटा विट्टु पुरुष र अर्की पुनु स्त्री पात्रहरू हुन् । आमाहरू सहायक पात्रहरू हुन् । ती दुवै प्रतिकूल पात्रका रूपमा उपस्थित भई आफ्नो भूमिका निर्वाह गरेका छन् । ती पात्रहरू असत् पात्रहरू हुन् । केटाकेटीको सानो झगडामा ठूलो सङ्घर्ष अर्थहीन देखिन्छ । किनभने भोलि बिहान केटाकेटी मिलेर मिठाइ पसलसम्म पुग्नु, मिलेर मिठाइ खानु जस्ता क्रियाकलापले उनीहरूका बीचमा निरर्थक कलह देखिन्छ ।

(घ) परिवेश

कथानकको कार्यव्यापार भएको स्थान, समय र क्षेत्र आदिलाई परिवेश भनिन्छ । कथामा वातावरणको अनुकूल अवस्था देखाइएको हुनुपर्छ । त्यसले पाठकलाई यथार्थको आभास दलाउँछ । प्रस्तुत कथामा निश्चित समय र स्थानलाई सङ्केत गरिएको छैन । तर पनि एउटा भीडभाडयुक्त समाजको परिवेश यस कथामा आएको छ । सहरको वातावरणजस्तो पनि प्रतीत हुन्छ किनभने झगडापछि आआफ्नो कोठातिर लागे भन्ने वाक्यांशले सहरमा बसोबास गर्ने समाजको चित्रण गरिएको देखिन्छ । समयको सन्दर्भमा बेलुकीपखको समयलाई लिइएको छ । सहरमा नै बाक्लो बसोबास हुने तथा सानो कुराको सन्दर्भमा पनि ठूलो जमघट उपस्थित हुने गर्दछ । तसर्थ ग्रामीण परिवेशभन्दा सहरको परिवेशलाई उक्त कथाको केन्द्रविन्दु मानिन्छ ।

(ङ) दृष्टिविन्दु

उक्त कथामा प्रथम पुरुषको बहुवचन हाम्रो शब्दको प्रयोग गरिएको छ । तसर्थ प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा कथाकार (हाम्रो) स्वयम्ले कथाको घटनालाई प्रत्यक्ष रूपमा उपस्थित भई आदिदेखि अन्त्यसम्मको घटनाको क्रमलाई

वर्णन गरेको हुनाले पनि आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भनिन्छ । कथाको वर्णनकर्ता अन्य पात्रहरूको जीवनशैली र अवस्था, उमेरलाई स्पष्ट रूपमा व्यक्त गर्न सक्षम रहेको हुनाले अझ प्रमाणित गर्दछ ।

(च) भाषाशैली

'बालख' कथामा कथाकारले पात्रको अवस्थालाई प्रस्तुत गर्ने क्रममा विवरणात्मक शैली अँगालेका छन् । भाषा प्रयोगगत दृष्टिले कथामा सरल, सुबोध्यगम्य, स्पष्ट र सहज बोलीचालीको भाषिक प्रयोगले कथा सशक्त बनेको छ । कथामा झगडाको सन्दर्भले गर्दा नाकटीय ढङ्गमा प्रस्तुत गर्न खोजेको आभास हुन्छ । सुरुमा लामा वाक्यको प्रयोग गरिएको छ । अन्त्यतिर छोटाछोटा वाक्य र बालपात्रहरूबीच एकालापीय संवाद पनि देखाइएको हुनाले भाषाशैली प्रभावकारी बनेको छ ।

(छ) निष्कर्ष

प्रस्तुत कथा एउटा सामाजिक र पारिवारिक घटनामा लेखिएको कथा हो । सहरमा बसोबास गर्ने समाजमा धेरै भीडभाड र छिटो कलह हुने अवस्थालाई सङ्केत गरेको छ । सानो कुरामा पनि व्यापक होहल्ला भएर मानिसहरू एकत्रित भई रमिता हेर्ने दृश्य पनि अगाडि आएको छ । छोराछोरीको बीचमा हुने झगडाको प्रत्यक्ष असर घरका आमाहरूलाई धेरै पर्ने कुराको सङ्केत बालक पिट्टुकी आमा र बालिका पुनुकी आमाबीच भएको द्वन्द्वले प्रमाणित गर्दछ । सरल रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । भाषिक प्रयोगगत दृष्टिले बालबालिकाबीचको एकालापीय वार्तालापले नाटकीयपनको पनि दृश्य देखाइएको छ ।

'बालख' कथाको मूल उद्देश्य केटाकेटीहरूको ससानो क्रियाकलापलाई प्रमुख कारण बनाएर झैझगडा गर्नु व्यर्थ छ भन्ने देखिन्छ । केटाकेटीहरू छिट्टै सानो विषयमा कलह गर्छन् र त्यसको कारण अबोध बुद्धिले गर्दा हो । यसरी झगडा गरे पनि केही समयमा नै पुनर्मिलन हुन्छ । त्यो बालबालिकाको नादानीपन हो । तसर्थ घरका ठूला जानकार अभिभावक बीच कलह गर्नुहुँदैन भन्नु नै यस कथाको निष्कर्ष वा उद्देश्य हो ।

## ४.४ प्रमिला उप्रेतीको गजलको अध्ययन

### ४.४.१ केहि त देऊ

प्रस्तुत गजल **डढेलो** कवितासङ्ग्रहको क्रम सङ्ख्या चौवालीसमा रहेको छ । अन्य कविताका तुलनामा यो अनौठो प्रकारको देखिन्छ तसर्थ यस सिर्जनालाई कविताका रूपमा नलिई गजलका रूपमा लिन सकिन्छ । कवयित्रीले निरन्तरताभन्दा भिन्न शैली अपनाएर गजल विधाको पनि मिश्रण गरिएको यो कवितासङ्ग्रह हो । किनकि गजल बन्नका लागि आवश्यक

पर्ने तत्त्वहरूको संयोजनले गर्दा उक्त रचनाको क्षेत्र निर्धारण गरिएको हो । आधुनिक समयमा तथा नेपाली साहित्यका क्षेत्रमा गजल विधा पनि अत्यन्त लोकप्रिय बन्दै आइरहेको छ । नेपाली साहित्यका क्षेत्रमा माध्यमिक काल मै मोतीराम भट्टले गजललाई प्रवेश गराएका हुन् तथापि उनका गजललाई गजलको सिद्धान्तका कसीमा राखेर हेर्ने हो भने ती अपूर्ण नै मानिन्छन् । त्यसकारणले प्रमिला उप्रेतीद्वारा रचना गरिएको यो सिर्जनालई विभिन्न तरिकाले अध्ययन गरी तथा सैद्धान्तिक पक्षलाई केलाएर उक्त सिर्जनालाई गजल विधामा केन्द्रित गरिएको छ । एउटा गजलको सिर्जनाका लागि विशेषतः रदिफ र काफियाको प्रयोग आवश्यक हुन्छ  भने यस गजलमा पनि रदिफ र काफियाको समावेश गरिएको छ । नमुनाको स्वरूप तल एउटा सेर यस प्रकारको छ :

भाग्य यदि बाँडिए अलिकति देऊ
हैन भने अभाग्य नै केहि थपिदेऊ

माथिको गजलको सेरमा 'कति', 'थपि'जस्ता शब्दको संयोजन गरिएको छ । जसलाई गजलमा काफिया भन्ने गरिन्छ । गजल रचना गर्दा काफियाको प्रयोग अपरिहार्य मानिन्छ । त्यसैगरी अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोगलाई गजलको प्रयोगमा रदिफ भनिन्छ । माथिको गजलमा रदिफको पनि पालना गरिएको छ । प्रत्येक सेरको अन्त्यमा रदिफको प्रयोग आवश्यक मानिने हुनाले प्रस्तुत रचनालाई गजलकै कसीमा राख्न सकिन्छ तसर्थ यो गजल नै हो भन्ने उद्देश्यले त्यसको विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ । यस गजलमा तखल्लुसको प्रयोग भने पाइँदैन ।

यस गजलको शीर्षक 'केही त देऊ' रहेको छ । प्रायः गजलमा शृङ्गारिक विषयको चयन गरिएको हुन्छ । शृङ्गाररसका पनि मूलतः सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार दुई भेदहरू रहेका हुन्छन् । गजलमा शृङ्गाररस हुनु नै पर्छ भन्ने आशय भने होइन । यस गजलमा पनि प्रथम पुरुषको एकवचन 'मेरो' शब्दको प्रयोग गरिएको छ । त्यसैगरी द्वितीय पुरुषको एकवचन 'तिमी'प्रति गजलका सेरहरू सम्बोधित रहेका छन् । जसले गर्दा मेरो र तिमी दुईका बीचमा प्रेमको गन्ध पाइन्छ । अथवा प्रथम पुरुष 'म' ले आफ्ना चाहना आवश्यकता पूर्ति गरिदेऊ भन्दै आग्रह गरको देखिन्छ । त्यो देऊको तात्पर्य के भने भाग्य भए भन्नुको तात्पर्य तिमीसँग खुशी भए त्यस खुशीलाई बाँड, खुशी छैन अथवा अभाग्य मात्रै छ भने त्यो अभाग्य दुःखलाई बाँडिदेऊ भनी एकआपसमा सम्बन्ध अझ दरिलो बनाउन प्रयास गरेको देखिन्छ । भाग्य  र अभाग्यको बाँडफाँड गर्न सके तिम्रो बोझ मेरो सहयोगी बन्थ्यो । मेरो पनि एउटा दिशा निर्धारण हुन्थ्यो अथवा हाँसो बाँड्न सक्थैं । मृत्युलाई वरण गर्न बाध्य हुन्थैं भनी दोस्रो सेरमा भनिएको छ । तिमी अत्यधिक पीडित छौ भने मलाई शत्रु सम्झेर पर हटाऊ किनकि मेरो चाहना, आकाङ्क्षा त तिमीलाई आफ्नो बनाउने हो । यसरी माया, प्रेम हुनपूर्वको क्षणमा

जसरी एउटाले एउटीलाई सम्झन अथवा स्वीकार गर्न कठिन हुन्छ त्यसैगरी बिर्सन पनि त कठिन हुँदो रहेछ । प्रेम बसेपछिको दिनचर्यामा विस्मृतिको कुरै सोच्न नसकिँदो रहेछ भनी तेस्रो सेरमा नायकनायिकाबीचमा वार्तालाप गरिएको छ । चौथो सेरमा विभिन्न कारणहरू देखाएर मसँग तिमी टाढा हुने कोसिस किन गर्दैनौ ? तिमीसँग मेरो चाहना र इच्छा पूर्ति गर्न सामर्थ्य नभए केही आधार लिएर टाढिन पनि त सक्छौ भन्न खोजिएको देखिन्छ । पाँचौँ सेरमा 'म' पनि कुनै बेला तिम्रो नजिक रहन्छु भने कुनै बखत तिम्रो यादमा नै चुर्लुम्म डुबिरहेकी हुन्छु किनभने हरक्षण, हरपल तिम्रो मेरो सान्निध्यता त अवश्य हुँदैन त्यसबेला सम्झनु मात्रै सहारा, सहयोगी बनेर आएको हुन्छ । ती सबै क्षणहरूलाई बिर्सने गरी छुट्कारा देऊ, जसले गर्दा भोलिदेखि बिर्सन कोसिस गर्नेछु । यसरी अन्तिम सेरमा ठीक छ मैले तिमीलाई बिर्सन कोसिस त गर्दैछु तर अझ त्यो बिर्सन खोज्नु त सम्झनालाई बल्झाउनु पो रहेछ । तिमीसँग सधैँ बिताएका क्षणहरूले मलाई पिरोल्दै छ । तिमीसँग भएको शक्तिको प्रयोग गरेर यो मेरो द्विविधामा परेको मनलाई चट्ट चुड्याएर लगिदेऊ जसले गर्दा मलाई सताउने त छैन । यस्तै माया पिरतीका सम्झनामा आउने मनोभावलाई यस गजलका सेरहरूले देखाउन खोजिएको छ ।

माथिको गजलमा संरचनात्मक हिसाबले कफिया र रदिफको प्रयोग भएको छ । गजलमा प्रयोग गरिने बहरको संयोजनले गर्दा गजल अझ प्रभावकारी छ । विषयवस्तु गजल विधाको अनुकूल भएको अथवा शृङ्गाररससँग सम्बन्धित रहेको हुनाले पटकपटक पढौँझैँ लाग्ने खालको छ । सरल सामान्य बोलीमा प्रयोग गरिने सहज बोधगम्य भाषाका साथै स्वाभाविक शब्दविन्यासले गजल रोचक बनेको देखिन्छ । नायकनायिकाका बीचमा आफ्ना मनोभावहरू साटासाट गर्ने उद्देश्यले यो यस गजलको निर्माण भएको छ । उक्त गजलद्वारा प्रेमी र प्रेमिका बीचमा भएका तीता मीठा अथवा आवश्यकता पूर्ति गर्ने कुराले सम्बन्ध पनि टाढिन सक्छ भन्नु नै यस गजलको उद्देश्य हो ।

# पाँचौं परिच्छेद

## उपसंहार

प्रमिला उप्रेतीको जन्म वि. सं. २०११ साल माघ १९ गते भएको थियो । आफ्ना पिता षडानन्द उप्रेती र माता सतीदेवी उप्रेती (खरेल) का पहिलो सन्तानका रूपमा काभ्रे जिल्लाको जुम्लुटारमा उनको जन्म भएको थियो । उनका अन्य दाजुभाइ तथा दिदीबहिनीहरू सात जना थिए । उनको बाल्यकाल काभ्रेमै बितेको पाइन्छ । उनी सबैसँग मिलनसार भएर सानैदेखि रमाउने गर्थिन् । उनको औपचारिक अध्ययन स्थानीय प्रकाश प्राथमिक विद्यालयमा भएको थियो । उनलाई बाल्यकालमा प्रकाश भनेर बेलाउने गरिन्थ्यो । त्यसैकारणले उनका बुबाले प्रकाश नामबाट प्राथमिक विद्यालयको स्थापना गरेका थिए । त्यसपछि माध्यमिक तहको शिक्षा प्राप्त गर्न त्यहीँ श्री फलाटे माध्यमिक विद्यालयमा प्रवेश गरिन् तर संयोगवश बुबाआमाको मोरङ्ग जिल्लाअन्तर्गत विराटनगरमा बसाइँ सर्नु परेको कारणले उनको त्यहाँ माध्यमिक तहको पढाइ पूरा हुन सकेन । तसर्थ उनले विराटनगरमा आफ्नो माध्यमिक स्तरको अध्ययनलाई अगाडि बढाएकी थिइन् । विराटनगरमा श्री महेन्द्र माध्यमिक विद्यालयबाट वि. सं. २०३० सालमा प्रवेशिका उत्तीर्ण गरेकी थिइन् । उच्चशिक्षा अथवा क्याम्पस स्तरको अध्ययनका लागि महेन्द्र मोरङ क्याम्पसमा प्रवेश गरेकी थिइन् । त्यहाँबाट वि. सं. २०३२ सालमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरिन् । त्यसपछि आफ्नो विवाह पनि भइसकेको कारणले गर्दा श्रीमान्सँग बस्नका लागि भारतको दिल्ली पुगिन् । जहाँ उनका श्रीमान् कार्यरत थिए । त्यसैबेला स्नातक तह पत्रचार विषयमा सन् १९९० मा पास गरेकी थिइन् । उनले भारतकै सिमलामा हिमाञ्चल विश्वविद्यालयबाट सन् १९९३ मा हिन्दी विषय लिएर स्नातकोत्तर तह पूरा गरेको पाइन्छ ।

मान्छेको जीवनमा नयाँ मोड सिर्जना गर्ने वैवाहिक बन्धन प्रमिला उप्रेतीको सानो उमेरमा भएको थियो । उनी कक्षा ९ मा अध्ययन गर्दै थिइन् । त्यसैबेला दिल्ली भ्रमणका लागि निधो गरी दिल्ली पुगेकी देखिन्छ । त्यहाँ भारतीय स्टेट बैङ्कमा जागिर खाइरहेका व्यक्ति नेपालको स्याङ्जा जिल्लाका रघुनाथ वाग्लेका कान्छा छोरा टीकाराम वाग्लेसँग वि. सं. २०३० सालमा विवाह सम्पन्न भएको देखिन्छ । उनी आफ्नो शिक्षा पूरा गर्ने उद्देश्यले नेपालको विराटनगर फर्केर पुनः दिल्ली फर्केकी थिइन् । त्यसैबेला वि. सं. २०३४ सालमा श्याम वाग्लेको जन्म भएको थियो । त्यसपछि वि. सं. २०३५ मा भूमिका र नीतिका जुम्ल्याहा छोरीहरूको जन्म भएको पाइन्छ । सन्तानका रूपमा तीन जना मात्र रहेका छन् ।

प्रमिला उप्रेतीको आर्थिक अवस्था बाल्यकालमा बुबाआमाको राम्रो आम्दानी हुने गरेकाले ठिकै रहेको थियो । विवाहपछि श्रीमान् जागिरे भएकाले उनले आर्थिक अभाव खप्नु परेन । उनी आफू पनि जागिरे भएपछि सामान्य खर्च चलाउन गाह्रो भएन । उनी अहिले पनि रेडियो नेपालमा कार्यरत छिन् । नेपाली महिलाहरूले लगाउने साडी, चोलो र कुर्था सुरुवालले उनलाई राम्रो परिधानमा देखिन्छ । सामान्य हिसाबले अन्य कुरामा उनको रुचि रहे तापनि विशिष्ट रुचि साहित्यसिर्जनामा देखिन्छ । उनको धर्मप्रति पनि दृष्टिकोण राम्रो देखिन्छ । उनी भन्ने गर्दछिन् : "धर्मले कसैको कुभलो गर्दैन" जसले गर्दा धर्मप्रतिको झुकाव रहेको देखिन्छ । उनको काम गर्ने रहरले गर्दा रेडियो नेपलामा प्रवेश गर्नुभन्दा पूर्व हुलाकमा काम गरेकी थिइन् । २०३१ सालदेखि उनी सरकारी जागिरेका रूपमा रेडियो नेपालमा कार्यरत रहेकी छन् । राजनीतिप्रति धेरै झुकाव रहेका छैन तर पनि विश्वेश्वरप्रसाद कोइरालाको दर्शनप्रति झुकाव राख्छिन् । उनी मानवतावादी विचारधारा प्रिय दर्शन भन्ने गर्दछिन् ।

प्रमिला उप्रेती विराटनरमा अवस्थित भानुकला केन्द्र र काठमाडौँमा त्रिमूर्ति निकेतनमा आबद्ध रहेकी छन् । उनको वैयक्तिक धारणा नारीहरू आफैँमा सक्षम बन्नुपर्ने आवश्यकता हुन्छ तथा महिलाहरू सक्षम भएमा पुरुषले सहयोग नै गर्छन् भन्ने उनको धारणा रहेको छ । उनले आफ्नो जीवनको आरोह अवरोहमा अनेक कष्टको सामना गरे तापनि ठ्याक्क यही कुराले दुःख र यही कुराले सुखी तुल्याएको भन्न सक्दिनन् । उनी आफ्नो लेखनको प्रेरणा र साहित्यप्रतिको आकर्षणको श्रेय आफ्ना आमाबुबालाई नै दिन्छिन् । जब उनी सानी थिइन् त्यसबेला बुबाआमाले रामायण र महाभारतको पठनले गर्दा आकर्षित भएकी थिइन् । उनको वि. सं. २०३३ मा विराटनगरबाट प्रकाशित हुने **प्रयोग** नामक पत्रिकामा 'पप्पुको बुबा' र 'बालक' शीर्षक कथाहरू प्रकाशित भएका छन् । वि. सं. २०६३ मा नइ प्रकाशनबाट **डढेलो** कवितासङ्ग्रह प्रकाशित अवस्थामा रहेको छ । उनको कथाहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

प्रमिला उप्रेती एक सहनशील नारी हुन् । उनको आफ्नो जीवनको व्यक्तित्व निर्माणमा अनेकौँ चुनौतीहरू आइपरेका थिए तर पनि सङ्घर्ष गर्दै अगाडि बढेको पाइन्छ । उनको साहित्यिक व्यक्तित्व कविता, गीत, कथा र नाटकहरू बाहिर आइसकेका छन् । साहित्येतर व्यक्तित्वअन्तर्गत उनी समयअनुसार सङ्घसंस्था र गोष्ठीमा आफ्नो उपस्थिति जनाउँदै आएकी छन् । उनको विशेषता भनेको वक्तृता, अध्यापन, समाचारवाचन र अनुवाद गर्नु रहेको छ । उनी समयसमयमा गीत पनि रचना गर्ने गर्दछिन् । उनको गीत वि. सं. २०१३ सालमा रेडियो नेपालमा सर्वप्रथम रेकर्ड भएको थियो । नाटकका क्षेत्रमा पनि उप्रेतीले कलम चलाउनु भएको पाइन्छ । उनको 'भाइतिहार' शीर्षकको नाटक पनि प्रसारणमा आइसकेको देखिन्छ तर दुःखको कुरा सङ्ग्रहमा अथवा सुरक्षित भने हुन सकेको छैन । यसैगरी उनको कथालेखन पनि सशक्त नै

देखिन्छ । उनका 'पप्पुको बुबा' र 'बालख' कथाहरू प्रकाशनमा आइसकेका छन् भने अन्य कथाहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

विभिन्न विधामा कलम चलाउन सफल देखिएकी उप्रेतीले कवितामा आफ्ना भावनाहरू पोखेकी छन् । उनका कविताहरू **डढेलो** सङ्ग्रहमा सुरक्षित छन् । उनले आफ्ना भावनाहरू पोख्ने माध्यम साहित्य विधा कवितामा सफलता प्राप्त गरेकी छन् । आफ्ना कवितामा उप्रेतीले नेपालको सुन्दर प्रकृतिको मार्मिक भावनाहरू लेखेकी छन् । उनको स्वभाव तथा बाल्यकाल नै काभ्रेको जुम्लुटारमा व्यतीत भएका कारणल गर्दा अझ प्रभावकारी छ । प्रकृतिको काखमा हरियाली पूर्ण वातावरण तथा स्वच्छ नदी, पवित्र स्थल र पहाडमा फुल्ने गुराँसको चर्चा गरेकी छन् । वनजङ्गलमा रमाउने चराचुरुङ्गीहरू कर्णप्रिय कलकल ध्वनिले कवयित्रीको मन अझ पग्लिएको छ । वर्तमान बढ्दो विकृतिपूर्ण अवस्थालाई पनि उनले आत्मसात् गरेकी छन् । मनमा खेल्ने अनेकौं रहर, इच्छा, चाहना र अभिलाषाले उनको मनमा पारेको प्रभाव तथा अपूर्ण भएका तीव्र चाहनालाई पनि व्यक्त गरिएको छ । उनले आफ्ना कविताका हरफहरूमा मानिसको अनन्त सहयात्री, माया, प्रेमलाई पनि उक्तिकै सशक्त रूपले व्यक्त गरेकी छन् । जीवन भोगाइका पूर्वार्ध चरणका सोच जुन मान्छेको पनि असीमित हुन्छन् । ती सोच, कल्पना र आकाङ्क्षालाई पूरा गर्नका लागि आशाका तन्तुमा जीवन निर्वाह भइरहेको अवस्थालाई चित्रण गरेकी छन् । यसै क्रममा उनले जीवनको उत्तरार्ध चरण अथवा विवाह तथा विवाहपश्चात्का तीतामीठा क्षणलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न सक्नु उनको अर्को प्रतिभा हो । जिन्दगीका सोपानमा कहिल्यै चाहेको इच्छा पूर्ति गर्न नसकेको र इच्छा पूर्ति गर्न हर कोसिसमा विफल भएको छ । त्यसैले होला उनी कहीँकहीँ निराशावादी पनि देखिएकी छन् भने प्रायः कवितामा आशावादी दृष्टिकोण राखेकी छिन् । सम्पूर्ण कविताको अध्ययनपछि उनले जीवन एउटा सङ्घर्ष हो तसर्थ सदैव डटेर अगाडि बढ्नुपर्छ भन्ने मूल उद्देश्य राखेकी छन् ।

प्रमिला उप्रेती कथाकारका रूपमा पनि परिचित छन् । उनले लघुकथालाई साहित्य साधनाको अर्को आधार बनाएकी छन् । उनका लघुकथा 'पप्पुको कथा' र 'बालख' शीर्षकका रहेका छन् । उक्त कथाहरूमध्ये पहिलो कथामा कथाकारले पारिवारिक प्रेमलाई देखाइएको छ । कथामा गृहस्थ जीवन निर्वाह गर्ने क्रममा आफ्नो आर्थिक अवस्थाले पुऱ्याएको असरलाई देखाउन खोजेकी छन् तर पनि छोराछोरी श्रीमतीको मायाले गर्दा कोही पनि परिवारबाट टाढा जान सक्दैन भन्ने कुराहरू देखाइएको छ । अर्को कथा 'बालख' मा सामाजिक परिवेशमा केटाकेटीको स्वभावले गर्दा कलहको बीजारोपण गर्न सक्छन् भन्ने कुरालाई देखाइएको छ । त्यही केटाकेटीको जिम्मेवारी वहन गर्ने आमाबुबाप्रति द्वन्द्व चल्ने, कलह बढ्ने हुनाले साना कुराले पनि ठूलो क्षति हुने सम्भावनालाई देखाउनु नै उनका कथाको उद्देश्य हो ।

# सन्दर्भसामग्रीसूची


उपाध्याय, केशवप्रसाद, **मोतीरामको व्यक्तित्व र योगदान,** काठमाडौँ : मोती स्मृति ग्रन्थ, २०३९ ।

उप्रेती, प्रमिला, **डढेलो**, काठमाडौँ : नइ प्रकाशन, २०६२ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन, २०४९ ।

नेपाल, देवी, **छन्दपराग**, काठमाडौँ : भुँडी पुराण, २०६६ ।

नेपाल, वीरेन्द्र, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर, २०६४ ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, ललितपुर : साझा प्रकाशन, २०४४ ।

प्रसाई, नरेन्द्रराज, **नारीचुली**, काठमाडौँ : नइ प्रकाशन, २०६३ ।

भट्टराई, यजुर्वेदानन्दप्रसाद, **सी. पी. गजुरेल गौरवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०६६ ।

लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६१ ।

विश्वनाथ, **साहित्यदर्पण**, वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८३ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४,** दो. सं., ललितपुर : साझा प्रकाशन, २०६० ।

.................., **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, ते. सं., काठमाडौँ : पालुवा प्रकाशन ।